"चौदण्डीगढी नगरको समृद्धिको आधारः कृषि, शिक्षा र स्वास्थ्यमा विकास"

**चौदण्डीगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेल्टार, उदयपुर, कोशी प्रदेश, नेपाल**

# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०८२/८३ – २०८४/८५)

# अन्तिम प्रतिवेदन

# विषयसूची


परिच्छेद – १: परिचय १

१.१ पृष्ठभूमि १

१.२ अवधारणा तथा उद्देश्य १

१.३ कानूनी तथा संस्थागत व्यवस्था २

१.३.१ संस्थागत व्यवस्था ३

१.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ३

१.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल ४

१.३.४ विषयगत योजना तर्जुमा समितिहरू ४

१.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति ५

१.४ तर्जुमा प्रक्रिया ५

१.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण ५

परिच्छेद – २: मध्यमकालीन खर्च संरचना ७

२.१ पृष्ठभूमि ७

२.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ७

२.३ मध्यमकालीन आर्थिक खाका ८

२.४ मध्यमकालीन नतिजा खाका ९

२.५ मध्यमकालीन बजेट खाका ११

२.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट १२

२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण १३

२.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३

२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

२.६.४ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

२.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

परिच्छेद – ३: आर्थिक क्षेत्र १७

३.१ कृषि, मत्स्य, पशुपंक्षी तथा जडीबुटी १७

३.१.१ पृष्ठभूमि १७

३.१.२ समस्या तथा चुनौती १७

३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १८

३.१.४ रणनीति १८

**३.२ जडीबुटी** **१८**
    ३.२.१ रणनीति १८
**३.३ पशुपंक्षी विकास तथा मत्स्यपालन** **१९**
    ३.३.१ पृष्ठभूमि १९
    ३.३.२ समस्या तथा चुनौती १९
    ३.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १९
    ३.३.४ रणनीति २०
**३.४ कार्यक्रमको संक्षिप्त विवरण** **२०**
**३.५ जोखिम पक्ष तथा अनुमान** **२३**
**३.६ उद्योग, वाणिज्य, खानी, खनिज तथा आपूर्ति** **२३**
    ३.६.१ पृष्ठभूमि २३
    ३.६.२ समस्या तथा चुनौती २३
    ३.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य २३
    ३.६.४ रणनीति २४
    ३.६.५ कार्यक्रमको संक्षिप्त विवरण २४
    ३.६.६ जोखिम पक्ष तथा अनुमान २५
**३.७ पर्यटन** **२६**
    ३.७.१ पृष्ठभूमि २६
    ३.७.२ समस्या तथा चुनौती २६
    ३.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २६
    ३.७.४ रणनीति २७
    ३.७.५ कार्यक्रमको संक्षिप्त विवरण २७
    ३.७.६ जोखिम पक्ष तथा अनुमान २९
**३.८ भूमि व्यवस्थापन (भू–उपयोग)** **२९**
    ३.८.१ पृष्ठभूमि २९
    ३.८.२ समस्या तथा चुनौती २९
    ३.८.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २९
    ३.८.४ रणनीति ३०
    ३.८.५ कार्यक्रमको संक्षिप्त विवरण ३०
    ३.८.६ जोखिम पक्ष तथा अनुमान ३१
**३.९ सहकारी** **३१**
    ३.९.१ पृष्ठभूमि ३१
    ३.९.२ समस्या तथा चुनौती ३२
    ३.९.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३२

३.९.४ रणनीति ३२
३.९.५ कार्यक्रमको संक्षिप्त विवरण ३२
३.९.६ जोखिम पक्ष तथा अनुमान ३३
**३.१० बैङ्क तथा वित्तीय क्षेत्र ३४**
३.१०.१ पृष्ठभूमि ३४
३.१०.२ समस्या तथा चुनौती ३४
३.१०.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ३४
३.१०.४ रणनीति ३४
३.१०.५ कार्यक्रमको संक्षिप्त विवरण ३५
३.१०.६ जोखिम पक्ष तथा अनुमान ३५
**३.११ गरिबी निवारण ३५**
३.११.१ पृष्ठभूमि ३५
३.११.२ समस्या तथा चुनौती ३६
३.११.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ३६
३.११.४ रणनीति ३६
३.११.५ कार्यक्रमको संक्षिप्त विवरण ३७
३.११.६ जोखिम पक्ष तथा अनुमान ३८
**परिच्छेद – ४: सामाजिक क्षेत्र ४५**
**४.१ शिक्षा, विज्ञान तथा प्रविधि ४५**
४.१.१ पृष्ठभूमि ४५
४.१.२ समस्या तथा चुनौती ४५
४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ४६
४.१.४ रणनीति ४६
४.१.५ कार्यक्रमको संक्षिप्त विवरण ४६
४.१.६ जोखिम पक्ष तथा अनुमान ५०
**४.२ स्वास्थ्य ५१**
४.२.१ पृष्ठभूमि ५१
४.२.२ समस्या तथा चुनौती ५१
४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५२
४.२.४ रणनीति ५२
४.२.५ कार्यक्रमको संक्षिप्त विवरण ५२
४.२.६ जोखिम पक्ष तथा अनुमान ५६
**४.३ संस्कृति, भाषा, कला तथा साहित्य ५६**
४.३.१ पृष्ठभूमि ५६

४.३.२ समस्या तथा चुनौती ५६
४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५७
४.३.४ रणनीति ५७
४.३.५ कार्यक्रमको संक्षिप्त विवरण ५७
४.३.६ जोखिम पक्ष तथा अनुमान ५९

**४.४ लैङ्गिक समानता, ज्येष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण ५९**

४.४.१ पृष्ठभूमि ५९
४.४.२ समस्या तथा चुनौती ५९
४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५९
४.४.४ रणनीति ६०
४.४.५ कार्यक्रमको संक्षिप्त विवरण ६०
४.४.६ जोखिम पक्ष तथा अनुमान ६३

**४.५ बालबालिका ६३**

४.५.१ पृष्ठभूमि ६३
४.५.२ समस्या तथा चुनौती ६४
४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६४
४.५.४ रणनीति ६५
४.५.५ कार्यक्रमको संक्षिप्त विवरण ६५
४.५.६ जोखिम पक्ष तथा अनुमान ६६

**४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार ६६**

४.६.१ पृष्ठभूमि ६६
४.६.२ समस्या तथा चुनौती ६७
४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६७
४.६.४ रणनीति ६७
४.६.५ कार्यक्रमको संक्षिप्त विवरण ६८
४.६.६ जोखिम पक्ष तथा अुनमान ७०

**४.७ खेलकुद तथा मनोरञ्जन ७०**

४.७.१ पृष्ठभूमि ७०
४.७.२ समस्या तथा चुनौती ७१
४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७१
४.७.४ रणनीति ७१
४.७.५ कार्यक्रमको संक्षिप्त विवरण ७१
४.७.६ जोखिम पक्ष तथा अनुमान ७२

### ४.८ सामाजिक सुरक्षा ७२
४.८.१ पृष्ठभूमि ७२
४.८.२ समस्या तथा चुनौती ७३
४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य ७३
४.८.४ रणनीति ७४
४.८.५ कार्यक्रमको संक्षिप्त विवरण ७४
४.८.६ जोखिम पक्ष तथा अनुमान ७५

### ४.९ शान्ति सुरक्षा ७५
४.९.१ पृष्ठभूमि ७५
४.९.२ समस्या तथा चुनौती ७५
४.९.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ७५
४.९.४ रणनीति ७६
४.९.५ कार्यक्रमको संक्षिप्त विवरण ७६
४.९.६ जोखिम पक्ष तथा अनुमान ७६

### ४.१० शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन ७७
४.१०.१ पृष्ठभूमि ७७
४.१०.२ समस्या तथा चुनौती ७७
४.१०.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७७
४.१०.४ रणनीति ७७
४.१०.५ कार्यक्रमको संक्षिप्त विवरण ७८
४.१०.६ जोखिम पक्ष तथा अनुमान ७८

## परिच्छेद – ५: पूर्वाधार विकास ८८

### ५.१ खानेपानी तथा सरसफाई ८८
५.१.१ पृष्ठभूमि ८८
५.१.२ समस्या तथा चुनौती ८८
५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ८८
५.१.४ रणनीति ८९
५.१.५ कार्यक्रमको संक्षिप्त विवरण ८९
५.१.६ जोखिम पक्ष तथा अनुमान ९१

### ५.२ सिँचाई ९१
५.२.१ पृष्ठभूमि ९१
५.२.२ समस्या तथा चुनौती ९२
५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ९२
५.२.४ रणनीति ९२

५.२.५ कार्यक्रमको संक्षिप्त विवरण ९२
५.२.६ जोखिम पक्ष तथा अनुमान ९३
**५.३ ऊर्जा ९४**
५.३.१ पृष्ठभूमि ९४
५.३.२ समस्या तथा चुनौती ९४
५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ९४
५.३.४ रणनीति ९४
५.३.५ कार्यक्रमको संक्षिप्त विवरण ९५
५.३.६ जोखिम पक्ष तथा अनुमान ९६
**५.४ सडक तथा यातायात ९६**
५.४.१ पृष्ठभूमि ९६
५.४.२ समस्या तथा चुनौती ९६
५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ९६
५.४.४ रणनीति ९७
५.४.५ कार्यक्रमको संक्षिप्त विवरण ९७
५.४.६ जोखिम पक्ष तथा अनुमान ९८
**५.५ आवास, भवन तथा बस्ती विकास ९९**
५.५.१ पृष्ठभूमि ९९
५.५.२ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ९९
५.५.३ रणनीति ९९
५.५.४ कार्यक्रमको संक्षिप्त विवरण १००
५.५.५ जोखिम पक्ष तथा अनुमान १०१
**५.६ सूचना तथा सञ्चार १०१**
५.६.१ पृष्ठभूमि १०१
५.६.२ समस्या तथा चुनौती १०२
५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य १०२
५.६.४ रणनीति १०२
५.६.५ कार्यक्रमको संक्षिप्त विवरण १०२
५.६.६ जोखिम पक्ष तथा अनुमान १०३
**परिच्छेद – ६: वातावरण तथा विपद् व्यवस्थापन १०७**
**६.१ वन तथा भू–संरक्षण १०७**
६.१.१ पृष्ठभूमि १०७
६.१.२ समस्या तथा चुनौती १०७
६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य १०७

६.१.४ रणनीति १०८
६.१.५ कार्यक्रमको संक्षिप्त विवरण १०८
६.१.६ जोखिम पक्ष तथा अनुमान १०९
**६.२ जलाधार व्यवस्थापन १०९**
६.२.१ पृष्ठभूमि १०९
६.२.२ समस्या तथा चुनौती ११०
६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ११०
६.२.४ रणनीति ११०
६.२.५ कार्यक्रमको संक्षिप्त विवरण ११०
६.२.६ जोखिम पक्ष तथा अनुमान १११
**६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन १११**
६.३.१ पृष्ठभूमि १११
६.३.२ समस्या तथा चुनौती ११२
६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ११२
६.३.४ रणनीति ११२
६.३.५ कार्यक्रमको विस्तृत विवरण ११३
६.३.६ जोखिम पक्ष तथा अनुमान ११४
**६.४ वातावरण संरक्षण ११४**
६.४.१ पृष्ठभूमि ११४
६.४.२ समस्या तथा चुनौती ११४
६.४.४ रणनीति ११५
६.४.५ कार्यक्रमको विस्तृत विवरण ११५
६.४.६ जोखिम पक्ष तथा अनुमान ११६
**परिच्छेद – ७: संस्थागत विकास सेवा प्रवाह तथा ११९**
**७.१ सुशासन तथा सेवा प्रवाह ११९**
७.१.१ पृष्ठभूमि ११९
७.१.२ समस्या तथा चुनौती ११९
७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ११९
७.१.४ रणनीति १२०
७.१.५ कार्यक्रमको संक्षिप्त विवरण १२०
७.१.६ जोखिम पक्ष तथा अनुमान १२०
**७.२ मानव अधिकार तथा सामाजिक न्याय १२१**
७.२.१ पृष्ठभूमि १२१
७.२.२ समस्या तथा चुनौती १२१

७.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य १२१
७.२.४ रणनीति १२१
७.२.५ कार्यक्रमको संक्षिप्त विवरण १२१
७.२.६ जोखिम पक्ष तथा अनुमान १२२
**७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन १२२**
७.३.१ पृष्ठभूमि १२२
७.३.२ समस्या तथा चुनौती १२३
७.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य १२३
७.३.४ रणनीति १२३
७.३.५ कार्यक्रमको संक्षिप्त विवरण १२३
७.३.६ जोखिम पक्ष तथा अनुमान १२४

# तालिका सूची


तालिका नं. १: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य ८

तालिका नं. २: समष्टिगत मध्यमकालीन नतिजा खाका ९

तालिका नं. ३: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण ११

तालिका नं. ४: रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण १३

तालिका नं. ५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

तालिका नं. ६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

तालिका नं. ७: लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

तालिका नं. ८: जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

# परिच्छेद – १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना आवधिक योजना र सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेट बिच तादाम्यता कायम गराउने हुँदा यसलाई योजना र बजेट बिचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ । यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनमा स्रोत विनियोजनको सुनिश्चितता गर्दछ । कार्यान्वयन इकाईलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ । सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पूँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ। उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा चौदण्डीगढी नगरपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो ।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा चौदण्डीगढी नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना समेतलाई मध्यनजर गरिएको छ । नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्ग निर्देशक दस्तावेजको रुपमा लिइएको छ ।

## १.२ अवधारणा तथा उद्देश्य

सीमित स्रोत र साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना तर्जुमा अत्यन्तै महत्वपूर्ण हुन्छ । यसले स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्न मद्दत गर्छ । मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत अनुमान तर्फ आन्तरिक राजश्व, संघीय र प्रादेशिक सरकारबाट विभिन्न शिर्षकमा प्राप्त हुने राजश्व बाँडफाँट र अनुदानको आँकलन गरिएको छ । समष्टिगत स्रोतको आँकलन गरी विषय क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकताको आधारमा खर्चको अनुमान सहितको त्रिवर्षीय बजेट खाका समेत निर्माण गरिएको छ । कार्यक्रम/आयोजनालाई नतिजा तथा प्रतिफलमा आधारित बनाउनका लागि मध्यमकालीन

नतिजा खाका समेत समावेश गरिएको छ । समष्टिगत आर्थिक स्थायित्व, वित्तीय सुशासन र नतिजामूलक विकास व्यवस्थापन मार्फत विकासको प्रतिफल सबै नगरपालिकाबासीलाई समतामूलक तवरले वितरण गर्न सार्वजनिक स्रोतको अनुमान, विनियोजन र कार्यान्वयनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ । यसमा चालु आर्थिक वर्षको यथार्थ विनियोजन र आगामी दुई आर्थिक वर्षको स्रोत अनुमान समावेश गरिएको छ ।

### उद्देश्यहरू

मध्यमकालीन खर्च संरचना तर्जुमाको उद्देश्य आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबिच तादाम्यता कायम गरी सीमित स्रोत साधनको महत्तम उपयोग गर्नु, स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन प्रभावकारी बनाउँदै आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम गर्नु हो । यसका अन्य उद्देश्य देहाय अनुसार रहेका छन् :

१. पालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आदिको वास्तविक अनुमान सहित यथार्थमा आधारित बजेट खाका तर्जुमा गर्नु ।

२. प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत सुनिश्चित गर्नु ।

३. मध्यावधि मुल्याङ्कनद्वारा कार्यान्वयन कुशलता र नतिजा प्राप्ति उन्मुखताको विश्लेषण गर्नु ।

४. तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने सबै निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु ।

## १.३ कानूनी तथा संस्थागत व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । दफा १७ को उपदफा (२) मा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसारको विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छ :

१. प्रस्तावित योजनाको उद्देश्य,

२. प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न र खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,

३. प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,

४. प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

५. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँग तादाम्यता,

७. सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको,

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको समेत स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै नगरपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना बनाउनु आवश्यक छ ।

## १.३.१ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबिच तादाम्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :

## १.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :

(क) पालिकाको आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ख) प्रक्षेपण गरिएको कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको बजेट सीमा निर्धारण गर्ने,

(ग) कार्यक्रम तथा आयोजनाहरु छनौट गरी प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्ने,

(घ) बजेट सीमा स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) पालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने ।

## १.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल

नगरपालिकामा मध्यमकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमको एक कार्य दल रहन्छ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आँकलन, शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयारी तथा समन्वय र सहजीकरण गर्दछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | – संयोजक |
| (ख) | विषयगत शाखा प्रमुखहरू | – सदस्य |
| (ग) | योजना शाखा प्रमुख | – सदस्य सचिव |

मध्यमकालीन खर्च संरचना तयारी गर्दा कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

## १.३.४ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शन भित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुन : प्राथमिकिकरण गरी पेश गर्ने कार्य विषयगत समितिले गर्दछन् । यसका अलावा मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिले देहाय बमोजिमका कार्यहरू सम्पादन गरी मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :

१. नगरपालिकाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने ।

२. कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरणको आधार तयार गर्ने ।

३. प्राथिमकता निर्धारण गरिएका कार्यक्रम तथा आयोजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्ने ।

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने ।

ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

### १.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ ।

(क) मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्ने,

(ख) पालिकाको आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्ने,

(ग) गत वर्षहरुको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी पालिकाको आर्थिक खाका तयार गर्ने,

(घ) आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोत पुस्तिका लगायतका आधारमा तय भएको त्रिवर्षिय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने,

(ङ) आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने ।

## १.४ तर्जुमा प्रक्रिया

### १.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिकाको अवलम्बन गरिएको छः

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमूखीकरण | फागुन मसान्त | कार्यदल |

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ ५ गते भित्र | कार्यदल/विषयगत समिति |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| समितिमा छलफल | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट | असार मसान्तभित्र | योजना शाखा |

यसैबिच देहायका चरणहरु पुरा गरी चौदण्डीगढी नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयारी गरिएको छ ।

**चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा**

↓

**त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन**

↓

**बजेट सीमा निर्धारण तथा बाँडफाँट**

↓

**बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण**

↓

**विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी**

↓

**विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल**

↓

**मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

↓

**मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

# परिच्छेद – २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउँछ । सोह्रौँ आवधिक योजना (२०८१/८२–२०८५/८६) तथा कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२– २०८५/८६) ले तय गरेका सोचहरु क्रमश"सुशासन, सामाजिक न्याय र समृद्धि" तथा "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को सोचलाई यथार्थमा परिणत गराउन चौदण्डीगढी नगरपालिकाले "चौदण्डीगढी नगरको समृद्धिको आधारः कृषि, शिक्षा र स्वास्थ्यमा विकास" को सोच सहित आवधिक योजना (२०७९) तर्जुमा गरेको छ । त्यसैगरी उपलब्ध स्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८२/८३– २०८४/८५) तयार गरिएको छ ।

चौदण्डीगढी नगरपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य तथा नगरपालिकाले तर्जुमा गरेको आवधिक योजनाको समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ । यसैगरी आन्तरिक र बाह्य स्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ । आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैङ्गिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ ।

## २.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

| दीर्घकालीन सोच |
|---|
| "चौदण्डीगढी नगरको समृद्धिको आधारः कृषि, शिक्षा र स्वास्थ्यमा विकास" |
| **लक्ष्य** |
| नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकासमा अभिवृद्धि गरी नगरबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ नगरपालिकाको सामाजिक, आर्थिक, मानवीय विकास समावेशी, गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई नगरपालिकाबासीको जीवनयापन सहज तथा सुरक्षित गर्नु । |

| प्रमुख रणनीतिहरु |
|---|
| ▪ कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण तथा औद्योगिकरणद्वारा दिगो, उत्पादन, रोजगारी तथा आय वृद्धि गर्ने । |

| प्रमुख रणनीतिहरु |
|---|
| ▪ कला र संस्कृतिको जर्गेना गर्दै पर्यटन व्यवसायको प्रवर्द्धन गरी रोजगारी तथा आयमा वृद्धि गर्ने । |
| ▪ व्यवसायिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण तथा सशक्तिकरणको प्रवर्द्धन मार्फत स्वस्थ, सिर्जनशील, सिपयुक्त र सभ्य मानव शक्तिको विकास गर्ने । |
| ▪ व्यवस्थित यातायात, बजार र सुरक्षित आवास तथा सञ्चारका पूर्वाधार विकासको माध्यमबाट अन्तरसम्बन्ध विकास, बजार तथा आधारभूत सुविधाको स्तर र पहुँच वृद्धि गर्ने । |
| ▪ जलस्रोत, वायु तथा सौर्य स्रोतको अधिकतम परिचालनबाट प्रचुर मात्रामा उर्जा उत्पादन गरी औद्योगिक विकास तथा उत्पादन कार्यलाई सहज बनाउने । |
| ▪ वातावरण विकास, जलवायु परिवर्तन अनुकुलन तथा जैविक विविधता संरक्षणलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी र दिगो बनाउने । |
| ▪ विपद् व्यवस्थथापनका लागि पूर्व तयारी, प्रतिकार्य, उद्धार कार्य र पुर्नस्थापना कार्यको सम्पूर्ण क्षमतामा अभिवृद्धि गरी विकास तथा जनजीवनलाई विपद् जोखिमयुक्त बनाउने । |
| ▪ अन्तर सरकार, निजी क्षेत्र र नागरिक समाजको साझेदारी र सहशासनको माध्यमद्धारा स्थानीय स्रोत परिचालन र विकास व्यवस्थापनमा सुशासन प्रवर्द्धन गर्दै विकासको गतिलाई तीव्र बनाउने । |

## २.३ मध्यमकालीन आर्थिक खाका

नगरपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, साँस्कृतिक स्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमूखी व्यवसायिक कृषि, उद्योग र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण सहितको आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको स्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १:** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | वार्षिक उत्पादन | रू. लाखमा | | | | | |
| १.१ | कृषि | रू. लाखमा | | | | | |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | | | | | |
| २. | औषत पारिवारिक आय | रू. लाखमा | | | | | |
| ३. | उद्योग, व्यापार र व्यवसाय | संख्या | | | | | |

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | |

## २.४ मध्यमकालीन नतिजा खाका

संघीय सरकारको सोह्रौँ आवधिक योजना, कोशी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, नगरपालिकाको पार्श्वचित्र तथा आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी यस नगरपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरिएको छ । यस अन्तर्गत गत आर्थिक वर्षको वास्तविक उपलब्धि चालु आ.व. को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ ।

**तालिका नं. २:** समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | गत आ.व.को वास्तविक उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | आ.व. २०८३/८४ को लक्ष्य | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ३.५* | ३.७ | ३.९ | ४.२ | ४.५ |
| २ | प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १४५६* | १४७६* | १४५८६* | १४९६* | १५०० |
| ३ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३* | १८.३* | १७.५* | १६.०* | १५ |
| ४ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५* | ३९.५* | ४०.५* | ४२.५* | ४३ |
| ५ | बेरोजगारी दर | प्रतिशत | | | | | |
| ६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५* | ३७.५* | ३८.५* | ३९.५* | ४० |
| ७ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९६.७* | ९६.९* | ९७.३* | ९७.७* | ९८ |
| ९ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८५* | ८६* | ८७* | ८८* | ८९ |
| १० | इन्टरनेट प्रयोगकर्ता कुल परिवार | प्रतिशत | | | | | |
| ११ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७०.५* | ७०.५* | ७०.७* | ७०.९* | ७१ |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | गत आ.व.को वास्तविक उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | आ.व. २०८३/८४ को लक्ष्य | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १२ | मातृ मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | १५०* | १४५* | १४०* | १३५* | १३० |
| १३ | पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | ३३* | ३१* | २९* | २७* | २६ |
| १४ | ४ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | | | | | |
| १५ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.३* | ७७.३* | ७८६.३* | ७९.३* | ८० |
| १६ | माध्यमिक तह (९–१२) मा खुद भर्नादर | प्रतिशत | | | | | |
| १७ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | | | | |
| १८ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | २५.८* | २५.९* | २६.८* | २५.९* | २७ |
| १९ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | ३२* | ३३* | ३५* | ३७* | ४० |
| २० | लैङ्गिक विकास सूचकांक | सूचकांक | ०.८८५* | ०.८८५* | ०.८८६* | ०.८८७* | ०.८८७ |
| २१ | मनव विकास सूचकांक | सूचकांक | ०.६०१* | ०.६०२* | ०.६०३* | ०.६०४* | ०.६०७ |
| २२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | | | | | |
| २३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पिडित महिला | प्रतिशत | | | | | |
| २४ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | | | | | |
| २५ | सिंचित क्षेत्रफल | प्रतिशत | | | | | |
| २६ | पक्की सडकमा पहुँच भएको घरपरिवार | प्रतिशत | | | | | |
| २७ | लैङ्गिक असमानता सूचक | सूचकांक | | | | | |

*स्रोतः सोह्रौँ योजना*

## २.५ मध्यमकालीन बजेट खाका

चौदण्डीगढी नगरपालिकाको आन्तरिक स्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका स्रोत समेटी नगरपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने रकमलाई तलको तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण

| विवरण | आ.व. २०८१/८२ को यथार्थ | चालुआ.व. २०८२/८३ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | ०८३/८४ को प्रक्षेपण | ०८४/८५ को प्रक्षेपण | ०८५/८६ को प्रक्षेपण |
| बजेट अनुमान | **८१९५७९६६०** | ८२११८८८६२ | ९०३३०७७४८.२ | ९९३६३८५२३ | १०९३००२३७५ |
| चालु खर्च | ५९३८५४३९६ | ५९६८६५०६२ | ६५६५५१५६८.२ | ७२२२०६७२५ | ७९४४२७३९७.५ |
| पुँजीगत खर्च | २२५७२५२६४ | २२४३२३८०० | २४६७५६१८० | २७१४३१७९८ | २९८५७४९७७.८ |
| आय अनुमान | ८१९५७९६६० | ८२११८८८६२ | ९०३३०७७४८.२ | ९९३६३८५२३ | १०९३००२३७५ |
| आन्तरिक आय | **७९१७६५८६** | **६४७१७२६३** | ७११८८९८९.३ | ७८३०७८८८.२३ | ८६१३८६७७.०५ |
| राजस्व बाँडफाँट बाट प्राप्त रकम | **१६३८३०५७४** | **१६९०४३५९९** | १८५९४७९५८.९ | २०४५४२७५४.८ | २२४९९७०३०.३ |
| क. नेपाल सरकार | १४५१५०००० | १५६१४७५९९ | १७१७६२३५८.९ | १८८९३८५९४.८ | २०७८३२४५४.३ |
| ख. प्रदेश सरकार | १८६८०५७४ | १२८९६००० | १४१८५६०० | १५६०४१६० | १७१६४५७६ |
| रोयल्टी बाँडफाँट | | | ० | ० | ० |
| क. वन रोयल्टी | | | ० | ० | ० |
| नेपाल सरकार वित्तीय हस्तान्तरण | **५३७००१५००** | **४९०७००००००** | ५३९७७०००० | ५९३७४७००० | ६५३१२१७०० |
| क. वित्तीय समानीकरण अनुदान | १४१५००००० | १४४४००००० | १५८८४०००० | १७४७२४००० | १९२१९६४०० |
| ख. सशर्त अनुदान चालु | ३३६२३०५०० | ३३६३००००० | ३६९९३०००० | ४०६९२३००० | ४४७६१५३०० |

| विवरण | आ.व. २०८१/८२ को यथार्थ | चालुआ.व. २०८२/८३ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | ०८३/८४ को प्रक्षेपण | ०८४/८५ को प्रक्षेपण | ०८५/८६ को प्रक्षेपण |
| ख. सशर्त अनुदान पुँजीगत | ४९२७१००० | ६०६००००० | ६६६६०००० | ७३३२६००० | ८०६५८६०० |
| घ. विशेष अनुदान | ० | ० | ० | ० | ० |
| ङ. समपुरक अनुदान | १०००००००० | १०००००००० | ११०००००० | १२१०००००० | १३३१०००० |
| प्रदेश सरकार वित्तीय हस्तान्तरण | **३९३७१०००** | **३२२०८०००** | ३५४२८८०० | ३८९७१६८० | ४२८६८८४८ |
| क. वित्तीय समानीकरण अनुदान | ८८८७००० | १३३१२००० | १४६४३२०० | १६१०७५२० | १७७१८२७२ |
| ख. सशर्त अनुदान (चालु) | ३६५४००० | ३९२०००० | ४३१२००० | ४७४३२०० | ५२१७५२० |
| ख. सशर्त अनुदान (पुँजीगत) | १३८३०००० | १०८९६००० | ११९८५६०० | १३१८४१६० | १४५०२५७६ |
| ग. विशेष अनुदान | ० | ० | ० | ० | ० |
| ङ. समपुरक अनुदान | १३०००००० | ८०००००० | ८८००००० | ९६८०००० | १०६४८००० |
| आन्तरिक ऋण | | | ० | ० | ० |
| अन्य अनुदान | | | ० | ० | ० |
| सामाजिक सुरक्षा | | | ० | ० | ० |
| अन्तर स्थानीय तह साझेदारी रकम | | | ० | ० | ० |
| मौज्दात रकम | | | ० | ० | ० |

## २.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व. २०८१/८२ को यथार्थ | | चालु आ.व. २०८२/८३ को विनियोजन | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | | आ.व.२०८५/८६ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | | | ४७७६१८०० | ५.८२ | ५२,५३७,९८०.०० | ५.८२ | ५,२५३,७९८.०० | ५.८२ | ५२५,३७९.८० | ५.८२ |
| २ | सामाजिक विकास | | | ४३४५३७९६३ | ५२.९२ | ४७७,९९१,७५९.३० | ५२.९२ | ४७,७९९,१७५.९३ | ५२.९२ | ४,७७९,९१७.५९ | ५२.९२ |
| ३ | पूर्वाधार विकास | | | १३४३७०००० | १६.३६ | १४७,८०७,०००.०० | १६.३६ | १४,७८०,७००.०० | १६.३६ | १,४७८,०७०.०० | १६.३६ |
| ४ | शुसासन तथा अन्तरसम्बन्धित क्षेत्र | | | १२८५०००० | १.५६ | १४,१३५,०००.०० | १.५६ | १,४१३,५००.०० | १.५६ | १४१,३५०.०० | १.५६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | १९१६६९१०० | २३.३४ | २१०,८३६,०१०.०० | २३.३४ | २१,०८३,६०१.०० | २३.३४ | २,१०८,३६०.१० | २३.३४ |
| **कुल जम्मा** | | | | ८२११८८८६३ | १००.०० | ९०३,३०७,७४९.३० | १०० | ९०,३३०,७७४.९३ | १०० | ९,०३३,०७७.४९ | १०० |

## २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा साङ्केतीकरणको आधारमा नगरपालिकाले छनौट गरेका आयोजनाको प्राथमिकताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिक | आयोजना | गत आ.व. २०८१/८२ को यथार्थ | | चालु आ.व. २०८२/८३ को विनियोजन | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | | आ.व.२०८५/८६ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **पहिलो** | १८५ | | | ६२१९०००० | ७.५७ | ६८४०९००० | ७.५७ | ७५२४९९०० | ७.५७ | ८२७७४८९० | ७.५७ |
| **दोस्रो** | ७१० | | | ७५८९९८८६२ | ९२.४३ | ८३४८९८७४८ | ९२.४३ | ९१८३८८६२३ | ९२.४३ | १०१०२२७४८५ | ९२.४३ |
| **जम्मा** | ८९५ | | | ८२११८८८६२ | १००.०० | ९०३३०७७४८ | १००.०० | ९९३६३८५२३ | १००.०० | १०९३००२३७५ | १०० |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०८१/८२ को यथार्थ | | चालु आ.व. २०८२/८३ को विनियोजन | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | | आ.व.२०८५/८६ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | | | ४५०२००० | १.७६ | ४८६२१६० | १.७६ | ५२५११३३ | १.७६ | ५६७१२२३ | १.७६ |
| २ | शून्य भोकमरी | | | २१००००० | ०.८२ | २२६८००० | ०.८२ | २४४९४४० | ०.८२ | २६४५३९५ | ०.८२ |
| ३ | स्वस्थ जीवन | | | १५१७९००० | ५.९२ | १६३९३३२० | ५.९२ | १७७०४७८६ | ५.९२ | १९१२११६८ | ५.९२ |
| ४ | गुणस्तरीय शिक्षा | | | २०८५४००० | ८.१४ | २२५२२३२० | ८.१४ | २४३२४१०६ | ८.१४ | २६२७००३४ | ८.१४ |
| ५ | लैङ्गिक समानता | | | ६८१२००० | २.६६ | ७३५६९६० | २.६६ | ७९४५५१७ | २.६६ | ८५८११५८ | २.६६ |
| ६ | स्वच्छ पानी र सरसफाई | | | १४१११००० | ५.५१ | १५२३९८८० | ५.५१ | १६४५९०७० | ५.५१ | १७७७५७९६ | ५.५१ |

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०८१/८२ को यथार्थ | | चालु आ.व. २०८२/८३ को विनियोजन | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | | आ.व.२०८५/८६ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | | | २५४५००० | ०.९९ | २७४८६०० | ०.९९ | २९६८४८८ | ०.९९ | ३२०५९६७ | ०.९९ |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | | | २२८६००० | ०.८९ | २४६८८८० | ०.८९ | २६६६३९० | ०.८९ | २८७९७०२ | ०.८९ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | | | ९४८७७००० | ३७.०२ | १०२४६७१६० | ३७.०२ | ११०६६४५३३ | ३७.०२ | ११९५१७६९५ | ३७.०२ |
| १० | असमानता न्यूनीकरण | | | ६०३७००० | २.३६ | ६५१९९६० | २.३६ | ७०४१५५७ | २.३६ | ७६०४८८१ | २.३६ |
| ११ | दिगो शहर र बस्तीहरु | | | २५९७०००० | १०.१३ | २८०४७६०० | १०.१३ | ३०२९१४०८ | १०.१३ | ३२७१४७२१ | १०.१३ |
| १२ | दिगो उपभोग र उत्पादन | | | १६८६२००० | ६.५८ | १८२१०९६० | ६.५८ | १९६६७८३७ | ६.५८ | २१२४१२६४ | ६.५८ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | | | १७६००००० | ६.८७ | १९००८००० | ६.८७ | २०५२८६४० | ६.८७ | २२१७०९३१ | ६.८७ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | | | २०८००१०० | ८.१२ | २२४६४१०८ | ८.१२ | २४२६१२३७ | ८.१२ | २६२०२१३६ | ८.१२ |
| १७ | दिगो विकासका लागि साझेदारी | | | ५७१७०२४ | २.२३ | ६१७४३८६ | २.२३ | ६६६८३३७ | २.२३ | ७२०१८०४ | २.२३ |
| | **कुल जम्मा** | | | २५६२५२१२४ | १०० | २७६७५२२९४ | १०० | २९८८९२४७७ | १०० | ३२२८०३८७६ | १०० |

## २.६.४ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैङ्गिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७:** लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | लैंगिक संकेत | गत आ.व. २०८१/८२ को यथार्थ | | चालु आ.व. २०८२/८३ को विनियोजन | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | | आ.व.२०८५/८६ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | | | ९७०२४००० | ११.८२ | १०४७८५९२० | ११.८२ | ११३१६८७९४ | ११.८२ | १२२२२२२९७ | ११.८२ |
| २ | अप्रत्यक्ष लाभ | | | १०३१८०१०० | १२.५६ | १११४३४५०८ | १२.५६ | १२०३४९२६९ | १२.५६ | १२९९७७२१० | १२.५६ |
| ३ | तटस्थ | | | ६२०९८४७६२ | ७५.६२ | ६७०६६३५४३ | ७५.६२ | ७२४३१६६२६ | ७५.६२ | ७८२२६१९५७ | ७५.६२ |
| | जम्मा | | | ८२११८८८६२ | १००.०० | ८८६८८३९७१ | १०० | ९५७८३४६८९ | १०० | १०३४४६१४६४ | १०० |

## २.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना/कार्यकमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | जलवायु परिवर्तन संकेत | गत आ.व. २०८१/८२ को यथार्थ | | चालु आ.व. २०८२/८३ को विनियोजन | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | | आ.व.२०८५/८६ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | | | १३७१४००० | १.६७० | १४८१११२० | १.६७ | १५९९६०१० | १.६७ | १७२७५६९० | १.६७ |
| | अप्रत्यक्ष लाभ | | | ५२४६०१०० | ६.३८८ | ५६६५६९०८ | ६.३९ | ६११८९४६१ | ६.३९ | ६६०८४६१७ | ६.३९ |
| | तटस्थ | | | ७५५०१४७६२ | ९१.९४२ | ८१५४१५९४३ | ९१.९४ | ८८०६४९२१८ | ९१.९४ | ९५११०११५६ | ९१.९४ |
| | जम्मा | | | ८२११८८८६२ | १००.००० | ८८६८८३९७१ | १०० | ९५७८३४६८९ | १०० | १०३४४६१४६४ | १०० |

# परिच्छेद – ३: आर्थिक क्षेत्र

## ३.१ कृषि, मत्स्य, पशुपंक्षी तथा जडीबुटी

### ३.१.१ पृष्ठभूमि

नगरपालिकाको भू-भाग भित्रि मधेश अन्तर्गत पर्ने हुँदा बालुवा र पाँगो मिश्रित अत्यन्त उर्वर माटोको प्रधानता रहेकाले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो । यस पालिकाका सबै वडामा खेतीपाती हुन सक्ने र भैरहेका प्रशस्त कृषि क्षेत्रहरू छन् । यो पालिका समुन्द्री सतहबाट ३६० मिटर देखि ३००० मिटरको उचाईमा रहेको छ । नगरपालिकाको GIS तथ्याङ्क अनुसार यहाँको ८४.२९ वर्ग कि.मि. अर्थात २९.७० प्रतिशत भू-भाग कृषि क्षेत्रले ओगटेको छ । यहाँ उत्पादन हुने प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ, हुन् भने फलफूल बालीहरू मेवा, केरा, अम्बा, कागती, रुखकटहर आदि हुन् । त्यसैगरी दलहन बालीहरू बोडी, मास, केराउ, सिमी आदि, तेलहन बालीहरू तोरी, तील, रायो, सरसिउँ आदि रहेका छन् भने यहाँ प्रशस्त मात्रामा मौसमी तथा बेमौसमी तरकारी बालीहरु उत्पादन हुने गर्दछन । यहाँका अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकाले नगरपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई वैज्ञानिकीकरण र व्यवसायिकीकरण गर्न सकिने प्रवल सम्भावना रहेको छ ।

नगरपालिकाले कृषि क्षेत्रमा एक घर एक करेसाबारी, अर्गानिक तरकारी खेतीको कार्यक्रम सञ्चालन गर्दै तरकारी आयातलाई प्रतिस्थापन गर्ने, रैथाने बालीहरुको संरक्षण गर्नका लागि बीउ बैङ्क स्थापना गर्ने, एक वडा एक उत्पादनको कार्यक्रम मार्फत कृषि उत्पादनमा वडाहरुलाई विशिष्टिकरण गर्दै उत्पादन वृद्धि गर्ने, कृषि प्रदर्शनी मेला आयोजना गर्दै विभिन्न शिर्षकमा उत्कृष्ट किसानहरुलाई प्रोत्साहन गर्ने, फलफुल खेती, अन्नबाली, अदुवा, बेसार, कागती, अकबरे खुर्सानीको पकेट, जोन सुपरजोनलाई निरन्तरता दिने, मौरीपालनको लागि किसानहरुलाई सहजता हुने गरी पायक पर्ने ठाउँमा पशु प्राविधिक सेवा उपलब्ध गराउने, किसानहरुलाई बीउ विजन उत्पादन गर्नका लागि प्राविधिक तालिम प्रदान गर्ने, स्वस्थ, स्वच्छ र गुणस्तरीय मासु, अण्डा, दुध उत्पादनमा कृषकलाई प्रोत्साहन गर्ने, बाँदर आतङ्कलाई न्यूनीकरण गर्न सामुदायिक वनसँग सहकार्य गरी वन क्षेत्रमा फलफूलको बिरुवा रोपण तथा आधुनिक प्रविधिहरु प्रयोग गरि नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने लगायतका नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

परम्परागत तथा निर्वाहमूखी कृषि प्रणाली, पर्याप्त सिँचाईको अभाव, बीउ विजन, मलखाद र शीत भण्डारणको उचित प्रबन्ध नहुनु, कृषिको व्यवसायिकरण र कृषि उपजको बजारीकरण, खाद्यान्नमा आत्मनिर्भर हुने अवस्था हुँदा पनि खाद्यान्न आयात गरिनु, कृषि सडकहरुको अभाव, आवश्यकता अनुसार पशु तथा कृषिको घुम्ती शिविर संचालन गर्न नसक्नु, रैथाने जातका बालीनालीहरू लोप हुने जोखिम रहनु जस्ता समस्या र चुनौती रहेका छन् ।

### ३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| कृषि मर्यादित र आधारभूत व्यवसायको अङ्ग |
| **लक्ष्य** |
| जीवनपयोगी, आत्मनिर्भर तथा सामाजिक उद्यमशीलतामा आधारित व्यवसायको रूपमा कृषि क्षेत्रको रूपान्तरण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।<br>✓ व्यवसायिक र उच्च प्रतिफलमूखी उत्पादनमा केन्द्रित हुनु ।<br>✓ वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु । |

### ३.१.४ रणनीति

१. परम्परागत कृषि प्रणालीलाई व्यवसायिक प्रणालीमा रुपान्तरण गरी कृषिको व्यवसायीकरण र विविधिकरणको माध्यमबाट कृषिमा औद्योगिकरण गर्ने ।

२. भू–उपयोग नीति बमोजिम जमिनको प्रयोग गर्ने ।

३. निर्यातमूखी कृषि उपजमा जोड दिने ।

## ३.२ जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । यहाँ विशेष गरी गुर्जो, बोजो, हर्रो, बर्रो, अमला, गुजरगानो, निम, तितेपाती, तुलसी, बेल, सर्पगन्धा आदि जस्ता जडीबुटीहरू पाइन्छन् । तथापि यस्ता जडीबुटीहरुको व्यवसायिक उत्पादन हुन सकेको छैन । यस्ता जडीबुटीहरुको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयबासीको आयआर्जनमा समेत टेवा पुऱ्याउन सकिन्छ ।

### ३.२.१ रणनीति

१. नगरपालिकामा पाइने बहुमुल्य जडीबुटीको पहिचान र संरक्षण गर्ने ।

२. कृषकलाई व्यवसायिक जडीबुटी उत्पादनका लागि प्रोत्साहन गर्ने ।

३. कृषि र जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यवसायिकता प्रवर्द्धन गर्ने ।

## ३.३ पशुपंक्षी विकास तथा मत्स्यपालन

### ३.३.१ पृष्ठभूमि

नेपालका अन्य स्थानहरुमा जस्तै यस नगरपालिकाका अधिकांश घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । नगरपालिकाबासीले गाई, भैँसी, बाख्रा, बंगुर, कुखुरा, हाँस, परेवा लगायतका पशुपंक्षी पाल्ने र बिक्री गर्ने गरेका छन् । यहाँ उष्ण तथा समशितोष्ण क्षेत्रमा उपयुक्त हुने जातका पशुपंक्षीहरूको यहाँ व्यावसायिक उत्पादनको राम्रो सम्भावना रहेको हुनाले कृषि तथा पशु फर्महरू मार्फत पशुपंक्षीहरूको व्यवसायिक उत्पादन समेत हुँदै आएको छ । तथापी पशुपंक्षीपालनमा आधुनिकीकरण र व्यवसायीकरण हुन नसकेकाले यिनीहरुको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ । अर्कोतर्फ, यस नगरपालिकामा माछापालनबाट आर्थिक आम्दानीको राम्रो सम्भावना भएता पनि केही फाट्टफुट्ट बाहेक ठूलोस्तरको व्यवसायिक व्यवस्थित माछापालन भने हुन सकेको छैन् । नगरपालिकामा भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायू अनुकूलका माछा पालन गर्न उपयूक्त देखिन्छ ।

नगरपालिकाले पशुपंक्षी विकास तथा मत्स्यपालनका क्षेत्रमा पशु किसानहरुलाई सहज हुने गरी पायक पर्ने ठाउँमा पशु प्राविधिक सेवा उपलब्ध गराउने, पूर्ण पशु खोप अभियान सञ्चालन गरी पशु खोप कार्ड वितरण कार्यक्रम सञ्चालन गर्ने, नश्ल सुधार कार्यक्रम मार्फत उन्नत जातका पशु उत्पादन गर्ने, नगरपालिकाले वितरण गरेका उन्नत जातका बोका तथा पाठीहरुको अनुगमन गरि उत्पादन भएका पाठा पाठीहरुलाई पुनः अर्को समूहमा वितरण गर्ने कार्यक्रम सञ्चालन गर्ने लगायतका नीति अगाडि सारेको छ ।

### ३.३.२ समस्या तथा चुनौती

पशुपंक्षीपालन कार्यलाई व्यवसायिक बनाउन नसकिनु, बजारको माग अनुसारको उत्पादन र आपूर्ति संयन्त्रको व्यवस्था नहुनु, पशुपंक्षी तथा मत्स्यपालन व्यवसायको आधुनिकीकरण हुन नसक्नु, पशुपंक्षी, मत्स्यपालन सेवा केन्द्र तथा दक्ष प्राविधिकहरूको अभाव, पशुपंक्षी उपचार पर्याप्तता नहुनु, स्थानीय प्रजातीका पशुपंक्षी तथा माछा संरक्षणका लागि पर्याप्त अध्ययन अनुसन्धान नहुनु जस्ता समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

### ३.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| पशुपंक्षी क्षेत्रको सुधार, स्थानीय जनजीविकाको आधार |
| **लक्ष्य** |
| पशुपालन व्यवसायको दिगो व्यवस्थापनको लागि समुदायको सहभागितामा परम्परागत ज्ञान, प्रविधि र सीपको उपयोग गर्दै वातावरणमैत्री प्रविधिहरु अपनाई वैज्ञानिक विधि र व्यवस्थापन पद्धति अवलम्बन गर्ने । |

**उद्देश्यहरू**

- ✓ पशुपालन व्यवसायको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी गरिबी निवारण तथा खाद्य सुरक्षामा सहयोग पु¥याउनु ।
- ✓ आर्थिक तथा जनस्वास्थ्यका दृष्टिकोणले महत्वपूर्ण पशु रोगहरुको नियन्त्रण र उन्मूलन गर्नु ।
- ✓ पशुपंक्षीपालनलाई व्यवसायिक बनाउनु ।
- ✓ पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्नु ।

## ३.३.४ रणनीति

१. पशुपालन व्यवसायको विकास गरी पशुजन्य उत्पादनबाट उच्चतम लाभ हासिल गर्न कृषक समूह/सहकारी संस्थाको स्थापना र विकासलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।

२. स्थानीयस्तरमा उपलब्ध पोषिलो घाँसपातहरुको विज वृद्धि एवं नर्सरी स्थापनामा सहयोग पु¥याई पुनःरोपण तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

३. पशुपालन व्यवसाय गर्न कृषकहरुका लागि पशु बीमा कार्यक्रम सञ्चालन गर्ने ।

४. कृषक, व्यवसायी र उपभोक्ताको लागि प्रतिस्पर्धात्मक तथा गुणस्तरीय पशु वस्तुको बजार पहुँचमा सहज बनाउने ।

५. पशुपंक्षीमा आधारित आयआर्जन गर्ने खालका पशुजन्य उद्यमी अभिवृद्धि गरी खाद्य सुरक्षा स्थिति सुदृढ गर्ने ।

## ३.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | साना, ठूला, अगुवा, उत्कृष्ट लगायतका कृषक पहिचान | ०८२/८३–०८४/८५ | २०० | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण भएको हुने |
| २. | कृषि भूमि चक्लाबन्दी नीति तजुर्मा | जग्गाको वर्गीकरण | ०८२/८३–०८२/८३ | ३०० | कृषि भूमि चक्लाबन्दी नीति तर्जुमा भएको हुने |
| ३. | पकेट स्थापनामा सहयोग कार्यक्रम | बाली विशेष पकेट क्षेत्र पहिचान | ०८२/८३–०८३/८४ | २५० | पकेट स्थापनामा सहयोग कार्यक्रम सञ्चालन भएको हुने |
| ४. | यान्त्रीकरण, व्यवसायीकरण तथा औद्योगिकीकरण | कृषि उत्पादनमा वृद्धि | साल बसाली | २५०० | यान्त्रीकरण व्यवसायीकरण तथा औद्योगिकीकरण भएको हुने |
| ५. | भूमिहीनलाई बाँझो जग्गा लिजमा उत्पादन गर्न दिने | व्यावसायिक उत्पादनमा जोड | साल बसाली | १५०० | भूमिहीनलाई बाँझो जग्गा लिजमा उत्पादन गर्न दिने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | तथा व्यावसायिक करार खेती संचालन | | | | तथा व्यावसायिक करार खेती सञ्चालन भएको हुने |
| ६. | कृषिजन्य जैविक विविधताको संरक्षण कार्यक्रम | जैविक विविधताको संरक्षण | साल बसाली | ४०० | कृषिजन्य जैविक विविधताको संरक्षण कार्यक्रम सञ्चालन भएको हुने |
| ७. | जलवायु अनुकुलन कृषि प्रविधिको अध्ययन | कृषि ज्ञान विस्तार | ०८२/८३–०८२/८३ | २५० | जलवायु अनुकुलन कृषि प्रविधिको अध्ययन भएको हुने |
| ८. | कृषि सडक, कृषि उपज, संकलन केन्द्रको निर्माण | सहज पहुँच | ०८२/८३–०८३/८४ | २००० | कृषि सडक, कृषि उपज, संकलन केन्द्रको निर्माण भएको हुने |
| ९. | व्यवसायिक योजनाको आधारमा सुलभ ऋण प्रवाह | कृषकलाइ प्रोत्साहन | साल बसाली | १५०० | व्यवसायिक योजनाको आधारमा सुलभ ऋण प्रवाह भएको हुने |
| १०. | उन्नत बीउ, मल, सिँचाईको पहुँचमा वृद्धि | कृषि कार्यमा सहजता | ०८२/८३–०८२/८३ | ८०० | उन्नत बीउ, मल, सिँचाईको पहुँचमा वृद्धि भएको हुने |
| ११. | जमिन सुहाँउदो कृषि यान्त्रीकरण | कृषि कार्यमा सहजता | ०८२/८३–०८२/८३ | १००० | जमिन सुहाँउदो कृषि यान्त्रीकरण भएको हुने |
| १२. | कृषि सहकारी गठन तथा संचालनमा प्रभावकारी कार्यान्वयन | कृषकलाई प्रोत्साहन | साल बसाली | ६०० | कृषि सहकारी गठन तथा संचालनमा प्रभावकारी कार्यान्वयन भएको हुने |
| १४. | कृषि उपजको मूल्य श्रृंखला निर्धारण | कृषि उपज बिक्री वितरणमा सहजीकरण | ०८२/८३–०८२/८३ | १०० | मूल्य श्रृंखला निर्धारण भएको हुने |
| १५. | वडास्तरीय कृषि उपज तथा जडीबुटी संकलन र शीत भण्डारण केन्द्र निर्माण | कृषि उपज भण्डारण व्यवस्थापन | ०८२/८३–०८४/८५ | ३५०० | प्रत्येक वडामा कृषि उपज तथा जडीबुटी संकलन र भण्डारण व्यवस्थापन भएको हुने |
| १६. | नगरपालिकामा पाइने सबै प्रकारका जडीबुटीको ब्रोसर तथा प्रोफाइल तयार | जडीबुटी उत्पादन | ०८२/८३–०८२/८३ | २०० | जडीबुटीको ब्रोसर तथा प्रोफाइल तयार भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १७. | नगरपालिकास्तरीय Herborium निर्माण | Herborium निर्माण | ०८१/८२–०८२/८३ | ३०० | पालिकामा एक Herborium निर्माण भएको हुने |
| १८. | जडीबुटी सम्बन्धी जनचेतना सञ्चार | जडीबुटी प्रवर्द्धन | ०८२/८३–०८२/८३ | २०० | जडीबुटी सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन भएको हुने |
| १९. | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना | जडीबुटीको पहिचान | ०८२/८३–०८२ /८३ | ३०० | स्थानीयस्तरमा जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको हुने |
| २०. | अगुवा तथा युवा पशुपन्छी पालक कृषक पहिचान | कृषक पहिचान | ०८२/८३–०८२/८३ | १५० | युवा पशुपन्छी पालक कृषक पहिचान भएको हुने |
| २१. | माछा पकेट क्षेत्र विस्तार | माछापालन गर्ने कृषकलाई प्रोत्साहन | ०८२/८३–०८२/८३ | १००० | माछा पकेट क्षेत्र विस्तार भएको हुने |
| २२. | कृषक तथा उद्यमी क्षमता अभिवृद्धि कार्यक्रम | कृषकलाई प्रोत्साहन | साल बसाली | २०० | कृषक तथा उद्यमी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने |
| २३. | उन्नत नश्लका पशु विकास | पशुपालक कृषकलाई प्रोत्साहन | ०८२/८३–०८२/८३ | ३५० | उन्नत नश्लका पशु विकास कार्यक्रम भएको हुने |
| २४. | पशुपंक्षीको विकास तथा प्रवद्र्धनका लागि तालिम भ्रमण कार्यक्रम | कृषकहरुलाई प्रोत्साहन तथा कृषकको क्षमता विकास | साल बसाली | १५०० | पशुपंक्षीको विकास तथा प्रवद्र्धनका लागि तालिम भ्रमण कार्यक्रम सञ्चालन भएको हुने |
| २५. | भेटेरिनरी अस्पतालमा आधारभूत प्रयोगशाला स्थापना, सुधार तथा संचालन | पशुपंक्षीपालनमा सहजिकरण | ०८२/८३–०८२/८३ | २५० | भेटेरिनरी अस्पतालमा आधारभूत प्रयोगशाला स्थापना, सुधार तथा सञ्चालन भएको हुने |
| २६. | बेरोजगार युवा र व्यवसायिक पशुपन्छी पालन कृषकलाई | Venture Capital को प्रबन्ध | ०८२/८३–०८३/८४ | ३०० | बेरोजगार युवा र पशुपन्छी पालन कृषकलाई Venture |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | Venture Capital को प्रबन्ध | | | | Capital को प्रबन्ध भएको हुने |

## ३.५ जोखिम पक्ष तथा अनुमान

विभिन्न कृषि पेशामा संलग्न कृषकको खण्डिकृत तथ्याङ्क उपलब्ध हुने, व्यवसायिक कृषिका लागि आवश्यक प्राविधिक सेवामा सहज पहुँच सुनिश्चित हुने, उच्च मुल्यका बालीनालीबारे कृषकलाई जानकारी हुने, उद्यमी सोचयुक्त नवयुवा कृषिमा आर्कषित हुने, उचित भण्डारणका लागि शितघर, बिक्री वितरण केन्द्र/कक्षको स्थापना, उत्पादन सम्भावनाका आधारमा जोनिङ्ग हुने, जडीबुटी सम्बन्धी प्रोफाइलिङ हुने, कृषि सामाग्रीमा अनुदान, सहुलियत प्राप्त भएको हुने अनुमान रहेको छ भने उल्लिखित क्रियाकलाप प्राथमिकता र उचित लगानीका साथ संचालन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.६ उद्योग, वाणिज्य, खानी, खनिज तथा आपूर्ति

### ३.६.१ पृष्ठभूमि

नगरपालिकामा मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको संख्या बढी भएकोले विशेषगरी कृषिमा आधारित साना तथा मध्यम किसिमका उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ सञ्चालनमा रहेका छन् तथापि ठूलो स्तरका उपभोक्ता बजारहरूको निकटता रहेकाले यहाँ व्यवसायिक रूपमा गाई, भैँसी, बंगुर, माछा, कुखुरा, बाख्रा आदि पालन भइरहेको छ । यसका साथै यहाँ राइसमिल, किराना पसल, कपडा पसल, फलफुल तथा तरकारी पसल, हार्डवेयर, पुस्तक तथा पत्रपत्रिका पसल, फर्निचर, भाँडा पसल, फोटो स्टुडियो, मेडिकल हल, गल्ला तथा रेष्टुरेन्ट लगायतका व्यवसायहरु विधिवत रुपमा दर्ता भइ संचालनमा रहेका छन् । विशेषतः यहाँ प्रशस्त कृषि उत्पादन हुने हुँदा कृषिमा आधारित उद्योगहरूको राम्रो सम्भावना देखिन्छ ।

### ३.६.२ समस्या तथा चुनौती

आर्थिक पूर्वाधारको कमी, बैङ्क तथा वित्तीय औद्योगिक कर्जा परिचानको कमजोर अवस्था, संगठित निजी क्षेत्रको अनुपस्थिती, युवा जनशक्ति विदेश पलायन हुनु, निजी क्षेत्रको लगानी आर्कषण गर्न नसकिनु, वित्तीय सुरक्षाको पर्याप्त प्रत्याभूति नहुनु, उद्योग विकासको लागि सडक, यातायात, विद्युत तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नु, अद्यौगिक सीप विकास केन्द्र नहुनु लगायतका समस्या तथा चुनौती यस नगरपालिकामा समेत रहेका छन् ।

### ३.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सुखी नगरबासीको लागि आयमूलक तथा आर्थिक रूपान्तरणकारी उद्योगको विकास |

| लक्ष्य |
|---|
| औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी स्थानीय अर्थतन्त्रको समृद्धि गर्ने । |

| उद्देश्यहरू |
|---|
| ✓ उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी स्थानीय उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु । |
| ✓ औद्योगिक क्षेत्रको विकास गरी स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्नु । |
| ✓ उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु । |

## ३.६.४ रणनीति

१. उद्योगको विकासका लागि आवश्यक नीति, कानून र संस्थागत संरचनामा सुधार गर्ने ।
२. स्थानीय स्रोत एवं सिपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।

## ३.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योगका लागि करारमा दिन सकिने जग्गा पहिचान गर्न अध्ययन | औद्योगिक जग्गा पहिचान | ०८२/८३-०८२/८२ | २०० | उद्योगका लागि करारमा दिन सकिने जग्गा पहिचान गर्न अध्ययन भएको हुने |
| २ | स्थानीय श्रोत साधनको अधिकतम सदुपयोग गरी लघु, घरेलु, साना, मझौला स्थापना र संचालन (राडीपाखी, डोको डालो, टपरी) | स्थानीय स्रोतमा आधारित उद्योग स्थापना | ०८२/८३-०८४/८५ | ३००० | स्थानीय श्रोत साधनको अधिकतम सदुपयोग गरी लघु, घरेलु, साना, मझौला स्थापना र संचालन (राडीपाखी, डोको डालो, टपरी) भएको हुने |
| ३ | लघु उद्यमीहरुको क्षमता र दक्षता अभिवृद्धि कार्यक्रम | क्षमता विकास | ०८२/८३-०८२/८३ | २०० | लघु उद्यमीहरुको क्षमता र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | औद्योगिक ग्राम स्थापनाको लागि पूर्वाधार विकास | कृषि पूर्वाधारको विकास | सालबसाली | २५०० | औद्योगिक ग्रामको स्थापनाको लागि पूर्वाधार विकास भएको हुने |
| ५ | औद्योगिक लगानी आकर्षण | कानूनी सरलीकरण र ऋणको व्यवस्था | ०८२/८३-०८२/८३ | २००० | औद्योगिक लगानी आकर्षण गर्न कानूनी सरलीकरण र ऋणको व्यवस्था भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | महिला तथा युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | नव उद्यमीलाई प्रोत्साहन | ०८२/८३-०८४/८५ | ४५० | १०० जना महिला तथा युवा उद्यमी पहिचान गरी अनुदान वितरण गरिएको हुने |
| ७ | ठूला लगानी भित्र्याउन बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन | लगानी सम्मेलन आयोजना | ०८२/८३-०८२/८३ | ४५० | वर्षमा कम्तीमा एक पटक बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन आयोजना भएको हुने |
| ८ | पालिकास्तरीय औद्योगिक ग्राम निर्माणको सम्भाव्यता अध्ययन | उद्योगको स्थापना | ०८२/८३-०८२/८३ | ३०० | पलिकामा एक औद्योगिक ग्राम निर्माणको सम्भाव्यता अध्ययन भएको हुने |
| ९ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | कच्चा पदार्थ उत्पादन गर्न कृषकलाई प्रोत्साहन | साल बसाली | ३०० | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया गरिएको हुने |
| १० | बाली विशेष पकेट क्षेत्र स्तरीय उद्योगहरूको सम्भाव्यता अध्ययन | कृषिमा आधारित उद्योगको प्रवद्र्धन | ०८३/८४-०८३/८४ | ३०० | बाली विशेष पकेट क्षेत्र स्तरीय उद्योगहरूको सम्भाव्यता अध्ययन गरिएको हुने |
| ११ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैङ्क स्थापना | रैथाने प्रजातिका बीज संरक्षण | ०८२/८३-०८३/८४ | ३०० | रैथाने प्रजातिका बालीहरूको पहिचान गरी १ बीज बैङ्क स्थापना भएको हुने |
| १२ | स्थानीय औद्योगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धी तालिम | औद्योगिक सीप विकास | ०८२/८३-०८३/८४ | १३०० | स्थानिय औद्योगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धी तालिमहरु संचालन भएको हुने |
| १३ | पालिकास्तरीय खाद्य गुणस्तर मापन केन्द्रको स्थापना | खाद्य गुणस्तर कायम | ०८२/८३-०८३/८४ | १३०० | पलिकामा एक खाद्य गुणस्तर मापन केन्द्रको स्थापना भएको हुने |

## ३.६.६ जोखिम पक्ष तथा अनुमान

नगर क्षेत्रमा उपलब्ध खानी, खनिजको उपलब्धता सम्बन्धी अध्ययन–अनुसन्धान, आधारभूत आर्थिक पूर्वाधारको निर्माण, उद्योग स्थापनाका सम्भाव्य क्षेत्रको पहिचान, उद्योग र श्रममैत्री कानूनको तर्जुमा, नगर क्षेत्रको योजनाबद्ध विकास गरी विकसित र सुविधा सम्पन्न शहर, बढ्दो बसाइँसराईमा कमी, युवा

पलायनलाई दुरुत्साहन, उद्यमशीलताको विकास, विशेष कर छुट, अनुदान, सहुलियतपूर्ण ऋण मार्फत लगानी आर्कषण, उपभोक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता क्रियाकलाप सञ्चालन गर्न सकेमा नगर क्षेत्रमा खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको पर्याप्त विकास हुन सक्छ । भौतिक, आर्थिक, वित्तिय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ३.७ पर्यटन

### ३.७.१ पृष्ठभूमि

चौदण्डीगढी नगरपालिका धार्मिक, ऐतिहासिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक हिसाबले प्रसिद्ध रहेको छ । यस नगरपालिकाको सबै वडाहरुमा सानाठूला धार्मिक तथा ऐतिहासिक पर्यटकिय स्थलहरु रहेका छन् । धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरुले सम्पन्न यस नगरपालिकामा रहेका प्रसिद्ध स्थलहरुमा शिवालय मन्दिर, द्वारदानी देवी स्थान, लिङ्गेश्वर शिवालय, कन्या औल्श्री गुम्बा, बसाहा थान शिवालय मन्दिर, थानपोखरी थान, अप्राहा झरना, पुष्पलाल चोक पार्क लगायतका प्राकृतिक, धार्मिक तथा ऐतिहासिक महत्व बोकेका पर्यटकीय स्थलहरु रहेका छन् । विशेष गरी यस क्षेत्रलाई ऐतिहासिक, धार्मिक पर्यटन, पर्यापर्यटन र कृषि पर्यटनका हिसाबले विकास गर्न सकिन्छ ।

नगरपालिकाले पर्यटनका क्षेत्रमा कोशी प्रदेशको पर्यटन वर्ष २०८२ लाई सफल पार्न चौदण्डीगढी नगरभित्रका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणबाट महत्वपूर्ण पर्यटकीय स्थलहरुको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई चौदण्डीगढी भ्रमण गराउने, चौदण्डीगढी दरबार क्षेत्रमा होम स्टे सञ्चालन गर्ने, बेल्टार बजार क्षेत्रमा बजार व्यवस्थापन तथा विकास समितिद्वारा, बेल्टार–बसाहा उद्योग वाणिज्य संघको सहकार्यमा विभिन्न स्थानीय जातीय परिकार सहितको Street Food Festival सञ्चालन गर्ने, पर्यटनको योजनाबद्ध सर्वाङ्गिण विकासको लागि संघीय र प्रदेशका निकायहरुमा योजना माग गर्ने नीति अगाडि सारेको छ ।

### ३.७.२ समस्या तथा चुनौती

नगरपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नगरिनु, पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त मात्रामा आर्कषण गर्न नसकिनु, पर्यटक पथ प्रर्दशक तथा व्यावसायिक ट्राभल एजेन्सीहरूको पर्याप्तता नहुनु, गुणस्तरीय आधारभूत भौतिक पूर्वाधारको अभाव, सुरक्षा र आपतकालिन उद्धारको भरपर्दो व्यवस्थाको कमी, मनोरञ्जनात्मक सुविधाको कमी, आतिथ्यता सत्कार सम्बन्धी ज्ञान र सीपको कमी लगायतका समस्या र चुनौती यो नगरपालिकामा समेत विद्यमान रहेका छन् ।

### ३.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| आर्थिक समृद्धिको आधार पर्यटन पूर्वाधार |

| लक्ष्य |
|---|
| पर्यटन व्यवसायको विस्तार मार्फत आर्थिक गतिशीलता र रोजगारीका अवसर अभिबृद्धि गर्ने । |

| उद्देश्यहरू |
|---|
| ✓ पर्यटन उद्योगको विकास मार्फत स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्नु ।<br>✓ आर्थिक समृद्धिका लागि पर्यटन व्यवसायमा विविधिकरण गर्नु ।<br>✓ आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु ।<br>✓ ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास गर्नु । |

## ३.७.४ रणनीति

१. गन्तव्य स्थलको रुपमा स्थापित गर्न स्थानीय मूल्य र मान्यतामा आधारित पर्यटकीय गतिविधिबाट विविधता कायम गरी नयाँ पर्यटकीय गन्तव्यहरुको विस्तार गर्ने ।

२. परम्परागत आतिथ्य सहितको विशिष्ट सेवा प्रदान गरी पर्यटकीय सेवाको गुणस्तरमा अभिवृद्धि गर्ने ।

३. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने ।

## ३.७.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय मार्गको वस्तुगत विवरण संकलन तथा प्रकाशन | पर्यटकीय मार्गको स्तरोन्नति | ०८२/८३ - ०८२/८३ | १०० | नगरपालिकाको पर्यटकीय मार्गको वस्तुगत विवरण संकलन तथा प्रकाशन भएको हुने |
| २ | चौदण्डीगढीको ऐतिहासिकता र धार्मिक, साँस्कृतिक पहिचानलाई संरक्षण गर्दै चौदण्डीगढीका अन्य ऐतिहासिक, धार्मिक, साँस्कृतिक धरोहरहरुको संरक्षण | पर्यटन प्रवर्द्धन | ०८२/८३ - ०८२/८३ | ५०० | चौदण्डीगढीको ऐतिहासिकता र धार्मिक, साँस्कृतिक पहिचानलाई संरक्षण गर्दै चौदण्डीगढीका अन्य ऐतिहासिक, धार्मिक, साँस्कृतिक धरोहरहरुको संरक्षण भएको हुने |
| ३ | पुरातात्विक स्थलहरुको खोजि, प्रचारप्रसार र व्यवस्थापन | पुरातात्विक स्थलहरुको संरक्षण | ०८२/८३ - ०८३/८४ | ८०० | पुरातात्विक स्थलहरुको खोजि, प्रचार प्रसार र भइरहेको अवस्थालाई व्यवस्थापन भएको हुने |
| ४ | चौदण्डीगढी कला, साहित्य तथा साँस्कृतिक प्रतिष्ठान निर्माण | संस्कृतिको जर्गेना | ०८२/८३ - | १५०० | चौदण्डीगढी कला, साहित्य तथा साँस्कृतिक |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | ०८४/८५ | | प्रतिष्ठान निर्माण भएको हुने |
| ५ | Foot trail Inventory निर्माण, पर्यटन भौतिक पूर्वाधारको निर्माण तथा व्यवस्थापन | पर्यटन पूर्वाधारको विकास | ०८२/८३ - ०८४/८५ | २००० | Foot trail Inventory निर्माण, पर्यटन भौतिक पूर्वाधारको निर्माण तथा व्यवस्थापन भएको हुने |
| ६ | मुख्य पर्यटकीय केन्द्र जोड्ने सडक विस्तार तथा स्तरोन्नति | सडकको सहज पहुँच | ०८२/८३ - ०८४/८५ | ४००० | मुख्य पर्यटकीय केन्द्र जोड्ने सडकहरु विस्तार तथा स्तरोन्नति भएका हुने |
| ७ | टुरिजम सर्किटको निर्माण | पर्यटक आवागमनमा वृद्धि | ०८२/८३ - ०८४/८५ | ४०० | टुरिजम सर्किटको निर्माण सम्पन्न भएको हुने |
| ८ | पर्यटन विकास गुरुयोजना निर्माण | पर्यटन प्रवद्र्धन | ०८३/८४ - ०८३/८४ | ८०० | पालिकास्तरीय पर्यटन विकास गुरुयोजना निर्माण भएको हुने |
| ९ | पर्यटन सूचना केन्द्रको स्थापना | पर्यटकलाई सहजता | ०८३/८४ - ०८३/८४ | ३०० | पालिकामा कम्तीमा एक पर्यटन सूचना केन्द्रको स्थापना भएको हुने |
| १० | पर्यटन सम्बन्धी वेवसाइट, ब्रोसर, पर्यटन पात्रो निर्माण | सूचनामा सहज पहुँच | ०८२/८३ - ०८२/८३ | १५० | पर्यटन सम्बन्धी वेवसाइट, ब्रोसर, पर्यटन पात्रो निर्माण लगायतका कार्य सम्पन्न भएको हुने |
| ११ | प्रमुख पर्यटकीय क्षेत्रमा Hotspot सेवाको प्रबन्ध | इन्टरनेटको सहज उपलब्धता | ०८२/८३ - ०८२/८३ | ८० | नगरपालिकाको प्रमुख पर्यटकीय क्षेत्रमा Hotspot सेवाको प्रबन्ध भएको हुने |
| १२ | सम्भाव्य स्थानमा होटल तथा रिसोर्ट खोल्न निजी क्षेत्रसँग अन्तरक्रिया | पर्यटनमा निजी क्षेत्रको लगानी वृद्धि | साल बसाली | १५० | कम्तीमा १० वटा सम्भाव्य स्थानमा होटल तथा रिसोर्ट खोल्ने कार्य थालनी भएको हुने |
| १३ | आदिवासी जनजाति सघन क्षेत्रमा होमस्टे प्रवर्द्धन तथा शिष्टाचार सम्बन्धी तालिम | मौलिकताको प्रवर्द्धन | ०८२/८३ - ०८२/८३ | २५० | आदिवासी जानजाति सघन क्षेत्रमा होमस्टे प्रवर्द्धन तथा शिष्टाचार सम्बन्धी तालिम संचालन भएको हुने |

### ३.७.६ जोखिम पक्ष तथा अनुमान

बृहत पर्यटन विकास गुरुयोजना निर्माण, पर्यटकीय दृष्टिकोणले सम्भाव्य क्षेत्र र वस्तुको पहिचान, पूर्वाधारको विकास, सहज वित्तीय सेवा, आवास, स्वास्थ्य, सुरक्षा तथा सूचना सेवाको सुनिश्चितता, स्थानीय मौलिक कला, संस्कृति, खाद्यान्नको संरक्षण, पर्यावरणीय संरक्षण, आतिथ्य सत्कार जस्ता आधारभूत पक्षमा नगरपालिका र समग्र नगरबासी प्रतिबद्ध भएर लागेमा पर्यटनको क्षेत्रमा उपलब्धि हासिल हुने देखिन्छ । आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ ।

## ३.८ भूमि व्यवस्थापन (भू–उपयोग)

### ३.८.१ पृष्ठभूमि

यहाँको अधिकांश भू-भाग भित्रि मधेश अन्तर्गत पर्ने हुँदा नगरपालिका क्षेत्रमा बालुवा र पाँगो मिश्रित अत्यन्त उर्वर माटो पाइन्छ । नगरपालिकाको भू-उपयोग तथ्याङ्क अनुसार यहाँको कुल २८३.७८ वर्ग कि.मि. क्षेत्रफल मध्ये वन जंगल क्षेत्रले सबैभन्दा बढी अर्थात ५७.७५ प्रतिशत जमिन ओगटेको छ । यसैगरी खेतीयोग्य जमिनले २९.७० प्रतिशत जमिन ओगटेको छ भने जल क्षेत्रले ८.४२ प्रतिशत जमिन ओगटेको छ । आवास क्षेत्रले २.४६ प्रतिशत भू-भाग ओगटेको छ । व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस नगरपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ ।

नगरपालिकाले भूमि व्यवस्थापनका क्षेत्रमा नगरपालिका भित्रको भूमि व्यवस्थापनसँग सम्बन्धित (ऐलानी पर्ती जमिन व्यवस्थापन, अव्यवस्थित बसोबास र नापी भई पूर्जा विहिन जमिनहरुको) व्यवस्थापन गर्नका लागि नेपाल सरकारले गठन गरेको राष्ट्रिय भूमि आयोगसँग सहकार्य गर्दै भूमि समस्याको समाधान गर्ने, स्थानीय रुपमा भूमि समस्या समाधान गर्न नगरस्तरीय भूमि व्यवस्थापन आयोग गठन गरी नगर भित्रका अव्यवस्थित बसोबास, प्रक्रिया गत अधुरा रहेका जग्गा, ऐलानी पर्ती जमिनमा भोगचलन गर्दै आएका नागरिकहरुलाई जग्गा भोगाधिकार पूर्जा वितरण गर्ने नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

### ३.८.२ समस्या तथा चुनौती

परम्परागत खेती प्रणाली, जमिनको प्रकृति अनुसार त्यसको वर्गीकरण गरी सदुपयोग गर्न नसक्नु, उपलब्ध कृषियोग्य क्षेत्रलाई वैज्ञानिक तवरले सदुपयोग गर्न नसक्नु, सार्वजनिक जग्गाको अतिक्रमण, नदी कटान, जमिनको बहुउपयोग सम्बन्धी सोचको अभाव जस्ता समस्या तथा चुनौतीको विद्यमानता यस नगरपालिकामा समेत रहेको छ ।

### ३.८.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामाजिक न्यायमा आधारित, उत्पादनमूखी दिगो भूमि व्यवस्थापन |

| लक्ष्य |
|---|
| दीर्घकालीन सोच अनुसार भूमि व्यवस्थालाई सुखी र समृद्ध नगरबासीको आधार बनाउने । |

| उद्देश्यहरु |
|---|
| ✓ भू-उपयोग नीति अनुसार जमिनको उपयोग गर्नु ।<br>✓ जमिनको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।<br>✓ भूमिको व्यवस्थित र आधुनिक तरिकाले अभिलेख राख्नु ।<br>✓ सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । |

## ३.८.४ रणनीति

१. भू–उपयोग नीति बमोजिम क्षमता, उपयुक्तता र आवश्यकतामा भूमिको वर्गीकरण गर्ने ।
२. वर्गीकरण अनुसार जमिनको संरक्षण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

## ३.८.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पालिका भू–उपयोग योजना निर्माण | भूमिको सदुपयोग | ०८२/८३-०८४/८५ | ९०० | पालिका भू–उपयोग योजना निर्माण भएको हुने |
| २ | एकीकृत बस्ती विकास निर्माण | जमिनको वैज्ञानिक रुपमा सदुपयोग | ०८२/८३–०८२/८३ | ३०० | एकीकृत बस्ती विकास निर्माण भएको हुने |
| ३ | निजी, गुठी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक तथा व्यवस्थापन | जमिनको उचित व्यवस्थापन | ०८२/८३-०८२/८३ | ५०० | निजी, गुठी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक तथा व्यवस्थापन भएको हुने |
| ४ | भूमिहिन र सुकुम्बासीहरुको पहिचान गरी निश्चित मापदण्ड बनाएर बस्ती निर्माण तथा व्यवस्थापन | जमिनको पूर्ण रुपमा सदुपयोग | ०८२/८३-०८२/८३ | ३०० | भूमिहिन र सुकुम्बासीहरुको पहिचान गरी निश्चित मापदण्ड बनाएर बस्ती निर्माण तथा व्यवस्थापन भएको हुने |
| ६ | नक्शापास सम्बन्धी कागजहरुको Digitization | नक्शा Digitization | ०८२/८३–०८४/८५ | ३०० | नक्शापास सम्बन्धी कागजहरुको Digitization भएको हुने |
| ७ | भूमि बैङ्क स्थापना | भूमि व्यवस्थापन | ०८२/८३-०८३/८४ | ४०० | एक भूमि बैङ्क स्थापना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ८ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण | जमिनको वैज्ञानिक रुपमा सदुपयोग | ०८२/८३-०८२/८३ | ३०० | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण भएको हुने |
| ९ | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान | अनुदान वितरण | ०८२/८३-०८४/८५ | २०० | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान वितरण गरिएको हुने |
| १० | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | कृषकलाई प्रोत्साहन | ०८२/८३-०८२/८३ | ३०० | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन भएको हुने |

### ३.८.६ जोखिम पक्ष तथा अनुमान

भू–उपयोग योजना र भूमि बैङ्क निर्माण हुने, सिँचाई सुविधा पुगेका र नपुगेका कृषियोग्य भूमिको तथ्याङ्क उपलब्ध हुने, जमिनको चक्लाबन्दी गरी प्रयोगहीन उर्वर जमिनमा करार खेती हुने अनुमान रहेको छ भने उल्लेखित कार्यलाई व्यवस्थित तवरबाट गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.९ सहकारी

### ३.९.१ पृष्ठभूमि

पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय अर्थतन्त्रको प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामिण अर्थतन्त्र सुद्दढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । नगरपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार यस पालिकामा हाल विधिवत रुपमा दर्ता भइ सञ्चालनमा रहेका सहकारी संस्थाहरु ६० वटा रहेका छन् । यी संस्थाहरुमा अधिकांश बचत तथा ऋण सहकारीहरु रहेका छन् ।

नगरपालिकाले सहकारीका क्षेत्रमा नगर क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुको अनुगमन, नियमन र क्षमता अभिवृद्धि गरि नगर क्षेत्रको अर्थतन्त्र विकासमा योगदान पुऱ्याउन, सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध गर्ने, सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भएका सहकारी संस्थाहरुको विवरण प्रणालीमा प्रविष्ट गर्नका लागि प्रोत्साहित गर्ने, सहकारी संस्थाहरुको सघन अनुगमनलाई तिब्रता दिने, संघीय सरकारको साना तथा युवा स्वरोजगारसँगको सहकार्यमा सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योगलाई विभिन्न सहयोग गरी युवाहरुलाई स्वरोजगार बनाउने लगायतका नीति अगाडि सारेको छ ।

## ३.९.२ समस्या तथा चुनौती

शहर केन्द्रित सहकारी, सहकारीको संख्यात्मक वृद्धि भएतापनि गुणात्मक विकास हुन नसक्नु, सामाजिक पूँजी निर्माण भन्दा ऋण परिचालनमा जोड, फितलो नियमन, पारदर्शिता र आर्थिक अनुशासनमा कमी लगायतका समस्या तथा चुनौतीको विद्यमानता यस नगरपालिकामा समेत रहेको छ ।

## ३.९.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

सामुहिकता र सहकार्य मार्फत सबल अर्थतन्त्र निर्माण

**लक्ष्य**

सहकारीको संस्थागत विकास मार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने ।

**उद्देश्यहरू**

- ✓ सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्नु ।
- ✓ सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु ।

## ३.९.४ रणनीति

१. सहकारी शिक्षाको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने ।

२. सहकारी नीति परिमार्जन तथा निर्माण गरी नगर अर्थतन्त्रमैत्री बनाउने ।

३. सहकारीलाई व्यवसायीकरणका अभ्याससँग एकीकृत गर्ने ।

## ३.९.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | सहकारी शिक्षा प्रवर्द्धन | साल बसाली | ३०० | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन भएको हुने |
| २ | कोपोमिसमा सहकारीलाई आबद्धता गराई तथ्याङ्क प्रणाली निर्माण र कोपोमिस सम्बन्धी तालिम प्रदान | संस्थागत आबद्धता | ०८२/८३-०८२/८३ | ६०० | कोपोमिसमा सहकारीलाई आबद्धता गराई तथ्याङ्क प्रणाली निर्माण र कोपोमिस सम्बन्धी तालिम प्रदान गरिएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानून तथा मापदण्ड निर्माण | सहकारी सम्बन्धी आवश्यक कानून निर्माण | ०८२/८३-०८२/८३ | ६०० | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानून तथा मापदण्ड निर्माण भएको हुने |
| ४ | सहकारीले स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन | प्रभाव न्यूनीकरण | ०८२/८३-०८२/८३ | ३०० | सहकारीको स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन भएको हुने |
| ५ | कृषि सघन क्षेत्र स्तरीय कृषि सहकारी संस्था विस्तारका लागि कृषक अन्तरक्रिया कार्यक्रम | अन्तरक्रिया कार्यक्रम | साल बसाली | ३०० | कृषि सघन क्षेत्र स्तरीय कृषि सहकारी संस्था विस्तारका लागि कम्तीमा २०० कृषकसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हुने |
| ६ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | ०८२/८३-०८२/८३ | ३०० | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन गरिएको हुने |
| ७ | अति विपन्न नागरिक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | सहकारीमा सबै वर्गका नागरिकको पहुँच वृद्धि | ०८२/८३-०८४/८५ | ६०० | अति विपन्न नागरिक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण भएको हुने |
| ८ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | प्रोत्साहनमूलक कार्यक्रम | साल बसाली | ३०० | उत्कृष्ट सहकारी पुरस्कार वितरण भएको हुने |
| ९ | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने उद्यमीलाई विशेष तालिम | क्षमता विकास | ०८२/८३-०८३/८४ | ३०० | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने करिब १५० उद्यमीलाई विशेष तालिम प्राप्त भएको हुने |
| १० | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको प्रवर्द्धन | ०८३/८४-०८३/८४ | ४०० | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन भएको हुने |

### ३.९.६ जोखिम पक्ष तथा अनुमान

सहकारीको मूल मर्म र भावना अनुसार सहकारीका सदस्य र सञ्चालकलाई अभिमूखीकरण, सहकारीको माध्यमबाट सामाजिक सद्भावको निर्माण, रचनात्मक र प्रतिस्पर्धात्मक भावनाको विकास, सहकारी मार्फत औद्योगीकरण, गरिबी निवारण, लक्षित वर्गको स्तरोन्नतिमा टेवा पुऱ्याउने कार्यक्रममा विस्तार गर्न

सकेमा अपेक्षित उपलब्धि हासिल हुन सक्ने अनुमान गर्न सकिन्छ भने पर्याप्त लगानी, कसहि ज्ञान र सूचनाको सम्प्रेषण गर्न नसकेमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.१० बैङ्क तथा वित्तीय क्षेत्र

### ३.१०.१ पृष्ठभूमि

स्थानीय स्तरमा व्यापक रुपमा पूँजी प्रवाह भैरहने वातावरणका लागि बैङ्किङ तथा वित्तीय संस्थाहरुको महत्वपूर्ण भूमिका रहन्छ । कुनैपनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससँगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ । नगरपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार यस पालिकामा कृषि विकास बैङ्क, राष्ट्रिय बाणिज्य बैङ्क, सिद्धार्थ बैङ्क लिमीटेड, नेपाल एस.आई बैङ्क लि., नेरुडे मिर्मिरे लघुवित्त वित्तिय संस्था लि., छिमेकी लघुवित्त वित्तिय संस्था लिमिटेड, श्रृजनशील लघुवित्त वित्तिय संस्था, फरवार्ड माइक्रोफाईनान्स लघुवित्त वित्तिय संस्था लिमिटेड, जिवन विकास लघुवित्त वित्तिय संस्था लिमिटेड, महुली लघुवित्त वित्तिय संस्था लिमिटेड लगायतका विभिन्न वित्तिय संस्थाहरु तथा ६० वटा सहकारी संस्थाहरु मार्फत वित्तिय कारोबार भइरहेको छ ।

### ३.१०.२ समस्या तथा चुनौती

बजार केन्द्रित बैङ्क तथा वित्तीय संस्था, न्यून बचत तथा पूँजी परिचालन, न्यून आर्थिक क्रियाकलाप, सहकारी संस्थालाई न्यून आय र सीपयुक्त नागरिकको सशक्तिकरणको लागि परिचालन गर्न नसक्नु जस्ता समस्या र चुनौती यस नगरपालिकामा समेत रहेका छन् ।

### ३.१०.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता |
| **लक्ष्य** |
| प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ बैङ्क तथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु ।<br>✓ सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु । |

### ३.१०.४ रणनीति

१. वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने ।
२. व्यवसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने ।

## ३.१०.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन | वित्तीय पहुँचको आँकलन | ०८२/८३-०८२/८३ | ३०० | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन भएको हुने |
| २ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | सहज बैङ्किङ सेवा | ०८२/८३-०८४/८५ | ३०० | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन भएको हुने |
| ४ | उद्यमी तथा बैङ्कहरू बिच अन्तरक्रिया सहजिकरण | उद्योग र वित्तीय संस्थाबिच असल सम्बन्ध | साल बसाली | ३०० | उद्यमी तथा बैङ्कहरू बिच अन्तरक्रिया सहजिकरण भएको हुने |
| ५ | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष व्याज अनुदान | उद्यमीलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | ४५० | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष व्याज अनुदान प्रदान गरिएको हुने |
| ६ | कर्जा सेवा केन्द्र स्थापना | सहज ऋण प्रवाह | ०८४/८५-०८४/८५ | ३०० | पलिकामा एक कर्जा सेवा केन्द्र स्थापना भएको हुने |
| ७ | बैङ्कबाट भौगोलिक दुरी टाढा भएकाहरुका लागि Virtual Banking सुविधा | सहज बैङ्किङ पहुँच | ०८२/८३-०८४/८५ | ३०० | बैङ्कबाट भौगोलिक दुरी टाढा भएकाहरुका लागि Virtual Banking सुविधा उपलब्ध भएको हुने |

## ३.१०.६ जोखिम पक्ष तथा अनुमान

तहगत सरकारको वित्तीय साक्षरता, पहुँच र सहुलियत सम्बन्धी नीतिलाई स्थानीय बैङ्क तथा वित्तीय संस्थाले अंगिकार गरी कर्जा परिचालन, क्षेत्रगत ऋणको ब्याजमा सहुलियत, उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह र लक्षित वर्गको बैङ्किङ सेवामा पहुँच विस्तार गर्न सकेमा उल्लेखित नीति रणनीति हासिल हुने सो अनुसार कार्य गर्न नसकेमा उद्देश्य प्राप्तिमा जोखिम हुने देखिन्छ ।

# ३.११ गरिबी निवारण

## ३.११.१ पृष्ठभूमि

वि.सं. २०१३ साल देखि हालसम्म विकास योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्धाको रुपमा गरिबी निवारण रहेको छ । जति विकासका योजनाहरू निर्माण भएता पनि गरिबी निवारण गर्न सकिएको अवस्था छैन् । दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए पनि कुल जनसंख्याको ५ प्रतिशतमा सीमित गर्ने रहेको छ । नेपाल सरकारले गरिबी निवारण गर्न लिएको लक्ष्य तथा उद्देश्य अनुरुप नगरपालिकाले बेरोजगार

तथा युवाहरुको वास्तविक वस्तुस्थिति अद्यावधिक गरी कार्ययोजना बनाएर बेरोजगार तथा युवाहरुलाई रोजगारमूलक कार्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ ।

नगरपालिकाले गरिबी निवारणका सन्दर्भमा लघु उद्यम विकास कार्यक्रमलाई नगरपालिकाको साझेदारीमा निरन्तरता दिने, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सिप, ज्ञान, प्रविधि, पूँजी र क्षमताको पूर्ण उपयोग गर्दै उनीहरुलाई स्वदेशमै उद्यमशिलतामा लगाउनका लागि आवश्यक सिप तथा तालिम एवं वित्तीय पहुँच अभिवृद्धि गर्ने र वैदेशिक रोजगारीमा जान चाहनेलाई सुरक्षित वैदेशिक रोजगारीका लागि आवश्यक समन्वय, पहल र परामर्श दिने, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि स्थापित र सञ्चालित रोजगार सेवा केन्द्रको प्रभावकारिता वृद्धि गर्ने लगायतका नीति अगाडि सारेको छ ।

### ३.११.२ समस्या तथा चुनौती

वास्तविक गरीबको पहिचान हुन नसक्नु, सरकारको मूल कार्यक्रमहरुमा गरीब परिवारको वास्तविक पहुँच पुग्न नसक्नु, कृषि उद्योग, पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमूखी हुनु, युवाहरु अवसर नपाएर विदेश पलायन हुनु, श्रमको सम्मान गर्ने संस्कृतिको अभाव लगायतका समस्या र चुनौती व्याप्त रहेका छन् ।

### ३.११.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्थानीय उत्पादन र रोजगारीमा वृद्धि गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धि |
| **लक्ष्य** |
| निरपेक्ष गरिबी निवारण गर्दै आर्थिक समृद्धिको आधार तयार गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गरीबमूखी कार्यक्रमहरु सञ्चालन गर्नु ।<br>✓ गरीब वर्ग लक्षित सिप विकास तथा रोजगारी सिर्जना गर्नु ।<br>✓ गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत गर्नु ।<br>✓ राज्यका स्रोत साधनहरुलाई गरीब लक्षित बनाई गरीबहरुको पहुँच विस्तार गर्नु । |

### ३.११.४ रणनीति

१. गरिबी निवारणलाई नगरपालिकाका सबै विकास निर्माणमा एकीकृत गर्ने ।

२. नगरपालिकामा रहेका वास्तविक गरीबहरुको पहिचान गरी विवरण अद्यावधिक गर्ने ।

३. उत्पादनमूलक रोजगारीका अवसरहरुको वृद्धि गर्ने ।

४. नगरस्तरीय गरिबी निवारण नीति तर्जुमा गरी स्रोत साधनमा गरीबहरुको पहुँच विस्तार गर्ने ।

## ३.११.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विकास कार्यक्रमहरूमा गरीबहरूको पहुँच वृद्धि | गरीब तथा विपन्नलाई प्रोत्साहन | ०८२/८३-८३/८४ | ५०० | विकास कार्यक्रमहरूमा गरीबहरूको पहुँच वृद्धि भएको हुने |
| २ | गरीब परिचय पत्र वितरण | वास्तविक गरीब पहिचान | ०८२/८३-०८३/८४ | ४०० | गरीब परिचय पत्र वितरण भएको हुने |
| ३ | गरीब परिवारको GIS सहितको तथ्याङ्क संकलन तथा अद्यावधिक | गरीबको तथ्याङ्क अद्यावधिक | ०८२/८३-०८३/८४ | ३०० | गरीब परिवारको GIS सहितको तथ्याङ्क संकलन तथा अद्यावधिक भएको हुने |
| ४ | स्थानीय  सीपको प्रोफाईल तयार गरी निरन्तरताको लागि सहयोग | सीप र स्वरोजगारीलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | ४०० | स्थानीय  सीपको प्रोफाईल तयार गरी निरन्तरताको लागि सहयोग भएको हुने |
| ५ | स्थानीय उत्पादन शहरी क्षेत्रमा निर्यात गर्ने व्यवस्था | स्थानीय उत्पादनलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | ३५० | स्थानीय उत्पादन शहरी क्षेत्रमा निर्यात गर्ने व्यवस्था भएको हुने |
| ६ | उद्यम खोल्ने गरीबहरूलाई सहुलियत दरमा कृषि ऋणको उपलब्धता | अनुदानको व्यवस्था | ०८२/८३-०८३/८४ | ५०० | उद्यम खोल्ने गरीबहरूलाई सहुलियत दरमा कृषि ऋणको उपलब्धता भएको हुने |
| ७ | नयाँ घरबास सञ्चालन गर्दा गरीब समूहलाई प्राथमिकता | विपन्नलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | ६०० | नयाँ घरबास सञ्चालन गर्दा गरीब समूहलाई प्राथमिकता दिइएको हुने |
| ८ | गरिबी निवारण नीति निर्माण | गरिबी निवारण | ०८२/८३-०८३/८४ | ४०० | गरिबी निवारण नीति निर्माण भएको हुने |
| ९ | गरीबलाई सामाजिक सेवा ईकाई मार्फत् सहुलियत दरमा स्वास्थ्य सेवाको उपलब्धता | स्वास्थ्यमा सुलभ पहुँच | साल बसाली | १३०० | गरीबलाई सामाजिक सेवा ईकाई मार्फत् सहुलियत दरमा स्वास्थ्य सेवाको उपलब्धता भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १० | छात्रवृत्ति वितरण गर्दा गरीबलाई प्राथमिकता दिने कुपोषित बालबालिकाको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन | पोषण तथा खाद्य सुरक्षा | साल बसाली | १२०० | छात्रवृत्ति वितरण गर्दा गरीबलाई प्राथमिकता दिने कुपोषित बालबालिकाको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भएको हुने |
| ११ | गरीब परिवार पहिचान सूचना संकलन | कारण सहित अद्यावधिक तथ्याङ्कको उपलब्धता | ०८३/८४-०८३/८४ | ३०० | गरीब परिवार पहिचान सूचना संकलन भएको हुने |
| १२ | विपन्न नागरिक आवास कार्यक्रम | आवासको सुनिश्चितता | साल बसाली | ७००० | करिब ५० वटा विपन्न नागरिक आवास निर्माण भएको हुने |

## ३.११.६ जोखिम पक्ष तथा अनुमान

नगर क्षेत्रमा बसोबास गर्ने गरीब, घरपरिवार विहिन, बेरोजगारको लगत संकलन, गरिबीको कारण र सम्बोधनका उपायको पहिचान, लक्षित वर्ग कार्यक्रम सञ्चालन, जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरण, विभिन्न तहका सरकार र क्षेत्रले सञ्चालन गर्ने कार्यक्रमबिच समन्वय, सीप विकास, उद्यमशीलता विकास, मनोसामाजिक रुपान्तरणका कार्यक्रम प्राथमिकता र पर्याप्त स्रोत विनियोजनका साथ कार्यान्वयन गरिएमा गरिबी निवारणका उद्देश्य प्राप्ति हुन्छ भने कोभिड–१९ जस्ता महामारी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिले गरिबीको सघनतालाई झन बढाउने जोखिम हुन्छ ।

### नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **(क)** | **कृषि** | | | | |
| १ | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | | |
| २ | प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनका योगदान | प्रतिशत | | |
| ३ | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशत | | |
| ४ | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | प्रतिशत | १४.२** | १७ |
| ५ | असर | माटोमा औसत जैविक पदार्थको मात्रा | प्रतिशत | | |
| ६ | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ७ | असर | पूर्णरुपमा व्यवसायिक कृषिमा प्रयोग भैरहेको जमिन (प.दि.वि.ल.(२.४.१) | प्रतिशत | | |
| ८ | असर | वर्षैभरी सिँचाई सुविधा पुगेको जमिन (प.दि.वि.ल.(२.४.३) | हेक्टर | ११६०** | १५०० |
| ९ | असर | पूर्ण रुपमा सिँचाई भएको क्षेत्रफल | प्रतिशत | | |
| १० | असर | वैकल्पिक सिँचाई प्रयोगकर्ता कृषक | संख्या | | |
| ११ | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | | |
| १२ | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | | |
| १३ | असर | व्यवसायिक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | संख्या | | |
| १४ | असर | धान उत्पादन | मे.टन (हजार) | | |
| १५ | असर | मकै उत्पादन | मे.टन (हजार) | | |
| १६ | असर | गहुँ उत्पादन | मे.टन (हजार) | | |
| १७ | असर | केरा उत्पादन | मे.टन (हजार) | | |
| १८ | असर | मुंग उत्पादन | मे.टन (हजार) | | |
| १९ | असर | फलफुल उत्पादन | मे.टन (हजार) | | |
| २० | असर | दुध उत्पादन | मे.टन (हजार) | | |
| २१ | असर | तरकारी उत्पादन | मे.टन (हजार) | | |
| २२ | असर | दुध उत्पादन | मे.टन/हेक्टर | | |
| २३ | असर | तेलहन बाली | मे.टन (हजार) | | |
| २४ | असर | आलु उत्पादन | किलो लिटर | | |
| २५ | असर | तेलहन बाली | मे.टन (हजार) | | |
| २६ | असर | दलहन बाली | मे.टन (हजार) | | |
| २७ | असर | कफी | मे.टन | | |
| २८ | असर | कपास | मे.टन | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| २९ | प्रतिफल | कृषि सूचना तथा स्रोत केन्द्र | संख्या | | |
| ३० | प्रतिफल | एग्रोभेट | संख्या | | |
| ३१ | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | | |
| ३२ | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | | |
| ३३ | प्रतिफल | Custom Hiring Center | संख्या | | |
| ३४ | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | | |
| ३५ | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | ९** | २५ |
| ३६ | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिक संख्या | ०** | १ |
| ३७ | प्रतिफल | कृषक पाठशाला | संख्या | ०** | १ |
| ३८ | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | ०** | १ |
| ३९ | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | | |
| ४० | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | | |
| ४१ | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रयोगकर्ता | प्रतिशत | | |
| ४२ | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | २६** | ३८ |
| ४३ | प्रतिफल | सामुहिक खेतीमा संलग्न समूह | संख्या | | |
| ४४ | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | | |
| ४५ | प्रतिफल | चक्लाबन्दी गरी खेती गरिएको जमिन क्षेत्रफल | | | |
| ४६ | प्रतिफल | जलवायू अनुकूलन विशेष बालीनाली | संख्या | | |
| ४७ | प्रतिफल | सामुदायिक बीज बैङ्कको संख्या प.दि.बि.ल (२.५.२.४) | संख्या | ०** | २ |
| ४८ | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | | |
| ४९ | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | | |
| ५० | प्रतिफल | नगरपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम प.दि.बि.ल.(२.ख.१) | रू लाख | | |
| ५१ | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कूल बजेटको) .प.दि.वि.ल.(२.क.१) | प्रतिशत | | |
| ५२ | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षती | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ५३ | प्रतिफल | वैकल्पिक सिँचाई प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | | |
| ५४ | प्रतिफल | सन्तुलित मूल्य श्रृंखलामा समेटिएका कृषि उपज | संख्या | | |
| ५५ | प्रतिफल | कृषि सेवासँग सम्बन्धित जनशक्ति | संख्या | ७** | १२ |
| | प्रतिफल | पशु प्राविधिक जनशक्ति | संख्या | ८** | १३ |
| ५६ | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | | |
| ५७ | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | करोड | | |
| ५८ | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाख | | |
| ५९ | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लाख | | |
| ६० | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लाख | | |
| ६१ | प्रतिफल | कृषक समूह | संख्या | २५३** | ३०५ |
| ६२ | प्रतिफल | चिस्यान केन्द्र | संख्या | १* | ५ |
| ६३ | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | ४** | ९ |
| ६४ | प्रतिफल | व्यवसायिक जडिबुटी खेती गरिएको क्षेत्रफल जडीबुटी नर्सरी | संख्या | | |
| ६५ | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हेक्टर | | |
| ६६ | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | | |
| ६७ | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | | |
| ६८ | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | | |
| ६९ | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| ७० | प्रतिफल | करारखेतीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| ७१ | प्रतिफल | हाल खेतीपाती भइरहेको जमिनको | प्रतिशत | १४.२** | १७ |
| ७२ | प्रतिफल | खाद्यन्न गोदाम | संख्या | | |
| ७३ | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | | |
| ७४ | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | | |
| ७५ | प्रतिफल | उन्नत नश्लका पशुपंक्षी स्रोत केन्द्र | संख्या | | |
| ७६ | प्रतिफल | व्यवसायिक कृषि तथा पशुपालक फार्म | संख्या | | |
| ७७ | प्रतिफल | घाँसेवालीले ओगटेको कृषि क्षेत्र | हेक्टर | | |
| ७८ | प्रतिफल | भेटेरिनरी प्रयोगशाला | संख्या | | |
| ७९ | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ८० | प्रतिफल | माछा पोखरीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| ८१ | प्रतिफल | माछा पोखरीको संख्या | संख्या | ३** | ९ |
| ८२ | प्रतिफल | मौरी घार | संख्या | | |
| ८३ | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमूखीकरणबाट पूर्ण लाभान्वित छु भन्ने कृषक | संख्या | | |
| **(ख)** | **पर्यटन** | | | | |
| १. | प्रतिफल | पर्यटक आगमन | संख्या | | |
| २. | असर | रोजगारीमा योगदान | प्रतिशत | | |
| ३. | असर | कूलग्राहस्थ उत्पादनमा योगदान | | | |
| ४. | असर | पर्यटक बसाइँ अवधि | दिन | | |
| ५. | असर | प्रति पर्यटक प्रतिदिन खर्च | ४५ डलर | | |
| ६. | प्रतिफल | आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | | |
| ७. | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्बद्ध जनशक्ति | संख्या | | |
| ८. | प्रतिफल | आधारभूत सुविधायुक्त होटल, रिसोर्ट, लज | संख्या | २१** | ४० |
| ९. | प्रतिफल | होमस्टे | संख्या | २** (निर्माणाधिन) | १० |
| १०. | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | ०** | ३ |
| ११. | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | | |
| १२. | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन बिक्री केन्द्र | संख्या | ०** | ५ |
| १३. | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | १५** | २२ |
| १४. | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | संख्या | | |
| १५. | प्रतिफल | पूर्ण रुपमा पर्यटनमा संलग्न रोजगारको | संख्या | | |
| **(ग)** | **खानी, खनिज, उद्योग वाणिज्य तथा आपूर्ति** | | | | |
| १. | असर | गैर कृषि क्षेत्रमा (उद्योगमा) संलग्न रोजगारहरू | प्रतिशत | | |
| २. | असर | कूल रोजगारीमा ठूला उद्योगको योगदान (९.२.२) | प्रतिशत | | |
| ३. | असर | कूल गार्हस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान (प.दि.वि.ल. ८.३.१) | प्रतिशत | | |
| ४. | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | | |
| ५. | प्रतिफल | खुद्रा व्यापार व्यवसायको | संख्या | १३७** | १६० |
| ६. | प्रतिफल | आयात मूल्य | रकम | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ७. | प्रतिफल | निर्यात मूल्य | रकम | | |
| ८. | प्रतिफल | थोक तथा खुद्रा व्यापारमा कुल लगानी | रकम | | |
| ९. | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | | |
| १०. | प्रतिफल | साना उद्योग संख्या | संख्या | | |
| ११. | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | ७** | २० |
| १२. | प्रतिफल | ठूला उद्योग संख्या | संख्या | ०** | |
| १३. | प्रतिफल | व्यवसायिक अभिमूखीकरण तालिम (वार्षिक) | संख्या | | |
| १४. | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | | |
| १५. | प्रतिफल | युवा उद्यमीहरूको संख्या | संख्या | | |
| १६. | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिगत नाममा दर्ता) | संख्या | | |
| **१७.** | प्रतिफल | उत्पादनमूलक उद्योग | संख्या | ९** | १५ |
| **(घ)** | **बैङ्क तथा वित्तीय क्षेत्र** | | | | |
| १. | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | | |
| २. | प्रतिफल | नगरपालिकामा विस्तार भएका वाणिज्य बैङ्कको | संख्या | ४** | ९ |
| ३. | प्रतिफल | नगरपालिकामा विस्तार भएका विकास बैङ्क | संख्या | | |
| ४. | प्रतिफल | नगरपालिकामा विस्तार भएका लघुवित्त | संख्या | ६** | १५ |
| ५. | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | | |
| ६. | प्रतिफल | नगरपालिकामा विस्तार भएका सहकारीको संख्या | संख्या | ६०** | ७७ |
| ७. | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा (८.१०.१ क) | संख्या | | |
| ८. | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा ए.टि.एम (८.१०.१ ख) प.दि.बि.ल) | संख्या | | |
| ९. | प्रतिफल | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायीको (९.३.२) प.दि.बि.ल. | संख्या | | |
| १०. | असर | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत (१०.५.१.१) प.दि.वि.ल. | प्रतिशत | | |
| ११. | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्किङ सेवामा पहुँच भएका परिवार | प्रतिशत | | |
| **(ङ)** | **गरिबी निवारण** | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | प्रभाव | गरिबीको रेखामुनि रहेको परिवार (प.दि.बि.ल १.२.१) | संख्या | २०३७** | १८०० |
| २. | प्रभाव | बहुआयामिक गरिबीको दर (प.दि.बि.ल १.२.२) | संख्या | ४४८** | ३०० |
| ३. | प्रभाव | बेरोजगारी दर (प.दि.बि.ल ८.५.२) | प्रतिशत | | |
| ४. | प्रतिफल | गरीब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | | |
| ५. | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभान्वित घरपरिवार | संख्या | | |
| ६. | प्रतिफल | आयमूलक सिप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | | |
| ७. | असर | अशक्त, असहाय, बेसहारा आश्रय स्थलमा समेटिने | संख्या | | |
| ८. | प्रतिफल | स्वास्थ्य बिमाबाट सूरक्षित गरिएका विपन्न परिवार | संख्या | | |
| ९. | प्रतिफल | गरिबीको रेखामुनि रहेका महिला (१.२.१.१) | प्रतिशत | | |
| १०. | प्रतिफल | गरिबीको रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका (१.२.१.१) | प्रतिशत | | |
| ११. | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा खर्च (१.३.१.१) | प्रतिशत | | |
| १२. | प्रतिफल | आफ्नै नाममा अचल सम्पत्ति भएका महिला (१.४.२.१) | प्रतिशत | ९.८* | ११.५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८ (*)*
*नगर कार्यापालिकाको कार्यालय (**)*

# परिच्छेद – ४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

सभ्य र सु–संस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । सक्षम मानव संसाधन नभई कुनै पनि क्षेत्रको विकास सम्भव छैन । विश्वभर अति विकसित मुलुकहरुको समग्र विकासको कारण भनेकै ती मुलुकहरुले शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो । नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । विशेष गरी आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गरेको छ । उक्त परिप्रेक्ष्यमा राज्य विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन गएको छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँको साक्षरता प्रतिशत ७७.७ रहेको छ जसमध्ये पुरुष साक्षरता प्रतिशत ८४.७ र महिला साक्षरता प्रतिशत ७१.६ प्रतिशत रहेको छ । नगरपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार यहाँ ६७ वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् जसमध्ये ४५ वटा सामुदायिक संस्था र २२ वटा संस्थागत विद्यालय रहेका छन् ।

नगरपालिकाले शिक्षाका क्षेत्रमा शिक्षामा सुधार देश विकासको आधार भन्ने भावना विकास गर्दै नगर क्षेत्रको शैक्षिक गुणस्तर बढाउन विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी र जवाफदेही बनाउने, प्रारम्भिक बाल शिक्षा र गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई विद्यालय भित्र्याउने, टिकाउने र सिकाउने नीतिलाई निरन्तरता दिने, नगर क्षेत्र भित्रका संस्थागत विद्यालयलाई गरीब, जेहेन्दार, द्वन्द्व पिडित, महिला, दलित र विपन्न परिवारका विद्यार्थीहरुलाई अनिवार्य १० प्रतिशत छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गर्ने, विद्यार्थी मेयर भलाकुसारी कार्यक्रम सञ्चालन गर्ने, नगर क्षेत्रको शैक्षिक गुणस्तर बढाउन विद्यालय र शिक्षकहरुलाई थप प्रभावकारी र जवाफदेही बनाउनका लागि विद्यालयहरुको कार्यसम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित पुरस्कार र प्रोत्साहन कार्यलाई निरन्तरता दिने, विद्यार्थीहरुको सिकाई स्तर मूल्याङ्कनमा समानता ल्याउनका लागि नगरस्तरीय परीक्षा सञ्चालन तथा मूल्याङ्कन लागू गर्ने, नगर क्षेत्र भित्रबाट MBBS अध्ययनका लागि एक जना विद्यार्थीलाई अध्ययन अनुदान प्रदान गर्ने, वडा शिक्षा समिति मार्फत जिम्मेवार प्रधानाध्यापक, सचेत अभिभावक तथा सक्षम विद्यार्थी कार्यक्रम सञ्चालन गर्ने, शिक्षक विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी मिलान गर्ने लगायतका नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

शैक्षिक पूर्वाधारको कमजोर अवस्था, पर्याप्त विषयगत शिक्षक र शैक्षिक सामाग्रीको अभाव, शैक्षिक गुणस्तर प्रति अभिभावकको न्यून चासो, सीप र स्वरोजगारमूलक शिक्षाको कमी, नवीनतम शिक्षण प्रणाली र सूचना सञ्चार प्रणालीको न्यून प्रयोग लगायतका समस्या र चुनौती अन्य स्थानका अतिरिक्त यस पालिकामा समेत रहेका छन् ।

### ४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

स्थानीय सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास

**लक्ष्य**

गुणस्तरीय शिक्षाका मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने ।

**उद्देश्यहरू**

- ✓ पहुँच र गुणस्तर अभिवृद्धि गरी शिक्षालाई वैज्ञानिक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु ।
- ✓ दक्ष र सवल जनशक्ति निर्माण गर्न शिक्षण संस्थाको आधुनिकीकरण र प्राविधिक क्षमताको विकास तथा विस्तार गर्नु ।
- ✓ साक्षरता अभिवृद्धि र निरक्षरता शुन्यमा झार्नू ।

### ४.१.४ रणनीति

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी यसलाई पालिकाभित्रका सबै बालबालिकाका लागि अनिवार्य गर्ने ।

२. विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तथा उच्च शिक्षाको पहुँचमा सहजता, गुणस्तरीयता कायम गराउने ।
३. निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्ने ।
४. अनिवार्य तथा निशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सम्बन्धित सबै क्षेत्रलाई क्षमतावान र जवाफदेही बनाउने ।
५. अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाई मार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवन पर्यन्त सिकाईलाई सुनिश्चित गर्ने ।
६. विद्यालयहरुलाई आधुनिकिकरण गर्नका लागि सुविधा सम्पन्न भौतिक तथा प्राविधिक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने ।
७. युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गर्ने ।

### ४.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्र सुदृढीकरण | ज्ञानको विकास | ०८२/८३-०८३/८४ | ५०० | बालविकास केन्द्र सुदृढीकरण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | बालविकास केन्द्रका सहजकर्ताहरूको क्षमता विकास | शैक्षिक गुणस्तरमा सुधार | ०८२/८३-०८२/८३ | ४०० | बालविकास केन्द्रका सहजकर्ताहरूको क्षमता विकास भएको हुने |
| ३ | बाल विकास केन्द्रमा शैक्षिक तथा खेलकुद सामाग्री वितरण | शैक्षिक विकासमा जोड | ०८२/८३-०८२/८३ | १००० | बाल विकास केन्द्रमा शैक्षिक तथा खेलकुद सामाग्री वितरण भएको हुने |
| ४ | नगर प्रमुखको अध्यक्षतामा शिक्षा बोर्ड सवलीकरण | शैक्षिक गुणस्तरमा सुधार | ०८२/८३-०८२/८३ | ८५० | नगर प्रमुखको अध्यक्षतामा शिक्षा बोर्ड सवलीकरण भएको हुने |
| ५ | विद्यालयको भौतिक पूर्वाधारको मुल्याङ्कन गरेर प्राथमिकताको आधारमा विकास | शैक्षिक पूर्वाधारको विकास | ०८२/८३-०८३/८४ | १५०० | विद्यालयको भौतिक पूर्वाधारको मुल्याँकन गरेर प्राथमिकताको आधारमा विकास भएको हुने |
| ६ | आवधिक रूपमा शिक्षकको लागि क्षमता आभिवृद्धिका क्षेत्र पहिचान गरी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन | क्षमता विकास | साल बसाली | ५०० | आवधिक रूपमा शिक्षकको लागि क्षमता आभिवृद्धिका क्षेत्र पहिचान गरी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | संस्थागत विद्यालयहरूको सुपरिवेक्षण | विद्यालयको गुणस्तरीयता वृद्धि | ०८२/८३-०८३/८४ | ८०० | संस्थागत विद्यालयहरूको सुपरिवेक्षण भएको हुने |
| ८ | शिक्षक तथा सरोकारवालाहरूलाई समावेशी शिक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | शिक्षकहरुको क्षमता विकास | साल बसाली | ९०० | शिक्षक तथा सरोकारवालाहरूलाई समावेशी शिक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने |
| ९ | आविष्कार प्रदर्शनी तथा प्रतिस्पर्धा | प्राविधिक शिक्षामा जोड | ०८२/८३-०८२/८३ | ४०० | आविष्कार प्रदर्शनी तथा प्रतिस्पर्धा भएको हुने |
| १० | शिक्षामा पहुँच वृद्धि | शिक्षामा सबैको पहुँच सुनिश्चित | ०८२/८३-०८३/८४ | ७५० | शिक्षामा पहुँच वृद्धि भएको हुने |
| ११ | | | साल बसाली | ५०० | |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | विद्यालय व्यवस्थापन समितिको गठन, पुर्नगठन र सवलीकरण | शैक्षिक गुणस्तरमा वृद्धि | | | विद्यालय व्यवस्थापन समितिको गठन, पुर्नगठन र सवलीकरण भएको हुने |
| १२ | नगरस्तरमा शिक्षा अनुगमन शिक्षा उप समिती गठन तथा परिचालन | शिक्षाको गुणस्तरमा सुधार | ०८२/८३-०८३/८४ | १००० | नगरस्तरमा शिक्षा अनुगमन शिक्षा उप समिती गठन तथा परिचालन भएको हुने |
| १३ | सबै विद्यालयहरूको वेवसाइट निर्माण | शैक्षिक गुणस्तर सुधार | ०८२/८३-०८४/८५ | ५०० | सबै विद्यालयहरूको वेवसाइट निर्माण भएको हुने |
| १४ | प्रत्येक ३ महिनामा विद्यालयको कार्य सम्पादन मुल्याङ्कन गरी पुरस्कृत | शैक्षिक प्रोत्साहन | साल बसाली | ८०० | प्रत्येक ३ महिनामा विद्यालयको कार्य सम्पादन मुल्याङ्कन गरी पुरस्कृत गरिएको हुने |
| १५ | विद्यालय मुल्याङ्कन कार्यविधी तयार गरी लागु | नीतिगत दस्तावेज तयार | ०८२/८३ ०८२/८३ | २०० | विद्यालय मुल्याङ्कन कार्यविधी तयार गरी लागु भएको हुने |
| १६ | मातृभाषामा शिक्षण एवम् पाठ्यक्रम र पाठ्यपुस्तकको विकास | स्थानीय पाठ्यक्रम तय तथा लागू | ०८२/८३-०८३/८४ | ५०० | मातृभाषामा शिक्षण एवम् पाठ्यक्रम तयार गरी लागू गरिएको हुने |
| १७ | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण र पाठ्यक्रम प्रयोगका लागि विद्यालय र शिक्षकको क्षमता विकास | शिक्षाको गुणस्तरीयता वृद्धि | ०८२/८३-०८३/८४ | ३०० | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण र पाठ्यक्रम प्रयोगका लागि विद्यालय र शिक्षकको क्षमता विकास भएको हुने |
| १८ | बाल क्लव स्थापना | बालबालिकालाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | १००० | बाल क्लव स्थापना भएको हुने |
| १९ | विद्यार्थीको सहभागितामा विद्यालयको भित्ते पत्रिका तथा वल्ग निर्माण | विद्यार्थीहरुको सकृयता अभिवृद्धि तथा क्षमता विकास | साल बसाली | १२०० | विद्यार्थीको सहभागितामा विद्यालयको भित्ते पत्रिका तथा वल्ग बनाउने कार्य भएको हुने |
| २० | | | साल बसाली | २०० | |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | विद्यार्थीसँग मेयर कार्यक्रम | शैक्षिक नेतृत्व विकास | | | विद्यार्थीसँग मेयर कार्यक्रम सञ्चालन भएको हुने |
| २१ | शिक्षक कर्मचारी दरबन्दी मिलान | कर्मचारी व्यवस्थापन | ०८२/८३-०८३/८४ | | शिक्षक कर्मचारी दरबन्दी मिलान भएको हुने |
| २२ | आवश्यकता अनुसार विद्यालय गाभ्ने (मर्ज) | शैक्षिक व्यवस्थापन | ०८२/८३-०८४/८५ | | आवश्यकता अनुसार विद्यालय गाभ्ने (मर्ज) कार्य भएको हुने |
| २३ | ईसिडीको व्यवस्था तथा सामाग्री वितरण (सबै विद्यायहरूमा) | शैक्षिक सामग्रीको व्यवस्था | ०८२/८३-०८४/८५ | १३००० | ईसिडीको व्यवस्था तथा सामाग्री वितरण (सबै विद्यायहरूमा) |
| २४ | जेहेन्दार, अपाङ्गता भएका बालबालिका एवम् विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम | शैक्षिक प्रोत्साहन | साल बसाली | २५० | जेहेन्दार, अपाङ्गता भएका बालबालिका एवम् विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको हुने |
| २५ | निजी विद्यालय सञ्चालन सम्बन्धी ऐन तथा कार्यविधि तयार | कानून निर्माण | ०८२/८३-०८४/८५ | ५०० | निजी विद्यालय सञ्चालन सम्बन्धी ऐन तथा कार्यविधि तयार भएको हुने |
| २६ | विद्यार्थी भर्ना अभियान सञ्चालन | शिक्षामा सबैको पहुँच सुनिश्चित | साल बसाली | ४०० | विद्यार्थी भर्ना अभियान सञ्चालन भएको हुने |
| २७ | वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण | वैकल्पिक शिक्षालाई जोड | ०८२/८३-०८४/८५ | ५०० | वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण भएको हुने |
| २८ | विद्यालयहरूमा न्यूनतम शिक्षक सुनिश्चिता | सुलभ शिक्षा | ०८२/८३-०८३/८४ | ६०० | विद्यालयहरूमा न्यूनतम शिक्षक सुनिश्चितता भएको हुने |
| २९ | सबै विद्यालयहरूमा छात्र तथा छात्रामैत्री शौचालय निर्माण | छात्रछात्रालाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | १५०० | सबै विद्यालयहरूमा छात्र तथा छात्रामैत्री शौचालय निर्माण भएको हुने |
| ३० | सफा पिउने पानीको व्यवस्था | खानेपानी सुविधा विस्तार | साल बसाली | १३०० | सफा पिउने पानीको व्यवस्था गरिएको हुने |
| ३१ | विद्यालयमा खेलकुद मैदानको स्तरोन्नति | विद्यार्थीलाई प्रोत्साहन | ०८२/८३-०८४/८५ | ३५०० | विद्यालयमा खेलकुद मैदानको स्तरोन्नति भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३२ | विद्यालय सभा कक्ष (अडिटोरियम) निर्माण | विद्यालय पूर्वाधार निर्माण | ०८२/८३–०८३/८४ | १००० | विद्यालय सभा कक्ष (अडिटोरियम) निर्माण भएको हुने |
| ३३ | विद्यालयमा पुस्तकालय तथा डिजिटल पुस्तकालयका स्थापना | सिकाईलाई प्रोत्साहन | ०८२/८३–०८४/८५ | २००० | विद्यालयमा पुस्तकालय तथा डिजिटल पुस्तकालयका स्थापना भएको हुने |
| ३४ | विद्यालयमा विज्ञान प्रयोशाला स्थापना तथा स्तरोन्नति | विज्ञानमा रुची वृद्धि | ०८२/८३–०८३/८४ | १००० | विद्यालयमा विज्ञान प्रयोशाला स्थापना तथा स्तरोन्नति भएको हुने |
| ३५ | विद्यालयमा छात्रावास निर्माण | विद्यार्थीलाई प्रोत्साहन | ०८२/८३–०८३/८४ | १५०० | विद्यालयमा छात्रावास निर्माण भएको हुने |
| ३६ | विद्यालयहरूमा कम्प्युटर, इमेल, इन्टरनेटको व्यवस्था गर्ने र विद्यालका सबै अभिलेखहरूलाई विद्युतीकरण गर्ने तथा विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना | प्राविधिक शिक्षामा जोड | ०८२/८३–०८४/८५ | २००० | विद्यालयहरूमा कम्प्युटर, इमेल, इन्टरनेटको व्यवस्था गर्ने र विद्यालका सबै अभिलेखहरूलाई विद्युतीकरण गर्ने तथा विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना भएको हुने |
| ३७ | सबै विद्यालयमा शिक्षक तथा कर्मचारीको इ हाजिरी गर्ने व्यवस्था | इ हाजिरी व्यवस्थापन | ०८२/८३–०८३/८४ | १८०० | सबै विद्यालयमा शिक्षक तथा कर्मचारीको इ हाजिरी गर्ने व्यवस्था भएको हुने |
| ३८ | विद्यालयमा कक्षागत सूचना सञ्चार प्रविधि व्यवस्थापन र विद्युत जडान | प्रविधिमैत्री शिक्षा | ०८२/८३–०८३/८४ | १८०० | विद्यालयमा कक्षागत सूचना सञ्चार प्रविधि व्यवस्थापन र विद्युत जडान भएको हुने |
| ३९ | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरूको सुदृढीकरण तथा विस्तार | प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड | ०८२/८३–०८३/८४ | १००० | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरूको सुदृढीकरण तथा विस्तार भएको हुने |

### ४.१.६ जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक–शिक्षिकामा परिवर्तित ज्ञान तथा सीप अद्यावधिक गर्ने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, समय समयमा शिक्षक–

विद्यार्थी–अविभावक अन्तरक्रियाबाट सबै पक्षले रचनात्मक सुधार गर्ने, अध्ययनमा अभिरुची जगाउन स्थापित व्यक्तित्वसँग साक्षात्कार कार्यक्रम गर्ने, स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा पाठ्यक्रम निर्माण गर्ने, नवीनतम सूचना प्रविधिको प्रयोग बढाउने, पाठ्य सामाग्री समयमै उपलब्ध गराउने जस्ता कार्य गराइएमा नगरपालिकाको शैक्षिकस्तर सुधार भनी अनुमान गर्न सकिन्छ भने उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.२ स्वास्थ्य

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । स्वास्थ्य सम्बन्धी आधारभूत सुविधा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको भएकाले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरुको प्रबन्ध हुन अपरिहार्य छ ।

नगरपालिकाको स्वास्थ्य सेवाको बारेमा अध्ययन गर्दा सामान्य स्वास्थ्य सेवा यही रहेको आधारभूत नगर अस्पताल र स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रहरुबाट प्रदान भइरहेको छ । नगरपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार पालिकामा एक आधारभूत नगर अस्पताल (वडा नं. ७) बेल्टार, ५ वटा (वडा नं. ४, १, ८, ५, ९) मा स्वास्थ्य चौकी र ६ वटा (३, २, ६, ५, १०, १०) मा आधारभूत स्वास्थ्य केन्द्रहरु सञ्चालनमा रहेका छन् । यी संस्थाहरूबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भए तापनि धेरै जसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ ।

नगरपालिकाले स्वास्थ्य तथा पोषण सम्बन्धी क्षेत्रमा जनस्वास्थ्य तथा पोषण बारे सचेतना कार्यक्रम सञ्चालन गरी बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिने, मातृशिशु स्वास्थ्य सुरक्षा र प्रजनन स्वास्थ्य सुधारका लागि विभिन्न सचेतनामूलक कार्यक्रम, स्वयंसेविका परिचालन तथा विभिन्न परामर्श मूलक क्रियाकलापहरु सञ्चालनमा ल्याउने, कुपोषित बालबालिका रहित नगर बनाउन गर्भवती र सुत्केरी आमाहरुलाई पोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, वडाका सबै स्वास्थ्य संस्थाहरुमा आवश्यकताका आधारमा २४ घण्टे बर्थिङ सेन्टर सञ्चालनलाई निरन्तरता दिने, विपन्न बिरामीहरुको उपचारको लागि उपलब्ध गराउँदै आएको आर्थिक सहयोगलाई विपन्नताको आधारमा निरन्तरता दिने, नगरपालिकाको दुर्गम क्षेत्र वडा नम्बर १ को स्वास्थ्य चौकीमै गर्भवती जाँचका लागि ग्रामिण अल्ट्रा साउण्डको व्यवस्था गर्ने, ६० वर्ष नाघेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्मानजनक बिदाई गर्ने तथा उक्त स्थानमा नयाँ व्यक्ति छनौट गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउने, नगरपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी रुपमा निरन्तरता दिने लगायतका नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा सबै वर्ग र समूहको पहुँच र उपलब्धताको कमी, आकस्मिक र विशिष्टिकृत स्वास्थ्य सेवाका लागि सदरमुकाम लगायतका ठूला शहरमा जानुपर्ने अवस्थाको विद्यमानता, चेतनाको स्तरको न्युनता लगायतका समस्या र चुनौतीको विद्यमानता यस नगरपालिकामा समेत रहेका छन् ।

## ४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वस्थ र सुखी नागरिक |
| **लक्ष्य** |
| सबै नागरिकलाई गुणस्तरीय स्वास्थ सेवाको पहुँच सुनिश्चिता गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ निःशुल्क आधारभूत, गुणस्तरीय एवं विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु ।<br>✓ आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका मै उपलब्ध गराउनु ।<br>✓ स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रवर्द्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु । |

## ४.२.४ रणनीति

१. सरकारद्वारा प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइने ।

२. गुणस्तरीय र विशेषज्ञ स्वास्थ्य सेवामा सम्पूर्ण आमनागरिकको पहुँच सुनिश्चित गर्ने ।

३. स्वास्थ्य विपद् व्यवस्थापन पूर्व तयारी तथा सामुदायिक स्वास्थ्य प्रणाली सहितका एकीकृत उपाय अवलम्बन गर्ने ।

## ४.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको हरेक वर्ष स्तरोन्नति | स्वास्थ्य सेवा प्रवाहमा सहजता | ०८२/८३-०८३/८४ | १०००० | नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको हरेक वर्ष स्तरोन्नति भएको हुने |
| २ | स्वास्थ्य चौकीलाई १५ शैया सहितको अस्पतालमा स्तरोन्नति | गुणस्तरीय स्वास्थ्य सेवा | ०८२/८३-०८४/८५ | ५००० | स्वास्थ्य चौकीलाई १५ शैया सहितको अस्पतालमा स्तरोन्नति भएको हुने |
| ३ | सबै स्वास्थ्य चौकीमा ल्याब स्थापना | सर्वसुलभ स्वास्थ्य सेवा | ०८२/८३-०८४/८५ | २५०० | सबै स्वास्थ्य चौकीमा ल्याब स्थापना भएको हुने |
| ४ | भाडामा बसेका स्वास्थ्य केन्द्रहरुलाई आफ्नो भवन बनाई स्थानान्तरण | गुणस्तरीय स्वास्थ्य सेवा | ०८२/८३-०८४/८५ | ५००० | भाडामा बसेका स्वास्थ्य केन्द्रहरुलाई आफ्नो भवन बनाई |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | स्थानान्तरण भएको हुने |
| ५ | कच्ची भवनमा रहेका स्वास्थ्य केन्द्र तथा चौकीलाई पक्की बनाउने र निर्माणको क्रममा रहेकालाई पूर्णता | स्वास्थ्य संस्थाको गुणस्तर सुधार | ०८२/८३-०८४/८५ | १००० | कच्ची भवनमा रहेका स्वास्थ्य केन्द्र तथा चौकीलाई पक्की बनाउने र निर्माणको क्रममा रहेकालाई पूर्णता दिइएको हुने |
| ६ | स्वास्थ्य संस्थामा स्वास्थ्य उपकरणको विस्तार | गुणस्तरीय स्वास्थ्य सेवा | ०८२/८३-०८३/८४ | २००० | स्वास्थ्य संस्थाको स्वास्थ्य उपकरणको विस्तार भएको हुने |
| ७ | आयुर्वेद स्वास्थ्य संस्थाहरूको स्तरोन्नति | सर्वसुलभ स्वास्थ्य सेवा | ०८२/८३-०८३/८४ | २००० | आयुर्वेद स्वास्थ्य संस्थाहरूको स्तरोन्नति भएको हुने |
| ८ | सबै स्वास्थ्य केन्द्रहरूमा संस्थागत सुत्केरी केन्द्र स्थापना | प्रसुती सेवाको उपलब्धता | ०८२/८३-०८४/८५ | २५०० | सवै स्वास्थ्य केन्द्रहरूमा संस्थागत सुत्केरी केन्द्र स्थापना भएको हुने |
| ९ | पूर्व प्रसूती सेवा सवलीकरण | प्रसुती सेवाको स्तरोन्नति | ०८२/८३-०८२/८३ | २००० | पूर्व प्रसूती सेवा सवलीकरण भएको हुने |
| १० | सुनौलो १००० दिन (आमा बच्चा) महिलाको प्रोफाईल तयार गरी निरन्तर फलोअप | गर्भाअवस्था तथा सुत्केरी अवस्थाको महिलाको स्वास्थ्यको हेरचाह | ०८२/८३-०८४/८५ | १००० | सुनौलो १००० दिन (आमा बच्चा) महिलाको प्रोफाईल तयार गरी निरन्तर फलोअप गरिएको हुने |
| ११ | गरिबीको रेखामुनि रहेका महिलाहरूको लागि पोषण भत्ताको उपलब्धता | विपन्न वर्गलाई प्रोत्साहन | ०८२/८३-०८४/८५ | १५०० | गरिबीको रेखामुनि रहेका महिलाहरूको लागि पोषण भत्ताको उपलब्धता भएको हुने |
| १२ | नगर क्लिनिक सुदृढिकरण | स्वास्थ्य क्षेत्रको स्तरोन्नति | ०८२/८३-०८४/८५ | १००० | नगर क्लिनिक सुदृढिकरण भएको हुन् |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १३ | महिला स्वास्थ्य शिविर सञ्चालन | स्वास्थ्य सेवा विस्तार | ०८२/८३-०८४/८५ | १५०० | महिला स्वास्थ्य शिविर सञ्चालन भएको हुने |
| १४ | सुरक्षित गर्भपतन परामर्श तथा सेवा | मृत्युदर न्यूनीकरण | ०८२/८३-०८४/८५ | १५०० | सुरक्षित गर्भपतन परामर्श तथा सेवा सञ्चालन भएको हुने |
| १५ | महिला स्वयम सेवीकाहरूको लागि जीविकोपार्जन कार्यक्रम | स्वयमसेवीकाहरुलाई आर्थिक उर्पाजनमा जोड | ०८२/८३-०८४/८५ | ३००० | महिला स्वयम सेवीहरूको लागि जीविकोपार्जन कार्यक्रम सञ्चालन भएको हुने |
| १६ | निशुल्क खोपको विस्तार गरेर पूर्ण खोप सुनिश्चित | पूर्ण खोप सुनिश्चितता | साल बसाली | ५०० | निशुल्क खोपको विस्तार गरेर पूर्ण खोप सुनिश्चित भएको हुने |
| १७ | विशेषज्ञ सहितको स्वास्थ्य शिविरहरू सञ्चालन | स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित | साल बसाली | १००० | विशेषज्ञ सहितको स्वास्थ्य शिविरहरू सञ्चालन भएको हुने |
| १८ | नगरपालिका स्तरको अस्पतालमा मानसिक स्वास्थ्य परामर्श विज्ञको व्यवस्था | गुणस्तरीय स्वास्थ्य सेवा | ०८२/८३-०८४/८५ | १५०० | नगरपालिका स्तरको अस्पतालमा मानसिक स्वास्थ्य परामर्श विज्ञको व्यवस्था भएको हुने |
| २० | वंशाणुगत रोग तथा सरुवा रोगको प्रोफाईल तयार | वस्तुगत सूचनाहरु तयारी | ०८२/८३-०८३/८४ | ५०० | वंशाणुगत रोग तथा सरुवा रोगको प्रोफाईल तयार भएको हुने |
| २१ | सबै स्वास्थ्य केन्द्रहरूमा सूचना तथा औषधिहरूको व्यवस्था | सर्वसुलभ स्वास्थ्य सेवा | ०८२/८३-०८२/८३ | २००० | सबै स्वास्थ्य केन्द्रहरूमा सूचना तथा औषधिहरूको व्यवस्था भएको हुने |
| २२ | क्षयरोग, कुष्ठरोग, औलो, एच आई भि/एडस रोगका एकीकृत् सर्भिलेन्स कार्यक्रम | स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि | साल बसाली | ५०० | क्षयरोग, कुष्ठरोग, औलो, एच आई भि/एडस रोगका एकीकृत् सर्भिलेन्स कार्यक्रम सञ्चालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २३ | मुटु, क्यान्सर, किड्नी, अल्जाइमर (संघीय सरकारले व्यवस्था गरे अनुसारका) रोगीहरूलाई विशेष सहयोग कार्यक्रम | विपन्न तथा दिर्घरोगीहरूलाई विशेष सहयोग | साल बसाली | ३५०० | मुटु, क्यान्सर, किड्नी, अल्जाइमर (संघीय सरकारले व्यवस्था गरे अनुसारका) रोगीहरूलाई विशेष सहयोग कार्यक्रम सञ्चालन भएको हुने |
| २४ | जडीबुटी अध्ययन तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालन | परम्परागत चिकित्सा प्रणालीको संरक्षण | ०८२/८३–०८३/८४ | २००० | जडीबुटी अध्ययन तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालन भएको हुने |
| २५ | आपतकालिन स्वास्थ्य उपकरण र औषधीहरूको व्यवस्था | आपतकालिन सेवा सुदृढिकरण | ०८२/८३–०८३/८४ | ३५०० | आपतकालिन स्वास्थ्य उपकरण र औषधीहरूको व्यवस्था भएको हुने |
| २६ | आपतकालिन उद्धार टोलीको गठन, क्षमता विकास तथा परिचालन | आपतकालिन सेवा सुदृढिकरण | साल बसाली | १००० | आपतकालिन उद्धार टोलीको गठन, क्षमता विकास तथा परिचालन भएको हुने |
| २७ | एम्बुलेन्स सेवाको एकीकृत् विकास गरी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन | गुणस्तरीय स्वास्थ्य सेवा | ०८२/८३–०८४/८५ | २५०० | एम्बुलेन्स सेवाको एकीकृत् विकास गरी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन भएको हुने |
| २८ | स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्रको स्थापना | गुणस्तरीय स्वास्थ्य सेवा | ०८२/८३–०८३/८४ | ११०० | स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्रको स्थापना भएको हुने |
| २९ | जनचेतना तथा महामारीको व्यवस्थापन योजना तयार गरेर लागु | जनचेतना अभिवृद्धि | २०८३/०८४ – २०८३/०८४ | ५०० | जनचेतना तथा महामारीको व्यवस्थापन योजना तयार गरेर लागु भएको हुने |
| ३० | कोभिड–१९ तथा त्यस्तै आइपर्ने अन्य महामारी | स्वास्थ्य सेवा प्रवाहमा सहजता | २०८३/०८४ – २०८४/०८५ | २५०० | कोभिड–१९ तथा त्यस्तै आइपर्ने अन्य महामारी |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | नियन्त्रणको लागि विशेष कोषको स्थापना | | | | नियन्त्रणको लागि विशेष कोषको स्थापना भएको हुने |

### ४.२.६ जोखिम पक्ष तथा अनुमान

आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचिन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, सरकारका नीति र नागरिकको सचेतना विस्तार, प्रजनन स्वास्थ–सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु मृगौला लगायतका संवेदनशील अंगको सहज उपलब्धता, महिला तथा किशोरी शिक्षाको प्रचार–प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुऱ्याउन सकिएमा गुणस्तरीय स्वास्थ सेवा सुनिश्चित गर्न सकिन्छ । अपर्याप्त साधन श्रोत र जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.३ संस्कृति, भाषा, कला तथा साहित्य

### ४.३.१ पृष्ठभूमि

कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ । सदियौं देखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदायपिच्छे आ–आफ्ना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन् । ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकोले तिनीहरूको संरक्षण गर्नु जरुरी छ । चौदण्डीगढी नगरपालिका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक विविधतामा धनी नगरपालिका हो ।

यस नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन् । यहाँ क्षेत्री, राई, थारु, मगर, विश्वकर्मा, ब्राम्हण, तामाङ, परियार, मिजार, नेवार लगायतका जातजातिहरुको बसोबास रहेको छ । यो नगरपालिकामा हिन्दु धर्मावलम्बीहरुको बाहुल्यता रहेको छ भने यस बाहेक किराँत, बौद्ध, क्रिश्चियन, इस्लाम, प्रकृति लगायतका धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाति र सम्प्रदायका आ–आफ्नै खालका धर्म, संस्कृति र चालचलनहरु छन् । नगरपालिकामा दशैं, तिहार, तिज, रामनवमी, शिवरात्री, फागु पूर्णिमा, जनैपूर्णिमा, नाग पञ्चमी, माघे संक्रान्ती, साउने संक्रान्ती, कृष्ण जन्माष्टमी, उभौली (वैशाख पूर्णिमा) र उधौली (मंसिरे पूर्णिमा) साकेला पर्व, भूमे (भुम्या) पर्व, बुद्ध पूर्णिमा, क्रिश्मस जस्ता चाडपर्व मनाउने गरेको पाइन्छ । यहाँ विभिन्न धार्मिक एवं साँस्कृतिक स्थलहरु (जस्तैः शिवालय मन्दिर, बसाहा थान मन्दिर, कन्या औल्श्री गुम्बा, द्वारदानी देवी स्थान, थान पोखरी मन्दिर, लिङ्गेश्वर शिवालय मन्दिर आदि) रहेका छन् ।

### ४.३.२ समस्या तथा चुनौती

स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा ठोस योजनाको कमी, युवा पुस्ताको उदासिनता, प्राचिनता र मौलिकता संरक्षण गर्ने तर्फ पर्याप्त अध्ययन अनुसन्धान, लगानी तथा अग्रसरताको कमी,

स्थानीय पाठ्यक्रममा स्थानीय कला साहित्य संरक्षण सम्बन्धी विषय वस्तुको विकास र समावेश लगायतका विविध समस्या र चुनौतीको विद्यमानता यस नगरपालिकामा समेत रहेका छन् ।

### ४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सभ्य र सु–संस्कृत समाजको निर्माण |
| **लक्ष्य** |
| संस्कृति, भाषा, कला र साहित्यको जर्गेना र विकास मार्फत सभ्य र सौहार्दपूर्ण समाजको स्थापना गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय पहिचान कायम हुने भाषा, कला, संस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु । |
| ✓ संस्कृति, भाषा, कला तथा साहित्यको सिर्जनात्मक विकासमा टेवा पुऱ्याउनु । |

### ४.३.४ रणनीति

१. संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखीकरण गर्ने ।
२. भाषा, संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने ।
३. कला, साहित्य, भाषा, संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने ।
४. साँस्कृतिक, साहित्यिक, भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।

### ४.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अमूर्त साँस्कृतिक सम्पदाको Inventory तयार | साँस्कृतिक सम्पदा सम्बन्धी अध्ययन | ०८२/८३-०८२/८३ | १५०० | अमूर्त साँस्कृतिक सम्पदाको Inventory तयार भएको हुने |
| २ | अमूर्त साँस्कृतिक सम्पदा तथा बौद्धिक सम्पदाको विवरण प्रकाशन | साँस्कृतिक सम्पदाको अद्यावधिक अभिलेख | ०८२/८३-०८२/८३ | ५०० | साँस्कृतिक सम्पदा तथा बौद्धिक सम्पदाको विवरण प्रकाशन भएको हुने |
| ३ | साँस्कृतिक वृत्तचित्र निर्माण | सूचनाको सम्प्रेषण | ०८२/८३-०८२/८३ | १००० | पालिकाको साँस्कृतिक वृत्तचित्र निर्माण भएको हुने |
| ४ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन | सर्जकको अभिलेखाङ्कन र सम्मान | ०८२/८३-०८२/८३ | ३०० | पालिकाको लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | विद्यालय तथा अन्तर विद्यालय साँस्कृतिक प्रतियोगिता | स्वस्थ प्रतिस्पर्धा मार्फत सँस्कृतिको प्रवर्द्धन | ०८२/८३-०८४/८५ | ५०० | विद्यालय तथा अन्तर विद्यालय साँस्कृतिक प्रतियोगिता संचालन भएको हुने |
| ६ | राष्ट्रिय तथा प्रादेशिकस्तरको साँस्कृतिक प्रतियोगिता तयारी कोष स्थापना | संस्कृतिको प्रवर्द्धनलाई प्रोत्साहन | ०८३/८४-०८३/८४ | १००० | राष्ट्रिय तथा प्रादेशिकस्तरको साँस्कृतिक प्रतियोगिता तयारी कोष स्थापना भएको हुने |
| ७ | साँस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | पर्यटन प्रवर्द्धन | ०८२/८३-०८३/८४ | २०० | पालिकाका साँस्कृतिक गतिविधि बारे प्रचार प्रसार भएको हुने |
| ८ | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम | परम्परा, मौलिकता र संस्कृतिको संरक्षण | ०८२/८३-०८३/८४ | ३०० | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम संचालन भएको हुने |
| ९ | कला, साहित्य र संस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया | सर्जकको राय परामर्शको सम्मान | ०८२/८३-०८२/८३ | २०० | कला, साहित्य र संस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया भएको हुने |
| १० | पालिकास्तरीय साँस्कृतिक कोषको निर्माण | साँस्कृतिक कार्यमा सहजीकरण | साल बसाली | ५०० | पालिकास्तरीय साँस्कृतिक कोषको निर्माण भएको हुने |
| ११ | कलाकार, सर्जक तथा कला–पत्रकार सम्मान | सर्जकको सम्मान | साल बसाली | १०० | कम्तीमा २० जना कलाकार, सर्जक तथा कला–पत्रकार सम्मानित भएको हुने |
| १२ | कला संग्रहालय निर्माण | संस्कृतिको संरक्षण | ०८२/८३–८४/८५ | ५००० | पालिकास्तरीय एक कला संग्रहालय निर्माण गरिएको हुने |
| १३ | नियमित साँस्कृतिक गतिविधि, उत्सव आयोजना | मनोरञ्जन र संस्कृतिको संरक्षण | ०८२/८३-०८४/८५ | १५०० | नियमित रुपमा साँस्कृतिक गतिविधि तथा उत्सव आयोजना भएको हुने |

### ४.३.६ जोखिम पक्ष तथा अनुमान

योजनाबद्ध साँस्कृतिक प्रदर्शनी, महोत्सव, मेलाको आयोजना, सर्जकलाई प्रोत्साहन, साँस्कृतिक समूहलाई प्रतिस्पर्धा, प्रदर्शनीमा भाग लिन प्रोत्साहन, कला संग्रहालयको निर्माण तथा स्थानीयबासीलाई मौलिकताको संरक्षणमा प्रोत्साहित गर्न सकिएमा कला संस्कृतिको संरक्षणमा अपेक्षाकृत नतिजा हासिल गर्न सकिन्छ भनी अनुमान गर्न सकिन्छ भने बहुसरोकारवाला निकायको सहभागिता नभएमा क्षयीकरण हुँदै जाने जोखिम रहन्छ ।

## ४.४ लैङ्गिक समानता, ज्येष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

सामाजिक जागरणको पर्याप्तता नभएको, राजनीतिक चेतनाको परिपक्कता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गीय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भई नसकेकाले नेपालमा लैङ्गिक समानता, ज्येष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाईहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भागमै रहेका छन् । यसर्थ यस नगरपालिकामा समेत यी सवालहरूको व्यापक सान्दर्भिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नुपर्ने देखिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँको जम्मा जनसंख्या मध्ये २८,४७४ अर्थात ५३.०९ प्रतिशत महिलाको जनसंख्या रहेको छ । यसैगरी नगरपालिकामा १४ वर्ष मुनीका बालबालिकाको संख्या १४,१९० रहेकोमा ७,०४७ जना बालिका र ७,१४३ जना बालकहरु रहेका छन् । यहाँ ७५ वर्ष उमेर समूहभन्दा माथिका व्यक्तिहरुको संख्या १,५७२ रहेकोमा ७३२ जना पुरुष र ८४० जना महिलाहरु रहेका छन् । यहाँको जम्मा जनसंख्या मध्ये १,५६२ जना अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् ।

### ४.४.२ समस्या तथा चुनौती

जातिय विभेदको अन्त्य नहुनु, लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणमा गरिएको लगानी, कार्यक्रम र प्रयासले प्रभावकारी नतिजा ल्याउन नसक्नु, सामाजिक सुरक्षा र संरक्षणका दिगो र स्थायी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने तथा समता र समानता आधारित समाजको निमार्ण गर्नुपर्ने चुनौती यस नगरपालिकामा रहेका छन् ।

### ४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| चौदण्डीगढीको सभ्यता, न्यायपूर्ण समाज र सामाजिक सौहार्दता |
| **लक्ष्य** |
| सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने । |

**उद्देश्यहरू**

- ✓ पारिवारिक, आर्थिक र कानूनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन, आवश्यक सेवा सुविधा उपलब्ध गराई उनीहरुको ज्ञान, सिप र अनुभवलाई आर्थिक सामाजिक रुपान्तरण र विकासमा उपयोग गर्नु ।
- ✓ अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै उनीहरुको सहज जीवनयापनको लागि पुर्नस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीको व्यवस्था गर्नु ।

## ४.४.४ रणनीति

१. पारिवारिक र सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।
२. असहाय, अशक्त, एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको कानूनी तथा संस्थागत व्यवस्था गर्ने ।
३. ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्नका लागि नीति निर्माणमा सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने ।
४. अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण गर्न नीति निर्माण तथा कानून पुनरावलोकन गर्ने ।
५. भौतिक संरचना अपाङ्गमैत्री बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच, प्राप्ति र अवसरको सिर्जना गर्ने ।
६. अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारका सुविधा सहितको पुर्नस्थापना सेवाको व्यवस्था गर्ने ।
७. अपाङ्गता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र हिंसा अन्त्य गर्ने ।

## ४.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण | महिला शिक्षामा जोड | ०८२/८३-०८२/८३ | २०० | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण भएको हुने |
| २ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन | महिला हिंसा तथा लैङ्गिक भेदभाव न्यूनीकरण | ०८२/८३-०८२/८३ | १०० | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन भएको हुने |
| ३ | अनिवार्य छोरी शिक्षा कार्यक्रम | महिला साक्षरता र सशक्तिकरण | ०८२/८३-०८३/८४ | १३०० | अनिवार्य छोरी शिक्षा कार्यक्रम संचालन भएको हुने |
| ४ | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वर्षभरी सप्ताहव्यापी कार्यक्रम | महिला हिंसा र दाइजो विरुद्ध अभियान सञ्चालन | ०८२/८३-०८२/८३ | १५०० | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वर्षभरी सप्ताहव्यापी कार्यक्रम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक–शिक्षिका अभिमूखीकरण कार्यक्रम | यौनजन्य हिंसा सम्बन्धी जनचेतना | साल बसाली | ६०० | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक–शिक्षिका अभिमूखीकरण कार्यक्रम संचालन भएको हुने |
| ६ | महिला सीप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | नेतृत्व र आर्थिक सबलीकरणमा जोड | साल बसाली | १५०० | महिला सीप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चाल नभएको हुने |
| ७ | सफल महिला उद्यमी साक्षात्कार कार्यक्रम | महिला उद्यमीको पहिचान र प्रोत्साहन | ०८२/८३-०८२/८३ | १०० | महिला उद्यमीको पहिचान र प्रोत्साहन गरिएको हुने |
| ८ | नमूना महिला लघु उद्यमी समूह तथा व्यवसायीलाई मापदण्डका आधारमा venture capital को प्रवन्ध | महिला उद्यमशिलता प्रवर्द्धनमा जोड | ०८२/८३-०८३/८४ | १३०० | २० वटा महिला लघु उद्यमी समूह तथा व्यवसायीलाई मापदण्डका आधारमा venture capital को प्रवन्ध भएको हुने |
| ९ | न्यायिक समितिमा लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम | न्यायिक समितिको सशक्त भूमिका | ०८२/८३-०८२/८३ | ४०० | न्यायिक समितिमा लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम संचालन भएको हुने |
| १० | एकल महिला आत्मनिर्भर कार्यक्रम व्याज अनुदान | एकल महिलाको सामाजिक सम्मानमा वृद्धि | ०८२/८३-०८३/८४ | १००० | २० जना एकल महिला लाई आत्मनिर्भर कार्यक्रम मार्फत व्याज अनुदान प्रदान भएको हुने |
| ११ | महिला सुरक्षा गृहको निर्माण | हिंसा पिडित महिलालाई आश्रय र सुरक्षा | ०८३/८४-०८४/८५ | १५०० | महिला सुरक्षा गृहको निर्माण भएको हुने |
| १२ | महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना | महिला उद्यमशीलतालाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | १५०० | महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना भएको हुने |
| १३ | पालिकामा “ज्येष्ठ नागरिक सहयोग कक्ष” गठन | ज्येष्ठ नागरिकलाई सहयोग | ०८२/८३-०८२/८३ | १०० | पालिकामा “ज्येष्ठ नागरिक सहयोग कक्ष” गठन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १४ | ज्येष्ठ नागरिक वडास्तरीय निःशुल्क स्वास्थ्य शिविर सञ्चालन | ज्येष्ठ नागरिक केन्द्रित स्वास्थ्य सुविधा | साल बसाली | ६०० | ज्येष्ठ नागरिक वडास्तरीय निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको हुने |
| १५ | वडास्तरीय ज्येष्ठ नागरिक सत्संग, योग तथा ध्यान केन्द्र निर्माण | सत्संग, योग तथा ध्यान सुविधा | ०८२/८३-०८३/८४ | १५०० | वडास्तरीय ज्येष्ठ नागरिक सत्संग, योग तथा ध्यान केन्द्र निर्माण भएको हुने |
| १६ | ज्येष्ठ नागरिक तिर्थाटन परिवहन अनुदान | ज्येष्ठ नागरिकलाई तिर्थयात्रामा सहजीकरण | साल बसाली | ४०० | ज्येष्ठ नागरिक तिर्थाटन परिवहन अनुदान वितरण गरिएको हुने |
| १७ | ज्येष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रममा अति विपन्न अनुदान | सुलभ स्वास्थ्य सेवा | ०८२/८३-०८३/८४ | ४०० | ज्येष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रममा अति विपन्न अनुदान वितरण गरिएको हुने |
| १८ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ज्येष्ठ नागरिकलाई प्रोत्साहन | साल बसाली | ५०० | कम्तीमा ६० जना ज्येष्ठ नागरिक सम्मानित भएको हुने |
| १९ | पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन र अपाङ्गता परिचय पत्र वितरण | परिचय पत्र वितरण | साल बसाली | ५०० | पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन र अपाङ्गता परिचय पत्र वितरण भएको हुने |
| २० | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा शिप विकास तालिम | सीप र आर्थिक निर्भरता | साल बसाली | १२०० | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा शिप विकास तालिम संचालन भएको हुने |
| २१ | पूर्ण अपाङ्गहरूलाई आवश्यकता अनुसार सामाग्री र जीवन निर्वाह भत्ता | अपाङ्गमैत्री सामाग्री वितरण जीवन निर्वाहमा सहयोग | ०८२/८३-०८२/८३ | ७०० | पूर्ण अपाङ्गहरूलाई आवश्यकता अनुसार सामाग्री र जीवन निर्वाह भत्ता वितरण भएको हुने |
| २२ | अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुको नाममा बैङ्कमा रु. १००० को खाता सञ्चालन | सामाजिक सुरक्षा | ०८२/८३-०८४/८५ | २५०० | अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुको नाममा बैकमा रु. १००० को खाता सञ्चालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २३ | सरकारी सेवामा मूल प्रवाहिकरण गर्न विशेष तयारी कक्षा सञ्चालन | क्षमता विकास | ०८२/८३-०८३/८४ | ९०० | सरकारी सेवामा मूल प्रवाहिकरण गर्न विशेष तयारी कक्षा सञ्चालन भएको हुने |
| २४ | लक्षित वर्ग अभिभावक शिक्षा तथा शैक्षिक सामाग्री वितरण | शैक्षिक सामाग्रीको सहज उपलब्धता | ०८३/८४-०८४/८५ | २००० | लक्षित वर्ग अभिभावक शिक्षा तथा शैक्षिक सामाग्री वितरण भएको हुने |
| २५ | दलित नमूना बस्ती र दलित महिला सहकारी स्थापना अन्तरक्रिया | सामाजिक र आर्थिक सशक्तिकरण | ०८२/८३-०८३/८४ | ३०० | दलित नमूना बस्ती र दलित महिला सहकारी स्थापना अन्तरक्रिया कार्यक्रम संचालन भएको हुने |
| २६ | दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न विशेष अभिमूखीकरण कार्यक्रम | परम्परागत सीपको आधुनिकिकरण | ०८२/८३-०८२/८३ | २०० | दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न करिब १०० जनालाई विशेष अभिमूखीकरण कार्यक्रम संचालन भएको हुने |
| २७ | दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको स्थापना | गुणस्तरीय शिक्षामा सबैको पहुँच | ०८२/८३-०८४/८५ | १८०० | करिब ५० दलित विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गरिएको हुने |

### ४.४.६ जोखिम पक्ष तथा अनुमान

महिला, ज्येष्ठ नागरिक, दलित, लैङ्गिक रुपमा अल्पसंख्यक आदिको आवश्यकताको सहि पहिचान भई सम्बोधनका कार्यक्रम प्रभावकारी रुपमा तयार भएमा मात्र मनो-सामाजिक सोच र व्यवहारमा परिवर्तन हुन्छ । घरेलु तथा यौनजन्य हिंसा विरुद्ध शुन्य सहशीलता, बालिका शिक्षामा लगानी, विकासका आयोजना/कार्यक्रम छनौट, निर्णय निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिएमा महिला सशक्तिकरण, सामाजिक/आर्थिक नेतृत्व विकास हुने अनुमान रहेको छ भने प्राथमिकता र आवश्यकता अनुसारको स्रोत विनियोजन, बहुसरोकारवाला पक्षको समन्वय हुन नसकेमा अपेक्षित उपलब्धि हुन नसक्ने जोखिम रहन्छ ।

## ४.५ बालबालिका

### ४.५.१ पृष्ठभूमि

बालबालिका तथा किशोरकिशोरीलाई भविष्यका कर्णधारको रुपमा लिइन्छ । किनकि हालको बालबालिकाको समग्र अवस्थाले भोलि राष्ट्र निर्माण तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संसाधन

कस्तो हुनेछ भन्ने निर्धारण गर्दछ । त्यसकारण नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी बालअधिकार संरक्षण राज्यको अनिवार्य दायित्व भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा दिगो विकास लक्ष्य समेत बालबालिका तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका विभेद अन्त्य गर्नेतर्फ लक्षित रहेको छ । बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरू बाल अधिकार अर्थात् नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय भोलिको समाज र राष्ट्र निर्माणमा गरिने बृहत् लगानीसँग गाँसिएका विषयहरू हुन् ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार नगरपालिकामा जन्मे देखि १४ वर्ष उमेर समूहका बालबालिकाको संख्या १४,१९० अर्थात २६.४६ प्रतिशत रहेको छ । यसरी बालबालिकाको संख्या धेरै हुनुले ठूलो रकम यी बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गर्नुपर्ने हुन्छ । बालबालिकाहरूलाई स्वास्थ्य तथा पोषणका हिसाबले समेत पूर्ण सुरक्षित राख्नु नगरपालिकाको दायित्वभित्र पर्दछ ।

### ४.५.२ समस्या तथा चुनौती

परम्परागत हिंसा तथा सामाजिक सञ्जालमार्फत हुने हिंसाका कारण बालबालिका तथा किशोरकिशोरी संवेदनशील अवस्थामा रहनु, सरकारले बालबालिकाको क्षेत्रमा गरेको लगानी पर्याप्त र प्रभावकारी नहुनु, विपन्नताका कारण धेरै बालबालिकाहरू आधारभूत आवश्यकता र अधिकारबाट बञ्चित हुनु, बालबालिकालाई उचित शिक्षा, पोषण र स्वास्थ्यको पूर्ण ग्यारेन्टी गर्न नसकिनु, बालबालिकाको उचित स्याहार र अधिकारको प्रत्याभूति गर्नु लगायतका समस्या र चुनौती यस नगरपालिकामा समेत रहेका छन् ।

### ४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज |
| **लक्ष्य** |
| बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हकअधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ बालबालिका तथा किशोरकिशोरीमैत्री स्थानीय वातावरण सिर्जना गरी उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धन र शारीरिक तथा मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।<br>✓ बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु । |

## ४.५.४ रणनीति

१. बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने ।

२. बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच बृद्धि गर्ने ।

३. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने ।

४. असहाय, अनाथ, अपाङ्गता भएका अशक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई नगरपालिकाबाट संरक्षण र सम्बर्द्धन गर्ने ।

५. विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने ।

६. नगरपालिकाले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने ।

७. बालबालिकाको पहुँचयुक्त पूर्वाधार निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने ।

८. विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने ।

## ४.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | बालबालिकाको स्थिति अवगत | ०८२/८३-०८२/८३ | १००० | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी भएको हुने |
| २ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | बाल अधिकार सम्बन्धी सचेतना अभिवृद्धि | साल बसाली | ६०० | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम संचालन भएको हुने |
| ३ | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | शिक्षा स्वास्थ्य र पोषणमा सबै बालबालिकाको पहुँच सुनिश्चित | ०८३/८४-०८३/८४ | १२०० | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध भएको हुने |
| ४ | बाल संरक्षण समिति स्थापना | बाल संरक्षण | ०८२/८३-०८३/८४ | १०० | बाल संरक्षण समिति स्थापना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | बालकोष निर्माण | बाल संरक्षण | ०८२/८३-०८२/८३ | १४०० | बालकोष निर्माण भएको हुने |
| ६ | बालश्रम र बालविवाह मुक्त पालिका घोषणा | बालमैत्री नगरपालिका | ०८२/८३-०८३/८४ | ५०० | बालश्रम र बालविवाह मुक्त पालिका घोषणा भएको हुने |
| ७ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभिवृद्धि | साल बसाली | ७०० | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान गरिएको हुने |
| ८ | बालक्लवमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम | बालबालिकाको नेतृत्व विकास | ०८२/८३-०८२/८३ | ३०० | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम संचालन भएको हुने |
| ९ | बाल हेल्पलाईन सञ्चालन | समस्यामा परेका बालबालिकालाई सहयोग | ०८२/८३-०८३/८४ | २०० | बाल हेल्पलाईन सञ्चालनमा आएको हुने |
| १० | बाल उद्यान सम्भाव्यता अध्ययन | बालमैत्री नगरपालिका | ०८२/८३-०८२/८३ | १०० | बाल उद्यान सम्भाव्यता अध्ययन भएको हुने |

### ४.५.६ जोखिम पक्ष तथा अनुमान

बालमनोविज्ञान, बाल आवश्यकता, रुची र चाहना तथा समयको माग अनुकुलका तहगत सरकारका नीति, विधी र कार्यक्रम तथा शिक्षा प्रणालीको विकास गरिएमा भविष्यको लागि आवश्यक जनशक्ति र प्रतिस्पर्धी कर्णधारको विकास गर्न सकिने अनुमान गर्न सकिन्छ भने नैतिकता, सामाजिक मुल्य र मान्यता, अनुशासन जस्ता विषयमा बालबालिकालाई मूलप्रवाहीकरण गर्न नसकिएमा समग्र देशको भविष्य नै अन्यौलग्रस्त हुन सक्छ ।

## ४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार

### ४.६.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार चौदण्डीगढी नगरपालिकाभित्र १५ देखि ५९ वर्षसम्मका सक्रिय युवाहरुको संख्या ३२,९५० अर्थात ६१.४४ प्रतिशत रहेको छ । जसमध्ये महिलाको संख्या १७,९४१ र पुरुषको संख्या १५,००९ जना रहेको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांश हो ।

नगरपालिकाले युवा, मानव संसाधन, श्रम तथा रोजगारका क्षेत्रमा दुव्र्यसनमा दुर्व्यसनमा परेका युवा जनशक्तिहरुलाई समाजमा पुनःस्थापना गराउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, वैदेशिक रोजगारीबाट

फर्केका व्यक्तिहरुको सिप, ज्ञान, प्रविधि, पूँजी र क्षमताको पूर्ण उपयोग गर्दै उनीहरुलाई स्वदेशमै उद्यमशिलतामा लगाउनका लागि आवश्यक सिप तथा तालिम एवं वित्तीय पहुँच अभिवृद्धि गर्ने, वैदेशिक रोजगारीमा जान चाहनेलाई सुरक्षित वैदेशिक रोजगारीका लागि आवश्यक समन्वय, पहल र परामर्श दिने, रोजगारीको क्षेत्र पहिचान तथा नक्शाङ्कन गर्ने, रोजगारदाताको माग बमोजिमको श्रमिक उपलब्ध गराउन सहजिकरण गर्ने लगायतका नीति अगाडि सारेको छ ।

### ४.६.२ समस्या तथा चुनौती

श्रमको सम्मान गर्ने भावना, सीप, स्वरोजगार र उद्यमशिलता विकास गर्ने शिक्षा प्रणालीको विकास, सकारात्मकता, सामाजिक सद्भाव र सामुदायिक विकासमा योगदान सम्बन्धी चेतनाको विस्तार, अनुशासन र सामाजिक कु–संस्कार उन्मुलन योगदानमा युवाको संलग्नता वृद्धिको कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने चुनौती रहेका छन् । युवा पलायनलाई रोक्न ठोस योजनाको कमी जस्ता समस्या समेत विद्यमान रहेका छन् ।

### ४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| **लक्ष्य** |
| स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवाशक्तिको विकास र परिचालन गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ युवामा दक्षता र क्षमताको विकास गरी उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु ।<br>✓ नगरपालिका भित्र मर्यादित रोजगारका अवसरहरु सिर्जना गर्दै बेरोजगारी न्यूनीकरण गर्नु ।<br>✓ वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु ।<br>✓ श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु । |

### ४.६.४ रणनीति

१. नीति निर्णयमा युवा सहभागिता बढाउने ।
२. युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने ।
३. युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरु विस्तार गरी उद्यमशील बनाउने ।
४. युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने ।
५. सीप तथा व्यवसायिक तालिमको व्यवस्था गरी नगरपालिकाभित्रै पर्याप्त र मर्यादित रोजगारी एवं स्व–रोजगारीका अवसर सिर्जना गर्ने ।

६. वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकुल सरक्षित र व्यवस्थित बनाउने ।

## ४.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा नीति तथा मापदण्ड निर्माण | कानून निर्माण | ०८२/८३-०८२/८३ | २०० | युवा नीति तथा मापदण्ड निर्माण भएको हुने |
| २ | युवा स्वयंसेवक परिचालन | युवा परिचालन | साल बसाली | १५०० | युवा स्वयंसेवक परिचालन भएको हुने |
| ३ | नगरस्तरीय योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनमा युवाहरूको सहभागीता वृद्धि | युवाहरुको क्षमता विकास | साल बसाली | ४०० | नगरस्तरीय योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनमा युवाहरूको सहभागीता वृद्धि भएको हुने |
| ४ | युवा लक्षित प्राविधिक तथा व्यावसायिक तालिम | तालिम प्राप्त युवा उत्पादन | ०८३/८४-०८३/८४ | ७०० | युवा लक्षित प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त भएको हुने |
| ५ | युवाहरूलाई सहुलियत दरमा कर्जा प्रवाह कार्यक्रम | युवाहरुलाई प्रोत्साहन | साल बसाली | १३०० | युवाहरूलाई सहुलियत दरमा कर्जा प्रवाह कार्यक्रम सञ्चालन भएको हुने |
| ६ | उत्पादनमूलक उद्यमका लागि अनुदान | रोजगारीको सिर्जना | ०८२/८३-०८३/८४ | १५०० | उत्पादनमूलक उद्यमका लागि अनुदान प्राप्त भएको हुने |
| ७ | परम्परागत पेशाको व्यावसायीकरण | आर्थिक समृद्धि | साल बसाली | ३५० | परम्परागत पेशाको व्यावसायीकरण भएको हुने |
| ८ | विविध क्षेत्रका उत्कृष्ट युवा र स्रष्टाहरूको पहिचान गरी प्रोत्साहन र पुरस्कार प्रदान | कलाकार उत्पादन | ०८२/८३-०८२/८३ | ४०० | विविध क्षेत्रका उत्कृष्ट युवा र स्रष्टाहरूको पहिचान गरी प्रोत्साहन र पुरस्कार प्रदान भएको हुने |
| ९ | आचरण र सदाचारबारे युवाहरूलाई प्रशिक्षण | युवामा नेतृत्व क्षमताको अभिवृद्धि | ०८२/८३-०८२/८३ | २५० | आचरण र सदाचारबारे युवाहरूलाई प्रशिक्षण दिइएको हुने |
| १० | रोजगार सूचना केन्द्रको स्थापना | रोजगारीको सिर्जना | ०८३/८४-०८३/८४ | ५०० | रोजगार सूचना केन्द्रको स्थापना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ११ | श्रमिक बेरोजगार र शैक्षिक बेरोजगारको तथ्याङ्क संकलन र अद्यावधिक | युवाको बारेमा जानकारी | ०८२/८३-०८२/८३ | २०० | श्रमिक बेरोजगार र शैक्षिक बेरोजगारको तथ्याङ्क संकलन र अद्यावधिक भएको हुने |
| १२ | सिप विकास केन्द्रको स्थापना | क्षमता अभिवृद्धि | ०८२/८३-०८३/८४ | ६०० | सिप विकास केन्द्रको स्थापना भएको हुने |
| १३ | तालिम आवश्यकता पहिचान सर्वेक्षण | तालिम प्राप्त युवा उत्पादन | ०८२/८३-०८३/८४ | ३५० | तालिम आवश्यकता पहिचान सर्वेक्षण भएको हुने |
| १४ | छोटो तथा लामो अवधिको तालिम कार्यक्रमहरू सञ्चालन | सिप विकास | साल बसाली | १२०० | छोटो तथा लामो अवधिको तालिम कार्यक्रमहरू सञ्चालन भएको हुने |
| १५ | उद्यमशीलता विकास तालिमको सञ्चालन | नव उद्यमी पहिचान | साल बसाली | १२५० | उद्यमशीलता विकास तालिमको सञ्चालन भएको हुने सीप परीक्षणको व्यवस्था (समूहमा) भएको हुने |
| १६ | सीप परीक्षणको व्यवस्था (समूहमा) | सिप विकास | ०८२/८३-०८२/८३ | ४०० | सीप परीक्षणको व्यवस्था (समूहमा) भएको हुने |
| १७ | विपन्नहरूका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनका लागि सहयोग कार्यक्रम | अनुदानको व्यवस्था | साल बसाली | ९०० | विपन्नहरूका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनका लागि सहयोग कार्यक्रम सञ्चालन भएको हुने |
| १८ | उद्यमीहरूलाई उद्योग स्थापना तथा सञ्चालन अनुदान (समूहगत) | नव उद्यमीहरुलाई प्रोत्साहन | ०८२/८३-०८२/८३ | १७०० | उद्यमीहरूलाई उद्योग स्थापना तथा सञ्चालन अनुदान (समूहगत) प्राप्त भएको हुने |
| १९ | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिम सञ्चालन | युवाहरुलाई रोजगारमूलक तालिमको व्यवस्था | साल बसाली | १२०० | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिम सञ्चालन भएको हुने |
| २० | वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम | युवाहरुलाई प्रोत्साहन | साल बसाली | १४०० | वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम प्राप्त भएको हुने |

### ४.६.६ जोखिम पक्ष तथा अनुमान

नगर क्षेत्रमा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायिक खोजकर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक/प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् भनी अनुमान गर्न सकिन्छ भने युवा लक्षित नीति/कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भावमा स्खलन, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगि समाज अवन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.७ खेलकुद तथा मनोरञ्जन

### ४.७.१ पृष्ठभूमि

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धन मार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारत समेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ ।

नगरपालिका बाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार हाल नगरपालिकामा  भोर्लेनी खेल मैदान, बँदेल पानी खेल मैदान, राजानागी खेल मैदान, हात्तिसार खेल मैदान, दुवार हांग (श्री पंचमी) खेल मैदान, बन कार्यालय परिसर खेल मैदान, सहिद स्मारक खेल मैदान, देवीस्थान डाँडा खेल मैदान, सगरमाथा खेल मैदान, लामेचौर खेल मैदान, झोरा पाटा ब्याडमिन्टन कोर्ट, कबोर्ड हल र खेल मैदान (सुन्दरपुर), ब्याडमिन्टन कोर्ट, सिवाही खेल मैदान, खोरिया टोल खेल मैदान, ब्यायामशाला (जिमखाना), क्रिकेट मैदान (सातधारे), कबोर्ड हल, सिरवानी र केचुवा खेल मैदान, ब्यायामशाला (जिमखाना), कबोर्ड हल, ब्याडमिन्टन कोर्ट, नारदमुनी खेल मैदान- बसाहा खेलमैदानका साथै प्रत्येक  वडामा साना तथा ठूला खेलमैदान गरी जम्मा २१ वटा खेलमैदानहरु रहेका छन् । यसका अलावा यहाँ  विभिन्न्  खुला चौर क्षेत्र र प्रत्येक विद्यालयको हाता भित्र १/१ वटा खेलमैदानहरु  रहेका छन् ।

पालिकाले खेलकुद तथा मनोरञ्जनका क्षेत्रमा खेलकुदको विकास गर्न आवश्यक खेलका खेल प्रशिक्षकहरु राखी युवा खेलाडीहरुलाई प्रशिक्षण गर्ने कार्यक्रम सञ्चालन गर्ने, नगरस्तरीय खेलकुद समितिसँगको समन्वयमा स्थानीय तथा राष्ट्रियस्तरका खेल प्रतियोगिता सञ्चालन गर्ने, नगरभित्रबाट राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा विभिन्न खेलमा सहभागी हुने खेलाडीहरुलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने, वडा खेलकुद समितिलाई प्रभावकारी बनाउँदै वडा तहमै विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्ने लगायतका नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

## ४.७.२ समस्या तथा चुनौती

खेलकुद क्षेत्रको विकासका लागि दीर्घकालीन सोचको अभाव, खेलाडीमा व्यवसायिकताको कमी, आधुनिक र सुविधा सम्पन्न खेल र मनोरञ्जनात्मक पूर्वाधारको अभाव, समयसापेक्ष क्षेत्रीय र राष्ट्रियस्तरका प्रतिस्पर्धाको आयोजना नहुनु लगायतका चुनौती विद्यमान रहेका छन् ।

## ४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

स्वच्छ, व्यवसायिक र प्रविधिमैत्री खेलकुद अभिवृद्धि

**लक्ष्य**

खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार पार्दै अन्तराष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गर्दै पहिचान स्थापित गर्ने ।

**उद्देश्यहरू**

- ✓ खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु ।
- ✓ खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु ।

## ४.७.४ रणनीति

१. खेलकुदको विकासका लागि भौतिक पूर्वाधारको निर्माण, संरक्षण र सम्बर्द्धन गर्ने।
२. नगरपालिकास्तरीय खेलकुद सम्पन्न गर्ने ।

## ४.७.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगरपालिकास्तरको रङ्गशालाको निर्माण | खेलकुद विकासका लागि संस्थागत, आर्थिक र अन्य व्यवस्थापन | ०८२/८३-०८४/८५ | १५००० | नगरपालिकास्तरको रङ्गशालाको निर्माण भएको हुने |
| २ | नगरपालिकास्तरीय सेमी कभर्डहल निर्माण | खेलकुदको विकासमा जोड | ०८२/८३-०८३/८४ | ७००० | नगरपालिकास्तरीय सेमी कभर्डहल निर्माण भएको हुने |
| ३ | वडाका खेलकुद मैदानको स्तरोन्नति | खेलमैत्री वातावारण निर्माण | ०८२/८३-०८४/८५ | २००० | वडाका खेलकुद मैदानको स्तरोन्नति भएको हुने |
| ४ | नगरको गौरव राख्न सफल खेलाडीलाई सम्मान | खेलाडीको हौसला वृद्धि | साल बसाली | १५०० | नगरको गौरव राख्न सफल खेलाडीलाई सम्मान गरिएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | युवा क्लबहरुलाई खेलकुद सामग्री प्रदान | खेलाडीलाई प्रोत्साहन | ०८२/८३-०८२/८३ | १००० | युवा क्लबहरुलाई खेलकुद सामग्री प्रदान भएको हुने |
| ६ | नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | स्वस्थ प्रतिस्पर्धा र अनुशासनको विकास | साल बसाली | १५०० | नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भएको हुने |
| ७ | व्यवसायिक खेलाडी उत्पादन कार्यक्रम | खेलाडी पहिचान | साल बसाली | ३०० | व्यवसायिक खेलाडी उत्पादन कार्यक्रम सञ्चालन भएको हुने |
| ८ | वडास्तरीय खेलकुद विकास समिति निर्माण | खेलकुदको विकासमा जोड | ०८२/८३-०८२/८३ | १०० | वडास्तरीय खेलकुद विकास समिति निर्माण भएको हुने |
| ९ | खेलाडीको व्यक्तिगत विवरण तयारी | खेलाडीको अद्यावधिक विवरण उपलब्ध | ०८२/८३-०८२/८३ | २०० | खेलाडीको व्यक्तिगत विवरण तयारी भएको हुने |
| १० | विद्यालयमा खेलमैत्री वातावरण निर्माण | स्वास्थ्य र मनोरञ्जनमा जोड | ०८२/८३-०८३/८४ | २०० | विद्यालयमा खेलमैत्री वातावरण निर्माण भएको हुने |
| ११ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | स्वस्थ प्रतिस्पर्धा र अनुशासनको विकास | साल बसाली | १५०० | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता संचालन भएको हुने |

### ४.७.६ जोखिम पक्ष तथा अनुमान

पर्यावरण र मनोरञ्जनात्मक गतिविधिबिच सन्तुलन कायम, वडा, नगर, प्रदेश र राष्ट्रियस्तरका खेलमा नगरपालिकाबाट प्रतिनिधित्व, परम्परागत मनोरञ्जनका माध्यमको संस्थागत संरक्षण भइ स्वस्थ र समुन्नत नगरको विकास हुने अनुमान गर्न सकिन्छ भने स्वास्थ्य, अनुशासन, मनोरञ्जनात्मक गतिविधि सञ्चालनमा पर्याप्त स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्न नसकिएमा समाज पहिचानविहिन र यान्त्रिक हुने जोखिम रहन्छ ।

## ४.८ सामाजिक सुरक्षा

### ४.८.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ । अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन,

२०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँको जम्मा जनसंख्या ५३,६३१ मध्ये १,५६२ अर्थात २.९ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । जसमध्ये शारिरीक अपाङ्गता भएका ५०१ अर्थात ३२.१ प्रतिशत रहेका छन् भने न्युन दृष्टियुक्त ३३४ अर्थात २१.४ प्रतिशत रहेका छन् । यसैगरी यहाँ दृष्टिविहिन ८० अर्थात ५.१ प्रतिशत, बहिरोपना भएका १५८ अर्थात १०.१ प्रतिशत रहेका छन् । यसैगरी यहाँ ८० वर्ष माथि उमेरसमूहका व्यक्तिहरु ७५९ जना रहेका छन भने १५ वर्ष मुनीका बालबालिकाको संख्या १९,८४८ रहेको छ ।

नगरपालिकाले सामाजिक सुरक्षाका क्षेत्रमा सामाजिक सुरक्षाका लाभग्राहीहरुको विकासर प्रवर्द्धनका लागि विभिन्न लक्षित कार्यक्रम तथा उद्यमशिलता र स्वरोजगार मूलक कार्यक्रमहरु सञ्चालन गर्ने, अति विपन्न परिवारलाई मृत्यु संस्कार खर्च सहयोग, विपद् विशेष राहत कोष जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने, एकल, विपन्न, दलित महिलाहरुको क्षमता अभिवृद्धि तथा आर्थिक विकासको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने, श्रम डेक्स स्थापना गरी श्रमिकहरुको हक हितमा कार्य गर्ने, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहका व्यक्तिहरुको मूल अभिलेखलाई विद्युतीय व्यवस्थापन सूचना प्रणाली (MIS) बाट अद्यावधिक गर्नका लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण व्यवस्थापन अन्तर्गत सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुद्दढिकरण आयोजना कार्यक्रमलाई नगरपालिकाको साझेदारीमा निरन्तरता दिने लगायतका नीति अगाडि सारेको छ ।

## ४.८.२ समस्या तथा चुनौती

लक्षित समूहको सहि पहिचान र अभिलेख व्यवस्थापन, दीर्घकालीन र जीवनस्तर सुधार गर्ने सामाजिक सुरक्षाका कार्यक्रम तर्जुमा र तीनै तहका सरकारबाट प्रदान गरिने कार्यक्रमबिच सामञ्जस्यता कायम गर्नुपर्ने जस्ता समस्या र चुनौती विद्यमान रहेका छन् ।

## ४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण |
| **लक्ष्य** |
| सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने । |
| **उद्देश्यहरू** |
| ✓ सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउनु । |

✓ सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र अशक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु ।

## ४.८.४ रणनीति

१. लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने ।

२. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।

## ४.८.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम (ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता, लोपोन्मुख, दलित आदि) | सामाजिक सुरक्षा सम्बन्धी सचेतना वृद्धि | साल बसाली | ३०० | सामाजिक सुरक्षा कार्यक्रम (ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता, लोपोन्मुख, दलित आदि) सञ्चालन भएको हुने |
| २ | सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | जनचेतना अभिवृद्धि | साल बसाली | २५० | सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | सामाजिक सुरक्षा तथा लक्षित वर्गको पहिचान र एकीकृत सूचना प्रवाह | सामाजिक सुरक्षाको व्यवस्था | ०८२/८३-०८२/८३ | ५०० | सामाजिक सुरक्षा तथा लक्षित वर्गको पहिचान र एकीकृत् सूचना प्रवाह भएको हुने |
| ४ | जोखिमपूर्ण अवस्थामा रहेका वर्गका लागि विशेष कार्यक्रम | लक्षित वर्गलाई प्रोत्साहन | साल बसाली | ३०० | जोखिमपूर्ण अवस्थामा रहेका वर्गका लागि विशेष कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | नेपाल सरकारको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि गर्न सहयोग | योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन | ०८२/८३-०८४/८५ | १००० | नेपाल सरकारको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि गर्न सहयोग भएको हुने |
| ६ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | सामाजिक सुरक्षाको व्यवस्था | ०८२/८३-०८२/८३ | ५०० | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण भएको हुने |
| ७ | योगदानमा आधारित सामाजिक सुरक्षा | सामाजिक सुरक्षाको व्यवस्था | साल बसाली | ७०० | योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था भएको हुने |

### ४.८.६ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षाका वास्तविक लाभग्राहीको पहिचान, योगदानमा आधारित र दिगो सामाजिक सुरक्षाका कार्यक्रमको कार्यान्वयन, तहगत सरकारको समन्वयात्मक पहल हुन सकेमा सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन्छन् । नगरपालिकाको आय, वित्तीय हस्तान्तरण लगायतका पक्षलाई ध्यान नदिई वितरणमूखी कार्यक्रम सञ्चालन गर्न नसकिएमा सामाजिक सुरक्षाका कार्यक्रमको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ४.९ शान्ति सुरक्षा

### ४.९.१ पृष्ठभूमि

गरिबी, सामाजिक विसंगति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रबन्ध राज्यले मिलाउने दायित्व हुन आउँछ । त्यसका लागि नगरपालिकामा रहेका सुरक्षा निकायलाई सहयोग गर्न र थप सशक्तिकरण गर्न नगरपालिकाले विभिन्न कार्यक्रम बनाई लागु गर्न आवश्यक देखिन्छ । नगरपालिकाको मुख्य–मुख्य बजार केन्द्रहरुमा सडक बत्तीको साथ–साथै सिसि क्यामेराको व्यवस्था गर्न सकेमा सुरक्षालाई थप टेवा पुग्ने देखिन्छ । नगरपालिकाले प्रहरी चौकी विस्तार गर्न, सुरक्षा गस्तीको प्रबन्ध गर्न र नगर प्रहरीको थप संख्या निर्धारण गरि उचित तालिमको प्रबन्ध गर्न आवश्यक रहेको छ ।

### ४.९.२ समस्या तथा चुनौती

विकृत मनोभावना र क्रियाकलापलाई मनोसामाजिक परामर्श, रचनात्मक कार्यमा संलग्नता मार्फत सकारात्मक उर्जामा परिवर्तन, हातहतियार, लागु औषध नियन्त्रणका लागि सरोकारवाला सबैको ऐक्यबद्धता र सहयोग, हिंसा सम्बन्धी उजुरी र छिटो छरितो कानूनी उपचारको व्यवस्था, सुरक्षाका लागि पर्याप्त पूर्वाधार सहित जनशक्ति व्यवस्थापन लगायतका समस्या तथा चुनौतीको विद्यमानता यस नगरपालिकामा समेत रहेका छन् ।

### ४.९.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| शान्ति सुरक्षाका हिसाबले सुरक्षित नगरपालिका |
| **लक्ष्य** |
| नगरपालिकाबासीलाई शान्ति सुव्यवस्थाका हिसाबले पूर्ण सुरक्षित महशुस गराउने । |
| **उद्देश्यहरू** |
| समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु । |

## ४.९.४ रणनीति

१. सुरक्षा पूर्वाधारको विकास गर्ने ।

२. संस्थागत क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्ने ।

## ४.९.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | समग्र पालिका सुरक्षा योजना तयार | सुरक्षित नगरपालिका | ०८२/८३-०८२/८३ | ५०० | समग्र पालिका सुरक्षा योजना तयार भएको हुने |
| २ | प्रहरी चौकी विस्तार गर्न सम्भावित स्थानको पहिचान | आवश्यकताको आधारमा प्रहरी चौकी निर्माण | ०८३/८४-०८३/८४ | १०० | प्रहरी चौकी विस्तार गर्न सम्भावित स्थानको पहिचान भएको हुने |
| ३ | नगर प्रहरीको दरबन्दी तय | सुरक्षाकर्मीको व्यवस्था | ०८२/८३-०८२/८३ | २०० | नगर प्रहरीको दरबन्दी तय भएको हुने |
| ४ | सुरक्षा गस्तीको आवश्यक रुट र स्थानबारे अध्ययन | सुरक्षा गस्तीको रुट तय | ०८३/८४-०८३/८४ | ३०० | सुरक्षा गस्तीको आवश्यक रुट र स्थानबारे अध्ययन भएको हुने |
| ५ | Hot Line सेवा सञ्चालन | आपतकालिन सुरक्षा व्यवस्था | साल बसाली | १०० | Hot Line सेवा सञ्चालन भएको हुन |
| ६ | सघन बजार र बस्ती क्षेत्रमा CCTV जडान | सुरक्षा व्यवस्था | ०८२/८३–०८४/८५ | १५०० | सघन बजार र बस्ती क्षेत्रमा CCTV जडान भएको हुने |
| ७ | गुप्तचर सेवा तालिम | अनुसन्धानमा सहयोग | ०८२/८३-०८३/८४ | १५० | गुप्तचर सेवा तालिम प्रदान भएको हुने |
| ८ | नगर प्रहरी तालिम | दक्ष जनशक्ति | ०८२/८३-०८२/८३ | ३०० | नगर प्रहरी तालिम प्रदान गरिएको हुने |

## ४.९.६ जोखिम पक्ष तथा अनुमान

बढ्दो दुव्र्यसनी, अपराधिक मानसिकता, अस्वस्थ्य प्रतिस्पर्धा, सिमापार हुने अपराधको नियन्त्रण जस्ता विषयलाई समयमा नै सम्बोधन गरी आधारभूत शान्ति सु–व्यवस्था कायम गर्न सकिएमा विकास र समृद्धि सम्भव हुन्छ भनी अनुमान गर्न सकिन्छ भने शान्ति सुव्यवस्था, मानव अधिकारको स्थापना र अमनचयन बनाई राख्न नसकिएमा दिगो विकास र सामाजिक न्याय समेत जोखिममा पर्न सक्छ ।

## ४.१० शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन

### ४.१०.१ पृष्ठभूमि

हरेक क्षेत्र तथा समुदायको आ–आफ्नो धर्म र संस्कृति अनुसार शवदाहस्थल र समाधीस्थल व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता पनि हो । भावनात्मक अर्थसमेत बोकेको यो विषयलाई कुनै पनि योजनाले समयमै सम्बोधन गर्नुपर्दछ । परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र समाधीस्थललाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ । अन्यथा अव्यवस्थित दाहसंस्कार गरिनुले नगरपालिकाको पर्यावरणीय, सामाजिक तथा साँस्कृतिक व्यवस्थामा चुनौती थपिन्छ । नगर क्षेत्रभित्र जातिय तथा धार्मिक विविधता भएसँगै प्राकृतिक स्रोतका कारण शवदहन गर्न शहरी क्षेत्र तथा बजार क्षेत्र बाहेकका वडाहरुमा जाती तथा धर्म अनुसार शवदहन क्षेत्र रहेका छन् । अव्यवस्थित शव दहन कार्यले वातावरणका साथै मानव स्वास्थ्यमा समेत नकारात्मक असर पार्ने गर्दछ । त्यसैले नगरपालिका भित्रका प्रत्येक वडामा भौतिक सुविधा सम्पन्न शवदाहस्थल तथा समाधीस्थलको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### ४.१०.२ समस्या तथा चुनौती

नगरपालिका क्षेत्रभित्र व्यवस्थित तवरले शवदाहस्थल तथा समाधीस्थलहरुको व्यवस्थापन गर्नु, सार्वजनिक स्थलको अतिक्रमण र शहरी क्षेत्रमा बढ्दो जनसंख्या जस्ता विषयलाई ध्यान दिई मौलिक परम्परा कायम रहने र सम्मानजनक रुपमा शव दहन गर्न सकिने गरी शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन गर्नुपर्ने लगायतका समस्या र चुनौती यस नगरपालिकामा समेत रहेका छन् ।

### ४.१०.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शवदाहस्थल तथा समाधीस्थलको उचित व्यवस्थापन |
| **लक्ष्य** |
| भविष्यमा शवदाह तथा समाधीस्थल व्यवस्थापनको समस्यालाई पूर्णत सम्बोधन गर्ने र उचित प्रबन्ध गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ शवदाहस्थल तथा समाधीस्थलको उचित व्यवस्थापन गर्नु । |

### ४.१०.४ रणनीति

सम्पूर्ण वडालाई समेटेर व्यवस्थित शवदाहस्थल र समाधीस्थलको पूर्वाधार तयार गर्ने ।

## ४.१०.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | शवदाहस्थल तथा समाधीस्थलहरुको नक्शाङ्कन | व्यवस्थित शवदाहस्थल तथा समाधीस्थल निर्माण | ०८२/८३-०८३/८४ | ५०० | शवदाहस्थल तथा समाधीस्थलहरुको नक्शाङ्कन भएको हुने |
| २ | शवदाहस्थल तथा किरियापुत्रीघर निर्माण र समाधीस्थल क्षेत्र तारबार | आवश्यकताको आधारमा शवदाहस्थल तथा समाधीस्थल निर्माण | ०८२/८३-०८३/८४ | १५०० | शवदाहस्थल तथा किरियापुत्रीघर निर्माण र समाधीस्थल क्षेत्र तारबार भएको हुने |
| ३ | किरिया खर्च व्यवस्थापन (अति विपन्न) | सामाजिक सहयोग | ०८२/८३-०८२/८३ | १००० | अति विपन्न नागरिकको लागि किरिया खर्चको व्यवस्थापन भएको हुने |
| ४ | माहामारी शव व्यवस्थापन योजना निर्माण | संक्रमणजन्य रोग व्यवस्थापन | ०८२/८३-०८२/८३ | ३०० | माहामारी शव व्यवस्थापन योजना निर्माण भएको हुने |
| ५ | शव वाहन खरिद | सहज शव परिवहन | ०८२/८३-०८२/८३ | २५०० | शव वाहन खरिद भएको हुने |
| ६ | शवदाहस्थलहरु डि.पि.आर | डि.पि.आर निर्माण | ०८२/८३-०८४/८५ | ३००० | शवदाहस्थलहरु डि.पि.आर भएको हुने |

## ४.१०.६ जोखिम पक्ष तथा अनुमान

शहरी सौन्दर्यमा असर नपर्ने तथा विभिन्न जात, धर्म, समुदाय तथा सम्प्रदायको मनोभावना र साँस्कृतिक चालचलन अनुसारको शवदाहस्थलको स्थापना बारेमा समयमा नै नीति तथा कार्यक्रम तय नगरिएमा नगरबासीको स्वास्थ्य, शहरी सौन्दर्य लगायतका विषयमा जोखिम आउन सक्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **(क)** | **शिक्षा विज्ञान तथा प्रविधि** | | | | |
| १ | असर | प्राथमिक तहमा खुद भर्नादर | संख्या | २९७१** | ३३७५ |
| २ | असर | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ३ | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थी मध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | | |
| ४ | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | | | |
| ५ | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | | |
| ६ | असर | माध्यमिक शिक्षाको खुद नयाँ भर्नादर (९ देखि १२) | संख्या | २१६२** | २५३७ |
| ७ | प्रतिफल | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | | |
| ८ | असर | पूर्व बाल्यकाल शिक्षामा उपस्थिति (प्रतिशत) हाजिरी | प्रतिशत | | |
| ९ | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या (कुल विद्यार्थीमा) | संख्या | १०५** | १५० |
| १० | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (प्राथमिक) | सूचकाङ्क | ०.९२** | २.५ |
| ११ | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | सूचकाङ्क | १.०९** | ३.५ |
| १२ | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | | |
| १३ | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | |
| १४ | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | | |
| १५ | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | ४५** | |
| १६ | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | ४५** | |
| १७ | असर | Wash सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | २** | ७ |
| १८ | असर | अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | ०** | १ |
| १९ | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | | |
| २० | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | | |
| २१ | | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरु | | | |
| २२ | असर | समग्र साक्षरता प्रतिशत | प्रतिशत | ७७* | ८५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| २३ | असर | साक्षरता प्रतिशत (पुरुष) | प्रतिशत | ८४.७* | ९० |
| २४ | असर | साक्षरता प्रतिशत (महिला) | प्रतिशत | ७१.६* | ७६ |
| २५ | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | २** | ७ |
| २६ | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय (सि.टि.ई.भि.टी) | संख्या | ३** | ५ |
| २७ | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| २८ | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| २९ | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | २.२४* | ५ |
| ३० | असर | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | १.१०* | २ |
| ३१ | प्रतिफल | विद्या वारिधि उत्तीर्ण जनसंख्या | संख्या | | |
| ३२ | असर | प्राविधिक वा व्यावसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | | |
| ३३ | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | संख्या | १९** | २५ |
| ३४ | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | संख्या | १९** | ३० |
| ३५ | असर | बुक कर्नर सुविधा भएका विद्यालय | संख्या | ४१** | ५० |
| ३६ | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | संख्या | १९** | ३५ |
| ३७ | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | संख्या | १९** | ३७ |
| ३८ | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | संख्या | २** | १० |
| ३९ | प्रतिफल | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | ०** | |
| ४० | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | १९** | २५ |
| ४१ | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका युवाक्लव | संख्या | १** | ७ |
| **(ख)** | **स्वास्थ्य** | | | | |
| १. | असर | दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | संख्या | २६** | ३० |
| २. | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ०** | ० |
| ३. | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ०.१** | ० |
| ४. | प्रतिफल | कुष्ठरोगी बिरामी वार्षिक | संख्या | ०** | ० |
| ५. | प्रतिफल | कालाजार बिरामी वार्षिक | संख्या | ०** | ० |
| ६. | प्रतिफल | हात्तिपाइले बिरामी वार्षिक | संख्या | ०** | ० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ७. | प्रतिफल | डेङ्गु बिरामी वार्षिक | संख्या | १८०** | ४६ |
| ८. | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | ०** | ० |
| ९. | प्रतिफल | मुटु सम्बन्धी बिरामी वार्षिक | संख्या | ११३** | ९५ |
| १०. | प्रतिफल | क्यान्सर बिरामी वार्षिक | संख्या | ०** | ० |
| ११. | प्रतिफल | मधुमेह बिरामी वार्षिक | संख्या | २४९** | २०० |
| १२. | प्रतिफल | स्वास प्रणाली सम्बन्धी दीर्घ रोग दम आदिका बिरामी | संख्या | २२५** | १०५ |
| १३. | प्रतिफल | आत्महत्याबाट हुने मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | | |
| १४. | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | | |
| १५. | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | | |
| १६. | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | संख्या | ६५** | ७० |
| १७. | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | संख्या | २६** | ३० |
| १८. | असर | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | संख्या | ८१** | ९५ |
| १९. | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | १** | ० |
| २०. | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | प्रतिशत | | |
| २१. | असर | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | | |
| २२. | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | ७७.४** | ८०.३१ |
| २३. | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख (जनसंख्यामा) | | |
| २४. | असर | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | | |
| २५. | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | १२** | १३ |
| २६. | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | १** | ० |
| २७. | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | १** | ५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| २८. | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | ५** | ७ |
| २९. | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | ९** | १२ |
| ३०. | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | | |
| ३१. | प्रतिफल | योग केन्द्र | संख्या | ०** | १ |
| ३२. | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ०.१* | ३ |
| ३३. | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | | |
| ३४. | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र | संख्या | १२** | १५ |
| ३५. | प्रतिफल | रक्तसञ्चार सेवा | संख्या | | |
| ३६. | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | ७१.१** | ७५ |
| ३७. | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाख | ०** | ० |
| ३८. | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | संख्या | ४२** | ६५ |
| ३९. | प्रतिफल | HIV AIDS Antiviral औषधी प्राप्त गर्ने | संख्या | ०** | ० |
| ४०. | प्रतिफल | उच्च रक्तचापको औषधी सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | संख्या | ११३** | ९५ |
| ४१. | प्रतिफल | सुविधा सम्पन्न अस्पताल | संख्या | १** (निर्माणाधिन) | १ |
| ४२. | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | २** | ९ |
| ४३. | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | ६** | ८ |
| **(ग)** | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | | |
| १. | प्रतिफल | अमूर्त साँस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | | |
| २. | प्रतिफल | साँस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रममा समावेश (सम्पदा) | संख्या | ०** | १ |
| ३. | प्रतिफल | साँस्कृतिक बृत्त चित्र | संख्या | | |
| ४. | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | १** | ५ |
| ५. | प्रतिफल | साँस्कृतिक पात्रोमा समावेश गतिविधि (वार्षिक) | संख्या | | |
| ६. | प्रतिफल | साँस्कृतिक प्रतियोगिता तथा कार्यक्रम (वार्षिक) | संख्या | | |
| ७. | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ८. | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | | |
| ९. | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | | |
| १०. | प्रतिफल | साँस्कृतिक केन्द्र | संख्या | ०** | २ |
| ११. | प्रतिफल | साँस्कृतिक समिति | संख्या | ०** | १ |
| १२. | प्रतिफल | साँस्कृतिक (कला र साहित्य) उत्सव (Art and Literature Festival) | संख्या | | |
| १३. | प्रतिफल | कला संग्रहालय | संख्या | ०** | १ |
| **(घ)** | **लैङ्गिक समानता, ज्येष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | |
| १. | प्रतिफल | नगरपालिकामा महिला उद्यमीहरूको | संख्या | | |
| २. | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या (प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | |
| ३. | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | | |
| ४. | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | | |
| ५. | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | | |
| ६. | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | | |
| ७. | प्रतिफल | ज्येष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | ०** | १ |
| ८. | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | संख्या | २४९३५** | २४९९५ |
| ९. | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको (प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | | |
| १०. | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा (प.दि.वि.ल. १६.१.१) | संख्या | | |
| ११. | असर | उमेर अनुसार १८ वर्षको उमेरसम्म यौन हिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात (प.दि.वि.ल. १६.२.३) | प्रतिशत | | |
| १२. | असर | निर्णय–निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसांख्यिक समूह अनुसार) (प.दि.वि.ल. १६.७.२) | प्रतिशत | | |
| १३. | असर | सार्वजनिक निकायहरूको नीति निर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात (प.दि.वि.ल. १६.७.२.१) | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १४. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | | |
| १५. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | | |
| १६. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | | |
| १७. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | | |
| १८. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | | |
| १९. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | | |
| २०. | असर | शारीरिक/यौनहिंसा अनुभग गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) (प.दि.वि.ल. ५.२.२.१) | प्रतिशत | | |
| २१. | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) (प.दि.वि.ल. ५.२.२.२) | संख्या | | |
| २२. | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) (प.दि.वि.ल. ५.३.१.१) | प्रतिशत | | |
| २३. | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प.दि.वि.ल. ५.४.१.१) | प्रतिशत | | |
| २४. | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (प.दि.वि.ल. ५.४.१.२) | घण्टामा | | |
| २५. | असर | नगरपालिकाबाट राष्ट्रिय संसद्मा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | प्रतिशत | | |
| २६. | असर | नगरपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | प्रतिशत | | |
| २७. | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व (Bodies) (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | प्रतिशत | | |
| २८. | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| २९. | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | प्रतिशत | | |
| ३०. | असर | सार्वजनिक सेवाका नीति निर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरू मध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | प्रतिशत | | |
| ३१. | असर | व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला–पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | प्रतिशत | | |
| ३२. | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सु–सूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (प.दि.वि.ल. ५.६.१) | प्रतिशत | | |
| ३३. | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | संख्या | | |
| ३४. | प्रतिफल | महिलाहरूको सम्पत्ति माथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल.५.क.२) | प्रतिशत | ९.८* | ११.५ |
| ३५. | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | प्रतिशत | | |
| **(ङ)** | **बालबालिका** | | | | |
| १. | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | | |
| २. | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | | |
| ३. | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | | |
| ४. | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | | |
| ५. | प्रतिफल | बालगृह संख्या | संख्या | | |
| ६. | प्रतिफल | बाल विवाह संख्या | संख्या | | |
| ७. | प्रतिफल | बाल उद्यान संख्या | संख्या | | |
| ८. | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका | संख्या | | |
| ९. | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | | |
| **(च)** | **युवा श्रम तथा रोजगार** | | | | |
| १. | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| २. | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | | |
| ३. | असर | महिला बेरोजगार युवा | प्रतिशत | | |
| ४. | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| ५. | असर | पुरुष रोजगार युवा | प्रतिशत | | |
| ६. | असर | महिला रोजगार युवा | प्रतिशत | | |
| ७. | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | | |
| ८. | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | | |
| ९. | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | | |
| १०. | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवाको | संख्या | | |
| ११. | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चित युवाको प्रतिशत | प्रतिशत | | |
| १२. | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट युवाको प्रतिशत | प्रतिशत | | |
| १३. | असर | दुर्व्यसनमा फसेका युवाको प्रतिशत | प्रतिशत | | |
| १४. | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | संख्या | | |
| १५. | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवाको संख्या | संख्या | | |
| १६. | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या (कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | संख्या | | |
| **(छ)** | **खेलकुद तथा मनोरञ्जन** | | | | |
| १. | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | २** | ५ |
| २. | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | | |
| ३. | प्रतिफल | खेल मैदानको संख्या | संख्या | २०** | २७ |
| ४. | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | | |
| | प्रतिफल | कवर्ड हल | संख्या | ३** | ५ |
| ५. | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | | |
| ६. | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | १४** | २० |
| ७. | प्रतिफल | व्यवस्थित पिकनिक स्थलको संख्या | संख्या | २७** | ३७ |
| ८. | प्रतिफल | व्यवस्थित पौडी पोखरीको संख्या | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ९. | प्रतिफल | ज्येष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | ०** | १ |
| १०. | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | ०** | १ |
| **(ज)** | **शान्ति सुरक्षा** | | | | |
| १. | प्रतिफल | प्रहरी बिटको संख्या | संख्या | ७** | ११ |
| २. | असर | प्रति वर्ष हुने अपराधिक क्रियाकलापका घटनाहरू (घटाउँदै लाने) | संख्या | | |
| ३. | असर | प्रति सुरक्षाकर्मी जनसंख्या अनुपात | संख्या | | |
| ४. | प्रतिफल | नेपाल प्रहरी | संख्या | | |
| ५. | प्रतिफल | नेपाली सेना | संख्या | | |
| ६. | प्रतिफल | सशस्त्र प्रहरी | संख्या | | |
| ७. | प्रतिफल | नगर प्रहरी | संख्या | | |
| ८. | असर | आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत (प.दि.वि.ल. १६.१.४) | प्रतिशत | | |
| ९. | प्रतिफल | सिसिटिभी जडान संख्या | संख्या | | |
| **(झ)** | **शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन** | | | | |
| १. | प्रतिफल | व्यवस्थित शवदाहस्थल/समाधीस्थलको संख्या | संख्या | ०** | ७ |
| २. | प्रतिफल | शववाहनको संख्या | संख्या | १** | ३ |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय (**)*

*स्रोतः राष्ट्रिय जनगणना २०७८ (*)*

# परिच्छेद – ५: पूर्वाधार विकास

## ५.१ खानेपानी तथा सरसफाई

### ५.१.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यस नगरपालिकामा धारा/पाईप (घरपरिवार भित्र) को पानी प्रयोग गर्नेहरु ४,०६९ अर्थात ३२.०३ प्रतिशत रहेका छन् । यसैगरी धारा/पाईप (घरपरिवार बाहिर) को पानी प्रयोग गर्ने २,५३० अर्थात १९.९२ प्रतिशत रहेका छन् । ट्यूवेल तथा हातेपम्प मार्फत खानेपानी प्रयोगकर्ता ४,३९६ अर्थात ३४.६१ प्रतिशत, खुला ईनार/कुवाको खानेपानी प्रयोगकर्ता ९०७ अर्थात ७.१४ प्रतिशत रहेका छन् । तथापि यहाँ अझै पनि सुरक्षित तथा स्वच्छ खानेपानीको पहुँचबाट धेरै घरधुरीहरु टाढा रहेको अवस्था छ । सफा, सुन्दर र स्वच्छ नगर सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । शहरीकरणको सघनतामा वृद्धि भएकोले यस नगरपालिकामा फोहोरमैला उत्सर्जन व्यापक रुपमा हुने गरेको र फोहोर व्यवस्थापन मुख्य चुनौतीको रुपमा रहेको छ ।

नगरपालिकाले खानेपानी तथा सरसफाईका क्षेत्रमा नगर क्षेत्रभित्र रहेका आम नगरबासीलाई स्वच्छ र सफा खानेपानीको पहुँचको लागि सञ्चालित खानेपानी आयोजनाहरुको मुहान संरक्षण, मर्मत सम्भार, पाईप लाईन विस्तार गर्न आवश्यक बजेटको सुनिश्चितता गरी अगाडि बढ्ने, नयाँ योजना मागको लागि संघीय तथा प्रदेशका मन्त्रालयहरुमा पहल कदमी गर्ने, नगर क्षेत्रमा रहेका विभिन्न बस्तीका खानेपानी मुहानको पहिचान गरी नयाँ खानेपानी योजनाका लागि संघीय सरकार तथा प्रदेश सरकारसँगको साझेदारीमा खानेपानी आयोजना सञ्चालनका लागि आवश्यक पहल गर्ने, नगरपालिका क्षेत्रका बजार/बस्तीमा ढल निकासका लागि आवश्यक व्यवस्थापन गर्ने, फोहोरमैला व्यवस्थापनमा शून्य लागतको नीति अवलम्बन गर्न टोल विकास संस्थालाई जिम्मेवार बनाउने लगायतका नीति अगाडि सारेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

शुद्ध र स्वस्थ पिउने पानीको अभावमा टाइफाईड, झाडापखाला, आउँ जस्ता सरुवा रोगहरूको संक्रमण वर्षेनी फैलिन गई हुने मानवीय जीवनको क्षति नियन्त्रण गर्नु, पिउने पानी शुद्धिकरण सम्बन्धी उपायको अवलम्बन सम्बन्धी जनचेतनाको विस्तार गर्नु, मानव तथा पशुजन्य विकारलाई पानीको मुहानभन्दा टाढा व्यवस्थापन लगायतका समस्या र चुनौती रहेका छन् ।

### ५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, सुरक्षित, सर्वशुलभ र दिगो खानेपानी तथा सरसफाई सेवा |
| **लक्ष्य** |
| सबैलाई आधारभूतस्तरको खानेपानी तथा सरसफाई सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिवृद्धि गर्ने । |

**उद्देश्यहरू**

- ✓ आधारभूत सफा खानेपानी सुविधा सतप्रतिशत घर परिवारमा पुऱ्याई जनस्वास्थ्यमा सुधार गर्नु ।
- ✓ सबै नागरिकलाई आधारभूत स्तरको सरसफाई सेवामा पहुँच तथा मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउनु ।

## ५.१.४ रणनीति

१. आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट बञ्चित रहेका समुदायको सहभागितामा खानेपानी सेवा पुऱ्याउने ।

२. हाल वितरित खानेपानीको सेवा विस्तार गर्ने तथा स्तर वृद्धि गर्ने ।

३. आयोजना समयमै निर्माण सम्पन्न गर्ने तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाको उचित मर्मत सम्भार, पुर्नस्थापना तथा समयसापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने ।

४. खानेपानी स्रोत तथा जलाधार क्षेत्रको पहिचान र मुहान संरक्षण गर्ने ।

५. नगरपालिका भित्रका बजार र मुख्य बस्तीहरुमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने ।

६. बजार तथा मुख्य बस्ती क्षेत्रमा सरसफाई सेवाको स्तर वृद्धि गर्ने ।

## ५.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | १ घर १ धाराको अवधारणा बमोजिम आधारभूत खानेपानी नपुगेका सतप्रतिशत घरमा खानेपानीको व्यवस्था | खानेपानीको उचित वितरण | ०८२/८३- ०८२/८३ | ३००० | १ घर १ धाराको अवधारणा बमोजिम आधारभूत खानेपानी नपुगेका सतप्रतिशत घरमा खानेपानीको व्यवस्था भएको हुने |
| २. | सम्पूर्ण खानेपानी आयोजनाको गुणस्तर जाँच गरी तथ्याङ्क अद्यावधिक | पिउने पानीको उचित व्यवस्था | ०८२/८३- ०८४/८५ | ८०० | सम्पूर्ण खानेपानी आयोजनाको गुणस्तर जाँच गरी तथ्याङ्क अद्यावधिक भएको हुने |
| ३. | निर्माणाधीन तथा बनिसकेका सबै खानेपानी योजनामा पानी छान्ने प्रविधि जडान | स्वस्थ पिउने पानीको व्यवस्था | ०८२/८३- ०८३/८४ | १५०० | निर्माणाधीन तथा बनिसकेका सबै खानेपानी योजनामा पानी छान्ने प्रविधि जडान भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४. | खानेपानी आयोजनाहरूको तथ्याङ्क संकलन, वर्गीकरण, गुणस्तर अनुसार महशुल निर्धारण र कार्यान्वयन | सम्भावित खानेपानीको स्रोत पहिचान | ०८२/८३-०८३/८४ | ३०० | खानेपानी आयोजनाहरूको तथ्याङ्क संकलन, वर्गीकरण, गुणस्तर अनुसार महशुल निर्धारण र कार्यान्वयन भएको हुने |
| ५. | उपभोक्ता समिति, खानेपानी मर्मत सम्भार जनशक्ति, पम्प अपरेटर, मिटर रिडरहरूको क्षमता र दक्षता अभिवृद्धि | दक्ष जनशक्तिको व्यवस्था | ०८२/८३-०८३/८३ | १००० | उपभोक्ता समिति, खानेपानी मर्मत सम्भार जनशक्ति, पम्प अपरेटर, मिटर रिडरहरूको क्षमता र दक्षता अभिवृद्धि भएको हुने |
| ६. | जोखिमयुक्त खानेपानी आयोजनाको अवस्था बारे अध्ययन | सम्भावित खानेपानीका स्रोतको मर्मत सम्भार तथा स्तरोन्नति | ०८२/८३-०८३/८४ | ५०० | जोखिमयुक्त खानेपानी आयोजनाको अवस्था बारे अध्ययन भएको हुने |
| ७. | खानेपानी आयोजना जलाधार क्षेत्र संरक्षण कार्यक्रम | खानेपानीको उचित व्यवस्था | ०८२/८३-०८३/८४ | ३०० | खानेपानी आयोजना जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन भएको हुने |
| ८. | खानेपानी आयोजनाको मुहान–बाध क्षेत्र संरक्षण (माथिल्लो र तल्लो खण्डमा नदी छेउको कटान र थेग्रान सम्बन्धी समस्या नियन्त्रण गर्न संरचनात्मक र गैर–संरचनात्मक विधि) | खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन | ०८२/८३-०८३/८४ | ३०० | खानेपानी आयोजनाको मुहान–बाध क्षेत्र संरक्षण (माथिल्लो र तल्लो खण्डमा नदी छेउको कटान र थेग्रान सम्बन्धी समस्या नियन्त्रण गर्न संरचनात्मक र गैर–संरचनात्मक विधि) भएको हुने |
| ९. | सार्वजनिक शौचालयको निर्माण | शौचालय प्रयोगलाई प्रोत्साहन | ०८२/८३-०८४/८५ | २००० | सार्वजनिक शौचालयको निर्माण भएको हुने |
| १०. | फोहोर व्यवस्थापन गुरुयोजना निर्माण | मानवजन्य तथा अन्य प्रकारका फोहोर व्यवस्थापन | ०८४/८५-०८४/८५ | ८०० | फोहोर व्यवस्थापन गुरुयोजना निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ११. | डम्पिङ स्थलको सम्भाव्यता अध्ययन तथा निर्माण | फोहोरको उचित व्यवस्थापन | ०८२/८३-०८४/८५ | १००० | डम्पिङ स्थलको सम्भाव्यता अध्ययन तथा निर्माण भएको हुने |
| १२. | वडास्तरीय फोहोरमैला संकलन केन्द्र निर्माण | फोहोरको उचित व्यवस्थापन | ०८२/८३-०८४/८५ | २००० | वडास्तरीय फोहोरमैला संकलन केन्द्र निर्माण भएको हुने |
| १३. | फोहोर संकलन, प्रशोधन तथा डिस्पोजलका पूर्वाधार निर्माण तथा जनशक्तिको व्यवस्था | सरोकारवालाबिच सहकार्य | ०८२/८३-०८४/८५ | १००० | फोहोर संकलन, प्रशोधन तथा डिस्पोजलका पूर्वाधार निर्माण तथा जनशक्तिका व्यवस्था भएको हुने |

### ५.१.६ जोखिम पक्ष तथा अनुमान

पिउनयोग्य खानेपानीको मुहान पहिचान हुने, स्वच्छ पिउने पानी वितरण प्रणाली स्थापना हुने, पिउने पानी शुद्धीकरणको विधि बारे नगरबासी सचेत भएका हुने, मानवजन्य र अन्य फोहोरमैलाको उचित व्यवस्थापन भई सफा र हराभरा नगर निर्माण हुने, खानेपानी र फोहोरमैला व्यवस्थापनमा सामुदायिक र निजी संस्थाको संलग्नता बढी सुविधा सम्पन्न नगर विकास हुने अनुमान गर्न सकिन्छ भने उचित योजना, मुहान संरक्षणको अभाव, आयोजना निर्माणको अनुगमन मुल्याङ्कन हुन नसकेमा खानेपानी सम्बन्धी मौलिक हक तथा दिगो विकासका लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ५.२ सिँचाई

### ५.२.१ पृष्ठभूमि

नगरपालिकाको बाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार नगरपालिकामा २९.७० प्रतिशत कृषियोग्य जमिन रहेको छ । यहाँ विशेषतः तरकारीजन्य उत्पादन १२ महिना नै हुने गर्दछ भने धान, गहुँ, मकै जस्ता खाद्यान्न बाली साथै तरकारी बाली तथा फलफूल बालीहरुको पनि राम्रो उत्पादन सम्भावना रहेको र उत्पादन भइरहेको यस क्षेत्रमा वडा न. १,२,८, अदुवा, बेसार वडा न. २ धान पकेट क्षेत्र रहेको छ । केही भाग बाहेक अधिकाशं क्षेत्रमा सिँचाइ हुन बाकी रहेको यहाँ आयोजनाहरु संचालनमा रहेको छन् भने केही क्षेत्रहरुमा कुलो, नहर तथा खोला मार्फत सिँचाई गर्ने गरिएको छ । तरकारी तथा अन्न उत्पादनको हिसाबले देशकै महत्वपूर्ण क्षेत्रहरु मध्ये एक मानिने यो क्षेत्रमा सिँचाईको सुविधा नपुगेका कृषिभूमीलाई सिँचाईको सुविधा पुऱ्याउनका लागि उच्च प्राथमिकताका साथ नहर तथा सिँचाई आयोजनाहरू निर्माण गरी सिँचाई कार्य गर्नु नितान्त जरुरी छ ।

नगरपालिकाले सिँचाईका क्षेत्रमा नगर क्षेत्रभित्र निर्माणाधिन सिँचाई योजनालाई निरन्तरता दिदै निर्माण सम्पन्न भईसकेका सिँचाई प्रणालीहरुको मर्मत–सुधार एवं सम्भाव्यता भएका स्रोत मुहानहरु पहिचान गरी कुलो निर्माण, भूमिगत सिँचाई लगायत प्रविधियुक्त सिँचाईहरुको लागि आवश्यक पहलकदमी गर्दै नगरको आफ्नै स्रोत वा राष्ट्रिय, अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थासँग साझेदारी र सहभागितामूलक लगानीमा उत्पादन वृद्धि गराउने, पोखरी निर्माण तथा स्यालो ट्युबेललाई प्राथमिकता दिने, खेर जाने पानी भल, बलेसी, भान्साबाट निस्कने पानीलाई व्यवस्थित गरि सिँचाईमा प्रयोग गर्ने लगायतका नीति अगाडि सारेको छ ।

## ५.२.२ समस्या तथा चुनौती

परम्परागत सिँचाई प्रणालीलाई समयसापेक्ष परिवर्तन गर्नु, वातावरण अनुकुल र श्रोतको उपलब्धताको आधारमा सिँचाईका विभिन्न विकल्प विकास गर्नु, उपलब्ध जलाधार र जलस्रोतको उपयोग गर्न दिगो योजनाको विकास गर्नु जस्ता समस्या र चुनौती रहेका छन् ।

## ५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| दिगो कृषि विकासको आधार, सिँचाई सुविधा मुख्य पूर्वाधार |
| **लक्ष्य** |
| कृषियोग्य जमिनमा भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउने । |
| **उद्देश्यहरू** |
| ✓ मौसमी वर्षामा निर्भर रहेको कृषि प्रणालीमा सुधार गर्न बालीको आवश्यकता अनुसार सिँचाई उपलब्ध गराई कृषि उत्पादनको वृद्धिमा सघाउ पुऱ्याउने ।<br>✓ उपयुक्त प्रविधिको विकास गर्दै कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराउने ।<br>✓ सिँचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु । |

## ५.२.४ रणनीति

१. नयाँ प्रविधिमा आधारित सिँचाईको विकास गरी सिँचाई दक्षतामा वृद्धि गर्ने ।

२. कृषि क्षेत्रका रणनीति अनुकुल हुने गरी सिँचाई विकासको गुरुयोजना विकास गर्ने ।

## ५.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्शाङ्कन | जलाधार क्षेत्रको तथ्याङ्क उपलब्ध | ०८२/८३-०८२/८३ | ३०० | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्शाङ्कन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | सिँचाई आयोजना स्तरोन्नति | प्राथमिकताको आधारमा सबै वडामा सिँचाई पूर्वाधार निर्माण | ०८२/८३-०८४/८५ | ७००० | सिँचाई आयोजना स्तरोन्नति भएको हुने |
| ३ | मूल नहर भन्दा माथि रहेको भूमिका लागि लिफ्टिङ सिँचाई | सिँचाईको उचित व्यवस्थापन | ०८२/८३-०८३/८४ | ८०० | मूल नहर भन्दा माथि रहेको भुमिका लागि लिफ्टिङ सिँचाई भएको हुने |
| ४ | त्रियुगा सिँचाई आयोजना पुनर्निर्माण तथा स्तरोन्नति | सिँचाईको उचित व्यवस्था | ०८२/८३-०८३/८४ | १००० | त्रियुगा सिँचाई आयोजना पुनर्निर्माण तथा स्तरोन्नति भएको हुने |
| ५ | जलाधार क्षेत्रहरुमा बृक्षारोपण | जलाधार व्यवस्थापन | साल बसाली | ५०० | जलाधार क्षेत्रहरुमा बृक्षारोपण भएको हुने |
| ६ | आकाशे पानी संकलन ट्याङ्की निर्माण | सिँचाईको व्यवस्था | ०८२/८३-०८४/८५ | १५०० | आकशे पानी संकलन ट्याङ्की निर्माण भएको हुने |
| ७ | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति | प्राथमिकताको आधारमा सबै वडामा सिँचाई पूर्वाधार निर्माण | ०८२/८३-०८४/८५ | ७००० | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति भएको हुने |
| ८ | भूमिगत तथा सतह सिँचाई सम्भाव्यता अध्ययन तथा निर्माण | सिँचाईको उचित व्यवस्थापन | ०८२/८३-०८३/८४ | ९०० | भूमिगत तथा सतह सिँचाई सम्भाव्यता अध्ययन तथा निर्माण भएको हुने |
| ९ | वैकल्पिक सिँचाईको व्यवस्था | सिँचाईको उपलब्धता | ०८२/८३-०८४/८५ | ७००० | वैकल्पिक सिँचाईको व्यवस्था भएको हुने |

### ५.२.६ जोखिम पक्ष तथा अनुमान

कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध भई उत्पादन वृद्धि हुने, जलाधार क्षेत्रको पहिचान, प्रयोग र संरक्षण भएको हुने, बहुउपयोगी जलाशय निर्माण भएको हुने, आलोपालो प्रणाली मार्फत सिँचाईको समानुपातिक सुविधा पुगेको हुने, जलवायु अनुकुल उत्पादन र सिँचाई प्रणाली प्रयोगमा आएको हुनेछ । उल्लिखित क्रार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा पानीको प्राकृतिक स्रोतको संरक्षण नहुने, परम्परागत र आधुनिक नहरको नियमित मर्मत सम्भार नहुने र कृषियोग्य भूमि बाँझो रहने जोखिम बढी रहन्छ ।

## ५.३ ऊर्जा

### ५.३.१ पृष्ठभूमि

कुनै पनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार कुल घरपरिवार संख्या १२,७०३ मध्ये १२,०४९ अर्थात ९४.८५ प्रतिशतले मुख्य इन्धनको रुपमा विद्युतको प्रयोग गर्ने गर्दछन् भने ४५७ अर्थात ३.६० प्रतिशतले सोलारको प्रयोग गर्ने गर्दछन् । यसैगरी खाना पकाउनका लागि ९,२६३ अर्थात ७२.९२ प्रतिशतले मुख्य इन्धनको रुपमा काठ/दाउराको प्रयोग गर्ने गर्दछन् । ३,१९५ अर्थात २५.१५ प्रतिशतले एल.पी ग्याँस, १४८ अर्थात १.१७ प्रतिशतले बायो ग्याँसको प्रयोग गर्ने गर्दछन् । काठ/दाउराको श्रोत वनजंगलहरु रहेका छन् । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरू मध्ये स्वास्थ्यमा पर्ने असर र वन जङ्गलको विनाश प्रमुख हुन् ।

### ५.३.२ समस्या तथा चुनौती

खाना पकाउने इन्धनका रुपमा काठ/दाउराको अत्याधिक प्रयोग हुनु, विद्युतीकरणका लागि पोल लगायत आवश्यक पूर्वाधारको स्थापना, दिगो विद्युत प्रवाहको लागि ट्रान्सफरको क्षमतामा स्तरोन्नति, विभिन्न स्थानमा अग्ला रुख, झाडी कटान गरी विद्युत प्रवाहको अवरोध हटाउन पहल, सुपथ मुल्यमा विद्युत सेवाको समन्यायिक वितरण लगायतका समस्या र चुनौतीको विद्यमानता यस नगरपालिकामा समेत रहेको छ ।

### ५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विद्युतको सहज पहुँच मार्फत नगरपालिकाको दिगो विकास र समृद्धि |
| **लक्ष्य** |
| विद्युत विस्तारबाट उत्पादनमा आत्मनिर्भरता हासिल गरी सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउने । |
| **उद्देश्यहरू** |
| ✓ विद्युत सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रमा स्वच्छ उर्जाको पहुँच सुनिश्चित गर्नु ।<br>✓ ऊर्जामा सबै नगरपालिकाबासीको पहुँच पुऱ्याउनु ।<br>✓ ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु । |

### ५.३.४ रणनीति

१. विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।

२. विद्युत क्षमता वृद्धि गर्ने ।

३. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने ।

४. विद्युत चुहावट नियन्त्रण गर्ने ।

## ५.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत प्रशारण लाईन विस्तार | विद्युतीकरण | ०८२/८३-०८४/८५ | ७००० | विद्युत प्रशारण लाईन विस्तार भएको हुने |
| २ | घरेलु स्तरका उपभोक्ता स्मार्ट बिलिङ कार्यक्रम | स्मार्ट बिलिङ | सालबसाली | ५०० | घरेलु स्तरका उपभोक्ता स्मार्ट बिलिङ कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | विद्युत जडान तथा मर्मत तालिम | सुरक्षित तथा व्यवस्थित विद्युतीकरण | ०८२/८३-०८२/८३ | १००० | विद्युत जडान तथा मर्मत तालिमको व्यवस्था भएको हुने |
| ४ | थ्री फेजको लाइन विस्तार | विद्युत क्षमता वृद्धि | ०८२/८३-०८२/८३ | ३००० | थ्री फेजको लाइन विस्तार भएको हुने |
| ५ | ट्रान्सफर्मरको क्षमता वृद्धि | विद्युत क्षमता वृद्धि | ०८२/८३-०८३/८४ | २००० | ट्रान्सफर्मरको क्षमता वृद्धि भएको हुने |
| ६ | विद्युत विस्तार कार्यक्रम | विद्युतीकरण | ०८२/८३-०८४/८५ | ७००० | विद्युत विस्तार कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान | परम्परागत ऊर्जामा निर्भरता न्यूनीकरण | ०८२/८३-०८३/८४ | ८०० | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान प्रदान भएको हुने |
| ८ | सघन बस्ती क्षेत्रमा चार्जिङ स्टेशन निर्माण | विद्युतको सहज उपलब्धता | ०८२/८३-०८४/८५ | ७०० | सघन बस्ती क्षेत्रमा चार्जिङ स्टेशन निर्माण भएको हुने |
| ९ | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | विद्युत क्षमता वृद्धि | ०८२/८३-०८३/८४ | २००० | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान भएको हुने |
| १० | सडक तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान | विद्युतीकरण | ०८२/८३-०८४/८५ | ९०० | सडक तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान भएको हुने |

### ५.३.६ जोखिम पक्ष तथा अनुमान

विद्‌युत प्रसारणको लागि जग्गा प्राप्ति, सहज साइट क्लिरेन्स, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, काठ/दाउराको  प्रयोगमा नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएमा अपेक्षित उपलब्धि हासिल नहुने अनुमान रहेको छ भने उल्लिखित क्रियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.४ सडक तथा यातायात

### ५.४.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ । नगरपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिती सन्तोषजनक रहेको पाउन सकिन्छ । नगरपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार यहाँ गत आर्थिक वर्षमा कालोपत्रे/पक्की ३.३ कि.मि. सडक निर्माण भएको थियो भने चालु आर्थिक वर्षको चैत्र मसान्तसम्ममा ५.५ कि.मि. सडक कालोपत्रे/पक्की सडक निर्माण भएको भइसकेको छ । यसैगरी गत आर्थिक वर्षमा ग्राभेल सडक २५ कि.मि. र चालु आर्थिक वर्षको चैत्र मसान्त सम्ममा १५ कि.मि. निर्माण भएको छ भने कच्ची सडक गत आर्थिक वर्षमा ३५ कि.मि. र चालु आर्थिक वर्षको चैत्र मसान्त सम्ममा १८ कि.मि. सडक निर्माण भएको छ ।

विशेष गरी वर्षायाममा जीर्ण पक्की पुल तथा डुबानका कारण बस्तीहरू बिच सम्पर्क स्थापित हुन कठिन हुन्छ । नगरपालिकाले सडकहरूको निर्माण, विस्तार तथा मर्मत गर्नुका साथै आवश्यक स्थानहरूमा पुलहरू निर्माण गर्ने विषय प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । तथापि यातायातका साधनहरूको पर्याप्तता भएता पनि रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था भने कमजोर रहेको पाइन्छ ।

### ५.४.२ समस्या तथा चुनौती

सडक पूर्वाधार सम्बन्धी एकीकृत गुरुयोजनाको अभाव हुनु, पर्यावरणमैत्री र बाह्रै महिना संचालन हुने गरी सडकको स्तरोन्नति गर्नु, सामाजिक र आर्थिक विकासका पूर्वाधारबिच अन्तर आबद्धता कायम गर्नु जस्ता समस्या र चुनौती यस नगरपालिकामा समेत रहेका छन् ।

### ५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| समृद्धिको निकास, सडक सञ्जालको विकास |
| **लक्ष्य** |
| दिगो र भरपर्दो सडक सञ्जालको विस्तार मार्फत आर्थिक विकास र गरिबी न्यूनीकरण गर्ने । |

**उद्देश्यहरू**

- ✓ दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक विस्तार मार्फत आर्थिक क्रियाकलापहरु सहित सेवा प्रवाहको प्रभावकारिता बढाउनु ।
- ✓ सडक विस्तार खर्चलाई न्यूनतम गर्न उपयुक्त निर्माण, मर्मत सम्भार तथा संरक्षण गरी दिगो सडक सञ्जालको विकास गर्नु ।
- ✓ नगरपालिकाबासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुऱ्याउनु ।

## ५.४.४ रणनीति

१. आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी कृषि, उद्योग, व्यापार, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउन स्थानीय अर्थतन्त्रको संरचनात्मक रुपान्तरण गर्ने सडक विस्तार गर्ने ।

२. छिटो, भरपर्दो र वातावरणमैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरु अवलम्बन गर्ने ।

३. पर्यटकीय पदमार्गहरुको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने ।

४. सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागितामा सडकको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गर्ने ।

## ५.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक तथा यातायात गुरुयोजना निर्माण | प्रणालीबद्ध सडक सञ्जालीकरण | ०८३/८४-०८३/८४ | १००० | सडक तथा यातायात गुरुयोजना निर्माण भएको हुने |
| २ | नगर केन्द्र देखि वडा केन्द्र जोड्ने मूल सडक स्तरोन्नति तथा कालोपत्रे | सबै वडामा सडक सञ्जालीकरण | ०८२/८३-०८३/८४ | १५००० | नगर केन्द्र देखि वडा केन्द्र जोड्ने मूल सडक स्तरोन्नति तथा कालोपत्रे भएको हुने |
| ३ | कृषि तथा ग्रामिण सडक सञ्जाल विस्तार | कृषि सडक सञ्जालीकरण | ०८२/८३-०८४/८५ | ९५०० | कृषि तथा ग्रामिण सडक सञ्जाल विस्तार भएको हुने |
| ४ | नगरपालिका जोड्ने रिंगरोड तथा वडास्तरीय रिंगरोड कालोपत्रे | गुणस्तरीय सडक पूर्वाधार | ०८२/८३-०८४/८५ | ३००० | नगरपालिका जोड्ने रिंगरोड तथा वडास्तरीय रिंगरोड कालोपत्रे भएको हुने |
| ५ | ऐतिहासिक तथा पर्यटकीय स्थल जोड्ने सडक कालोपत्रे | सडक सञ्जाल विस्तार | ०८२/८३-०८४/८५ | ४००० | ऐतिहासिक तथा पर्यटकीय स्थल जोड्ने सडक कालोपत्रे भएको हुने |
| ६ | नगरपालिका क्षेत्रमा पूर्वाधार निर्माणलाई | व्यवस्थित पूर्वाधार निर्माण | ०८२/८३-०८२/८३ | १००० | नगरपालिका क्षेत्रमा पूर्वाधार निर्माणलाई |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | एकीकृत रुपमा सञ्चालन | | | | एकीकृत रुपमा सञ्चालन भएको हुने |
| ७ | भौगोलिक भू–बनोटको संरक्षण र वातावरणीय सन्तुलन कायम गर्न नगरस्तरबाट सडक स्तरोन्नति गर्ने कार्यका लागि आवश्यक कार्यविधि बनाई आवश्यकता अनुसार बायो इन्जिनियरिङ प्राविधिको प्रयोगलाई विस्तार | गुणस्तरीय सडक पूर्वाधार निर्माण | ०८२/८३–०८४/८५ | ५००० | भौगोलिक भू–बनोटको संरक्षण र वातावरणीय सन्तुलन कायम गर्न नगरस्तरबाट सडक स्तरोन्नति गर्ने कार्यका लागि आवश्यक कार्यविधि बनाई आवश्यकता अनुसार बायो इन्जिनियरिङ प्राविधिको प्रयोगलाई विस्तार भएको हुने |
| ८ | चौदण्डीगढीलाई गन्तव्य स्थान बनाई पदमार्ग निर्माण | सडक सञ्जाल विस्तार | ०८२/८३–०८४/८५ | २००० | चौदण्डीगढीलाई गन्तव्य स्थान बनाई पदमार्ग निर्माण भएको हुने |
| ९ | सडक सम्पतिको संरक्षण र हेरचाह गर्नको लागि कार्यविधि निर्माण | कानूनी दस्तावेज निर्माण | ०८४/८५ ०८४/८५ | २०० | सडक सम्पतिको संरक्षण र हेरचाह गर्नको लागि कार्यविधि निर्माण भएको हुने |
| १० | स्थानीय सडकहरूको मर्मत सम्भार | सडक निर्माण तथा स्तरोन्नति | ०८२/८३–०८४/८५ | २००० | स्थानीय सडकहरूको मर्मत सम्भार भएको हुने |
| ११ | नियमित सडक मर्मतको लागि सडक हेरालु तालिम तथा सीप विकास | गुणस्तरीय सडक पूर्वाधार | ०८२/८३–०८२/८३ | १००० | नियमित सडक मर्मतको लागि सडक हेरालु तालिम तथा सीप विकास भएको हुने |

## ५.४.६ जोखिम पक्ष तथा अनुमान

नगर क्षेत्रका विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत सम्भारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातायातका पूर्वाधार निर्माण र प्रभावकारी सञ्चालनमा आउन सक्नेछन् भनी अनुमान गर्न सकिन्छ भने स्थानीयबासीको आवश्यकताको आधारमा रुटको निर्धारण, यातायात सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातायात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.५ आवास, भवन तथा बस्ती विकास

### ५.५.१ पृष्ठभूमि

मानव जीवनको आधारभूत आवश्यकताहरू मध्ये आवास पनि एक हो र नेपालको संविधानले पनि सुरक्षित तथा वातावारणमैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । नगरपालिका भित्रका अधिकांश घरहरू कच्ची तथा अर्धपक्की अवस्थाका रहेका छन् । यहाँका न्यून घरहरुमात्र पक्की अवस्थामा रहनुले यस नगरपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले जोखिममुक्त अवस्थामा भने छैनन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँ जम्मा १२,७०३ घरधुरी रहेकोमा घरको छानोको आधारमा टिन तथा जस्ताको छानो भएका परिवार सबैभन्दा बढी १०,६३२ अर्थात ८३.७० प्रतिशत रहेका छन् । दोस्रोमा सिमेन्ट ढलान गरिएको घर परिवार संख्या १,३४२ अर्थात १०.५६ प्रतिशत रहेका छन् भने टायल/खपडा/झिँगटीको छानो भएका परिवार ३४६ अर्थात २.७२ प्रतिशत रहेका छन् । यसैगरी भुँइको आधारमा माटोको भुँइ भएका परिवार सबैभन्दा बढी ६,८८३ अर्थात ५४.१८ प्रतिशत रहेका छन् भने सिमेन्ट ढलान भएका परिवार संख्या ५,२४४ अर्थात ४१.२८ प्रतिशत रहेका छन् ।

### ५.५.२ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| समुदायको सहभागितामा सबैका लागि सुरक्षित र व्यवस्थित आवासको व्यवस्था |
| **लक्ष्य** |
| वातानुकुलित, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवद्र्धन गर्नु ।<br>✓ भूकम्प लगायत सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरु निर्माण गर्नु ।<br>✓ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु । |

### ५.५.३ रणनीति

१. विपन्न र सिमान्तकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।

२. भूकम्पमा भत्केका निजी घर, सार्वजनिक भवन, विद्यालय र स्वास्थ्य संस्थाको पुननिर्माण सम्पन्न गर्ने ।

## ५.५.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बस्ती विकास गुरुयोजना तयार | बस्ती व्यवस्थापन | ०८२/८३-०८२/८३ | १२०० | बस्ती विकास गुरुयोजना तयार भएको हुने |
| २ | सीमान्तकृत, लोपोन्मुख, र विपन्नका लागि जनता आवास कार्यक्रम | लक्षित वर्ग आवास निर्माण | ०८२/८३-०८२/८३ | १३०० | सीमान्तकृत, लोपोन्मुख, र विपन्नका लागि जनता आवास कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | भौगोलिक हिसाबले विकट र जोखिममा रहेका बस्ती पहिचान र उपयुक्त समाधान खोज | सुरक्षित भवन निर्माण | ०८२/८३-०८४/८५ | ५०० | भौगोलिक हिसाबले विकट र जोखिममा रहेका बस्ती पहिचान र उपयुक्त समाधान खोज भएको हुने |
| ४ | सुकुम्बासी समस्या समाधान कार्य | सुकुम्बासी समस्या समाधान | सालबसाली | ३५०० | सुकुम्बासी समस्या समाधान कार्य भएको हुने |
| ५ | विपद्को जोखिममा रहेका बस्तीहरूको पहिचान र नक्शाङ्कन | जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन | ०८२/८३-०८४/८५ | ३०० | विपद्को जोखिममा रहेका बस्तीहरूको पहिचान र नक्शाङ्कन भएको हुने |
| ६ | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान | एकीकृत तथा दिगो आवास निर्माण | ०८२/८३-०८२/८३ | ६०० | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान भएको हुने |
| ७ | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण | सहभागितामूलक आवास निर्माण | ०८२/८३-०८४/८५ | ३००० | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण भएको हुने |
| ८ | सामूहिक, सार्वजनिक तथा सरकारी भवन निर्माण | सार्वजनिक सेवा प्रवाहमा सहजता | ०८२/८३-०८४/८५ | ६००० | सामूहिक, सार्वजनिक तथा सरकारी भवन निर्माण भएको हुने |
| ९ | भवन आचार संहिता तर्जुमा तथा लागु | सुरक्षित भवन निर्माण | ०८२/८३-०८२/८३ | ६०० | भवन आचार संहिता तर्जुमा तथा लागु भएको हुने |
| १० | अपाङ्ग मैत्री भवनहरु निर्माण | अपाङ्गता भएका व्यक्तिहरुलाई सहजता | ०८२/८३-०८४/८५ | ३००० | अपाङ्ग मैत्री भवनहरु निर्माण भएको हुने |

### ५.५.५ जोखिम पक्ष तथा अनुमान

अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्न दीर्घकालीन योजना निर्माण गर्न नसकिएमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकासको लक्ष्य कार्यान्वयन दुवै जोखिममा पर्ने सम्भावना रहन्छ ।

## ५.६ सूचना तथा सञ्चार

### ५.६.१ पृष्ठभूमि

नेपालको संविधानले सूचना तथा सञ्चार सम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार नगरपालिकामा करिब ६५.९५ प्रतिशत घरधुरीले विद्युतीय पंखा प्रयोग गर्ने गरेका छन् भने ७८.१४ प्रतिशतले मोबाइल प्रयोग गर्ने गरेको छन् । यहाँका ४२.९९ प्रतिशत घरधुरीले साइकल, ४७.४७ प्रतिशत घरधुरीले टेलिभिजन, १८.९४ प्रतितले रेडियोको प्रयोग गर्ने गरेका छन् भने १८.६१ प्रतिशत घरधुरीले इन्टरनेट सुविधाको प्रयोग गर्ने गरेका छन् । नगरपालिकाका सबै वडामा मोबाइल फोनको सुविधा छ । यहाँ केही वडाहरुमा तारसहितको ल्याण्डलाइन फोन सेवा, बजार क्षेत्रमा इन्टरनेट सेवा संचालनमा रहेको छ । नगरपालिकालाई सूचना तथा प्रविधिमैत्री बनाउनका लागि पालिकाले सामाजिक सञ्जाल, वेवसाइट मार्फत नगरका सूचनाहरुलाई अद्यावधिक गर्ने कार्य सुरु गरेको छ ।

त्यसैगरी नगरपालिकामा निजी क्षेत्रबाट विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरूले इन्टरनेट सेवा प्रदान गर्दै आएका भए तापनि वडाका सबै स्थानहरुमा इन्टरनेट प्रविधिको अवस्था कमजोर रहेकोले विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ । पालिकामा विभिन्न राष्ट्रिय दैनिक पत्रिका जस्तै गोरखापत्र, कान्तिपुर आदिको आपूर्ति हुने गरेको छ । यसका साथै डीसहोम मार्फत टेलिभिजन प्रसारण हुँदै आएकाले नगरपालिकाबासीले विभिन्न किसिमका समाचारका साथै मनोरञ्जनात्मक कार्यक्रम हेर्ने मौका पाएका छन् ।

पालिकाले आफ्नो क्षेत्र भित्रका विभिन्न गतिविधि तथा व्यक्तिगत घटना दर्ता र सामाजिक कार्यक्रमलाई प्रभावकारी रुपमा लक्षित वर्गको जानकारी पहुँचमा पुऱ्याउनका लागि स्थानीय पत्रपत्रिका तथा रेडियो मार्फत सूचना एवं जानकारी प्रकाशन तथा प्रसारण कार्यलाई निरन्तरता दिने, नगरपालिकाबाट प्रवाह हुने सेवा र क्रियाकलापहरुलाई सूचना प्रविधिमा आधारित बनाउँदै सुशासन कायम गर्ने प्रयास गर्ने, सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापनको स्थापना गर्ने उद्देश्यले एकिकृत स्थानीय वस्तुगत विवरण (ILG Profile) निर्माण गरी विभिन्न सरकारी प्रणालीसँग अन्तरआबद्ध गरी सेवा प्रवाहको क्रममा विवरणहरु स्वतः अद्यावधिक (Live Update) हुने पद्धति विकास गर्ने पहल गर्ने लगायतका नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

## ५.६.२ समस्या तथा चुनौती

गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नु, सञ्चारका विभिन्न माध्यमको समयसापेक्ष विस्तार, सूचना तथा प्रविधिको प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, अनुगमन र नियमन गर्नु जस्ता समस्या र चुनौतीको विद्यमानता यस नगरपालिकामा समेत रहेका छन् ।

## ५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सूचना प्रविधिमा आधारित स्थानीय अर्थतन्त्रको निर्माण |
| **लक्ष्य** |
| नगर क्षेत्र भरी सूचना तथा सञ्चारको सञ्जाल स्थापना गरी सूचनाको माध्यमबाट आर्थिक विकास, सामाजिक सद्भाव र साँस्कृतिक संरक्षणमा एकता जुटाउने । |
| **उद्देश्यहरू** |
| ✓ सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रुपमा विकास गर्नु ।<br>✓ आधुनिक सञ्चार तथा सूचना प्रविधिमा सबै जनताको पहुँच विस्तार गर्नु ।<br>✓ नगरपालिकाबासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्नु । |

## ५.६.४ रणनीति

१. सूचना प्रविधिमा आधारित रोजगारीको वृद्धि गर्ने ।
२. नगरभित्र सबै जनतामा आमसञ्चारको पहुँच विस्तार गर्ने ।
३. नगरभित्रका सबै नागरिकहरुमा इन्टरनेट सेवा पुऱ्याउने ।

## ५.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण | दुरसञ्चार पूर्वाधार निर्माण | ०८२/८३-०८३/८४ | १४०० | नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण भएको हुने |
| २ | विद्यालयहरूमा सूचना प्रविधि अध्ययन कक्ष स्थापनाका लागि छनौट मापदण्ड विकास | प्राविधिक विकासमा जोड | ०८२/८३-०८३/८४ | १००० | विद्यालयहरूमा सूचना प्रविधि अध्ययन कक्ष स्थापनाका लागि छनौट मापदण्ड विकास भएको हुने |
| ३ | माध्यमिक विद्यालयहरूमा | आधुनिक प्रविधिमा जोड | ०८२/८३-०८४/८५ | २५०० | माध्यमिक विद्यालयहरूमा |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना | | | | आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना भएको हुने |
| ४ | सूचना प्रविधि क्षेत्रमा स्वरोजगार सिर्जना गर्न युवा लक्षित तालिम | दक्ष युवा जनशक्ति उत्पादन | साल बसाली | ५०० | सूचना प्रविधि क्षेत्रमा स्वरोजगार सिर्जना गर्न युवा लक्षित तालिमको व्यवस्था भएको हुने |
| ५ | सूचना प्रविधि पार्क निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन | सूचना प्रवाहमा सहजता | ०८२/८३-०८२/८३ | ४०० | सूचना प्रविधि पार्क निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन भएको हुने |
| ६ | सामुदायिक एफ.एम स्थापना | सूचना प्रवाह | ०८२/८३-०८४/८५ | १७०० | सामुदायिक एफ.एम स्थापना भएको हुने |
| ७ | मुख्य सडक र बस्तीहरुमा सि.सि. क्यामरा जडान | सुरक्षाको प्रत्याभूति | ०८२/८३-०८३/८४ | १५०० | मुख्य सडक र बस्तीहरुमा सि.सि. क्यामरा जडान भएको हुने |
| ८ | नगर क्षेत्रको घरहरुमा नगर संख्या राख्ने तथा अभिलेखीकरण | स्मार्ट पालिका निर्माण | ०८३/८४-०८४/८५ | १००० | नगर क्षेत्रको घरहरुमा नगर संख्या राख्ने तथा अभिलेखीकरण भएको हुने |
| ९ | नेपाल दूरसञ्चार कम्पनी मार्फत् इन्टरनेट सेवा विस्तार | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण | ०८२/८३-०८३/८४ | २००० | नेपाल दूरसञ्चार कम्पनी मार्फत् इन्टरनेट सेवा विस्तार भएको हुने |
| १० | विद्युत प्राधिकरणसँग सहकार्य | दुरसञ्चार र विद्युत प्राधिकरणबिच सेवा प्रवाहमा सहकार्य | साल बसाली | ५०० | विद्युत प्राधिकरणसँग सहकार्य भएको हुने |
| ११ | पालिकाको वेवसाइट अपडेट | सूचनामा सहज पहुँच | साल बसाली | २०० | पालिकाको वेवसाइट अपडेट भएको हुने |

### ५.६.६ जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबिच सहकार्य हुने, लक्षित वर्गमा सञ्चार सेवाको पहुँच विस्तार कार्यक्रम केन्द्रित हुने, नगरपालिकाको वेवसाइट निरन्तर अद्यावधिक गरी सार्वजनिक सूचनामा पहुँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने अनुमान गर्न सकिन्छ भने आयोजना/कार्यक्रमलाई प्राथमिकिकरण तथा स्रोत साधनको उचित विनियोजन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **खानेपानी तथा सरसफाई** | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) (प.दि.वि.ल. ६.१.१.१) | प्रतिशत | ५१.९* | ५५ |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या (प.दि.वि.ल. ६.१.१.२) | प्रतिशत | ५१.९* | ५५ |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ०.१* | ३ |
| | असर | उन्नत सुधारिएका सरसफाई सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन (प.दि.वि.ल. ६.२.१.१) | प्रतिशत | | |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प.दि.वि.ल. ६.२.१.२) | प्रतिशत | ९६.७* | १०० |
| | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार (प.दि.वि.ल. ६.२.१.३) | प्रतिशत | ३१.८* | ३५ |
| | प्रतिफल | उपभोक्ता समिति मार्फत सञ्चालन गरिएका खानेपानी आयोजना | संख्या | | |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | | |
| | असर | आधुनिक र सुविधा सम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २९* | ४० |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहोरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | | |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित नगरघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | | |
| २. | **सिँचाई** | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिँचाई सुविधा पुगेको भूमि | प्रतिशत | २९.७०** | ३५ |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिँचाई सुविधा पुगेको भूमि | प्रतिशत | | |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) | हेक्टर | | |
| ३. | **उर्जा** | | | | |
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या (प.दि.वि.ल. ७.१.१) | प्रतिशत | ९४.९* | १०० |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३.६* | ९.५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.१) | प्रतिशत | ७२.९२* | ५५ |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.२) | प्रतिशत | २५.५* | ४० |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.७* | ५ |
| | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| | असर | विद्युतीय सामग्रीमा पंखा, एयर कन्डिसनर, वासिङ मेशिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६६.५* | ७० |
| **४.** | **सडक तथा यातायात** | | | | |
| | असर | बाह्रै महिना सवारी साधन सञ्चालन योग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार | प्रतिशत | | |
| | असर | घरबाट ३० मिनेटको पैदल यात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | | |
| | असर | सडक घनत्व | कि.मि. | | |
| | प्रतिफल | नगरपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | नगरपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | | |
| | प्रतिफल | नगरपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | १३.७८** | २२.८५ |
| | प्रतिफल | नगरपालिकाको ग्राभेल सडकको जम्मा लम्बाई | कि.मि | ३४.१** | ४७.४५ |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | सडकहरुमा व्यवस्थित नाला निर्माण | कि.मि | | |
| | प्रतिफल | पुल निर्माण (ट्रस, झोलुङ्गे, पक्की ) | संख्या | १३** | १९ |
| | प्रतिफल | आर.सी.सी. कल्भर्ट निर्माण | संख्या | १७** | २५ |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या | प्रतिशत | ४३* | ५० |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | २०.४* | ३० |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | १.४* | २ |
| **५.** | **आवास, भवन तथा बस्ती विकास** | | | | |
| | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | २.७* | १.३ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | २.५* | १.५ |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुविधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | १०.६* | १५ |
| | असर | नक्शा पास गरेर बनाइएका घरहरुको | प्रतिशत | ५** | ११ |
| | असर | भूकम्प प्रतिरोधी विधि अपनाएर बनेका घरहरुको प्रतिशत | प्रतिशत | २५** | ३५ |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | | |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | बहुतले आवास (अपार्टमेन्ट) मा बस्ने परिवार | प्रतिशत | | |
| **६.** | **सूचना तथा सञ्चार** | | | | |
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार (साधारण/स्मार्ट फोन) | प्रतिशत | ७८.१* | ९५ |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | १८.६* | ३० |
| | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | १८.९* | २५ |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ४७.५* | ५० |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय (**)*

*स्रोतः राष्ट्रिय जनगणना २०७८ (*)*

# परिच्छेद – ६: वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा भू–संरक्षण

### ६.१.१ पृष्ठभूमि

नगरपालिकाको GIS तथ्याङ्क अनुसार पालिकाको कूल क्षेत्रफल २८३.७८ वर्ग कि.मि. मध्ये ५७.७५ प्रतिशत वन जंगल क्षेत्रले ओगटेको छ । पछिल्लो तथ्याङ्क अनुसार महाभारत सा.व, देवीथान सा.व, शिवबाबा महिला सा.व, कुन्तिमाई सा.व, आदर्श सा.व, हिमचुली सा.ब, धाउखानी सा.व.,दुधकोशी सा.व लगायतका ६३ वटा सामुदायिक वनहरु रहेका छन् । यहाँको वन जंगलमा पाईने प्रमुख रुखका प्रजातिहरुमा चाम्रो, करम, साज, तिल्के, असारे, अमला, बेल, कुसुम, पिपला, गिठ्ठा, मसला, पिपल, बर आदि रहेका छन् भने अन्य वनस्पतिमा निम, राजवृक्ष, बकाईनो आदि रहेका छन् । बाढी, कटान र डुबान जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्ने वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छता बनाई राख्ने कार्यलाई भू तथा जलाधार संरक्षण भनिन्छ । पालिकाको वातावरणलाई स्वच्छ बनाई वातावरणीय सन्तुलन कायम राख्न वातावरण तथा विपद् व्यवस्थापन समितिको गठन गरी वातावरण फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, पानीको मुहान संरक्षण लगायतका विभिन्न कार्यहरु गर्नुपर्ने देखिन्छ ।

पालिकाले वन तथा वातावरणका क्षेत्रमा नगर क्षेत्रका वनहरुमा जैविक विविधता, सिमसार, पानीको मुहान, कुवा, ईनार संरक्षण लगायतका कार्यबाट वन वातावरणको संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समिति र डिभिजन/सब–डिभिजन वन कार्यालयहरुसँग समन्वय र साझेदारी गरी विकास निर्माण तथा जनचेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने र नगर क्षेत्रका खाली भाग, नाङ्गा डाँडापाखा तथा सडकका दायाँबायाँ क्षेत्रमा बृक्षारोपणका कार्यक्रमहरु सञ्चालन गर्ने लगायतका नीति अगाडि सारेको छ ।

### ६.१.२ समस्या तथा चुनौती

इन्धनको प्रमुख श्रोतका रुपमा वन पैदावरको प्रयोग अत्याधिक हुनु, वन पैदावर र जडीबुटी संकलन तथा प्रयोगलाई आर्थिक समृद्धिको रुपमा परिचालन गर्न नसक्नु, सामुदायिक वनको आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउन नसक्नु, मानिस, वातावरण र जंगली जनावरबिच सन्तुलित सम्बन्ध बनाउन नसक्नु जस्ता समस्या र चुनौती यस नगरपालिकामा समेत रहेका छन् ।

### ६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| जल, जमिन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो विकास हासिल |
| **लक्ष्य** |
| नगरपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने । |

**उद्देश्यहरू**

- ✓ वन क्षेत्रको दिगो व्यवस्थापन गरी नगरपालिकाको आर्थिक स्रोतको प्रमुख आधार बनाउनु ।
- ✓ वन तथा हरित क्षेत्रको दिगो विकास सुनिश्चित गर्नु ।
- ✓ कटानग्रस्त क्षेत्रको संरक्षण गर्नु ।

## ६.१.४ रणनीति

१. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने ।

२. वन क्षेत्रको दिगो व्यवस्थापन गर्ने ।

३. वनलाई आर्थिक श्रोतको प्रमुख आधार बनाउने ।

४. खेर गइरहेको झाडी बुट्यान क्षेत्रलाई सदुपयोग गरी वनको क्षेत्रफल बढाउने ।

## ६.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संकटापन्न वनस्पति संरक्षण कार्यक्रम | हरित क्षेत्रको विस्तार | ०८२/८३–०८२/८३ | ५०० | संकटापन्न वनस्पति संरक्षण कार्यक्रम संचालन भएको हुने |
| २ | १ घर १ बिरुवाको अवधारणा | बृक्षारोपणमा जोड | ०८२/८३–०८२/८३ | ३०० | १ घर १ बिरुवाको अवधारणा विकास भएको हुने |
| ३ | फलफूल तथा अन्य विरुवा उत्पादन र अनुदानमा वितरण | फलफूल तथा अन्य विरुवा उत्पादनमा आत्मनिर्भर | ०८२/८३–०८३/८४ | १००० | फलफूल तथा अन्य विरुवा उत्पादन र अनुदानमा वितरण भएको हुने |
| ४ | स्थानीय वन ऐन निर्माण | वन तथा भू–संरक्षणका लागि आवश्यक कानूनको निर्माण | ०८२/८३–०८२/८३ | २०० | स्थानीय वन ऐन निर्माण भएको हुने |
| ५ | कटान संवेदनशील क्षेत्रको नक्शाङ्कन तथा विवरण संकलन | पहिरोग्रस्त क्षेत्रको नक्शाङ्कन | ०८२/८३–०८२/८३ | १०० | कटान संवेदनशील क्षेत्रको नक्शाङ्कन तथा विवरण संकलन भएको हुने |
| ६ | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम | दिगो वन व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा वृद्धि | ०८२/८३–०८२/८३ | ४०० | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम संचालन भएको हुने |
| ७ | Agro forestry का सम्बन्धमा विज्ञसँग परामर्श | वन व्यवस्थापन | ०८२/८३–०८२/८३ | ३०० | Agro forestry का सम्बन्धमा विज्ञसँग परामर्श भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ८ | हरित क्षेत्र सम्भाव्यता अध्ययन तथा नक्शाङ्कन | हरित क्षेत्र पहिचान | ०८२/८३-०८३/८४ | ४०० | हरित क्षेत्र सम्भाव्यता अध्ययन तथा नक्शाङ्कन भएको हुने |
| ९ | वन उपभोक्ता समितिलाई तालिम | उपभोक्ता समितिको सशक्त नेतृत्व | साल बसाली | ४०० | वन उपभोक्ता समितिलाई तालिम संचालन भएको हुने |
| १० | बृक्षारोपण मार्फत पानीको मुहान संरक्षण | जलाधार र मुहान संरक्षण | साल बसाली | २५० | बृक्षारोपण मार्फत पानीको मुहान संरक्षण भएको हुने |
| ११ | "कटान पश्चात पुनः हरियो" कार्यक्रम संचालन | दिगो वन तथा भू–संरक्षण | साल बसाली | ४०० | "कटान पश्चात पुनः हरियो" कार्यक्रम संचालन भएको हुने |
| १२ | चोरी निकासी नियन्त्रयण गर्न वन रक्षक तालिम तथा अभिमूखीकरण | वन रक्षक र सचेतना मार्फत चोरी निकासी नियन्त्रण | साल बसाली | ३०० | चोरी निकासी नियन्त्रयण गर्न वन रक्षक तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन भएको हुने |

### ६.१.६ जोखिम पक्ष तथा अनुमान

निजी वन प्रवर्द्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारको लागि बोटविरुवाको बेर्ना वितरण, नदीजन्य कटान रोक्नका लागि तारजाली व्यवस्थापन, बायो इन्जिनियरिङ विधि अवलम्बन गरी निर्माण जस्ता कार्य गर्न सकिएमा वन तथा भू–संरक्षण गर्न सकिने अनुमान गर्न सकिन्छ भने पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

## ६.२ जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । यस नगरपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । यस नगरपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र नगरपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ । यहाँ रहेका मुख्य जलस्रोतहरुमा ताप्रांग खोला, देवी खोला, भडोली खोला, घोरमुना खोला, लाटी खोला, सुघरे खोला, करम्जे खोला, गौरी खोला आदि महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन् । वातावरण तथा हरियाली प्रवद्र्धन गरी वातावरणको सन्तुलन कायम राखी जलाधार संरक्षण गर्नका लागि नगरपालिकाले सडकपेटी, नदी किनार तथा सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गर्ने कार्य सञ्चालन गर्न जरुरी देखिन्छ ।

## ६.२.२ समस्या तथा चुनौती

जलाधार क्षेत्र संरक्षण, वैज्ञानिक जलाधार व्यवस्थापन, पिउने पानी, कृषि र अन्य प्रयोजनको जलश्रोतको बहुउपयोगको व्यवस्थापन, मानवीय चेतना वृद्धि लगायतका कार्यमा दीर्घकालीन सोच र लगानी लगायतका समस्या र चुनौती रहेको छ ।

## ६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नगरपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल |
| **लक्ष्य** |
| नगरपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने । |
| **उद्देश्यहरू** |
| ✓ जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्नु । |

## ६.२.४ रणनीति

१. जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने ।

२. जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने ।

३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ६.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार | जलस्रोत तथा जलाधार क्षेत्रको अद्यावधिक तथ्याङ्क उपलब्ध | ०८२/८३-०८२/८३ | ४०० | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार भएको हुने |
| २. | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार | कानूनको तर्जुमा | ०८३/८४-०८३/८४ | १०० | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार भएको हुने |
| ३. | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम | जलाधार क्षेत्र संरक्षण | साल बसाली | ८०० | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन भएको हुने |
| ४. | पोखरीहरू निर्माण तथा पुर्नउत्थान कार्यक्रम | पालिकाको सौन्दर्य वृद्धि र बहुउपयोग | साल बसाली | १००० | पोखरीहरू निर्माण तथा पुर्नउत्थान कार्यक्रम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५. | बृक्षारोपण कार्यक्रम | वनजंगल संरक्षण र व्यवस्थापन | साल बसाली | ६०० | बृक्षारोपण कार्यक्रम संचालन भएको हुने |
| ६. | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया | जलाधार क्षेत्रको बहुपयोग | ०८२/८३-०८३/८४ | २०० | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया भएको हुने |
| ७. | जनचेतनामूलक कार्यक्रम सञ्चालन | बहुसरोकारवाला निकाय र व्यक्ति सचेत | साल बसाली | ६०० | जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ६.२.६ जोखिम पक्ष तथा अनुमान

जलाधार क्षेत्रको नक्शाङ्कन र संरक्षण, खाली तथा प्रयोगहीन जमिनमा बृक्षारोपण, प्राकृतिक पोखरीको संरक्षण र कृत्रिम पोखरीको निर्माण, जलाधार क्षेत्रको संरक्षण र बहुउपयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकेमा जलाधार क्षेत्रको संरक्षण हुन सक्ने अनुमान गर्न सकिन्छ भने जलाधार क्षेत्रको अतिक्रमण, अव्यवस्थित फोहोरमैला र सचेतनाको अभावमा जलाधार क्षेत्र विनाश हुँदै जाने जोखिम रहन्छ ।

## ६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### ६.३.१ पृष्ठभूमि

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा वर्षेनी प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । यस नगरपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस नगरपालिकामा विशेषगरी पहिरो, बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेका छन् । यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसके पनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्नु आवश्यक हुन्छ ।

पालिकाले विपद् व्यवस्थापनका क्षेत्रमा नगरस्तरीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद् समितिलाई थप क्रियाशिल र प्रभावकारी बनाउने, विपद्का लागि अत्यावश्यक व्यवस्थापन गर्ने, जलजन्य विपद्बाट क्षति न्यूनीकरण गर्नका लागि नदीजन्य पदार्थको उत्खनन तथा बिक्रिबाट प्राप्त रकमबाट विभिन्न खहरे खोला तथा नदीका कारण हुने जोखिमयुक्त स्थानमा तटबन्ध तथा नदी नियन्त्रणका कार्यहरुलाई निरन्तरता दिने, विपद् प्रभावकारी र योजनाबद्ध व्यवस्थापनका लागि यस नगरपालिकाको

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (LDRMP) निर्माण गरी कार्यान्वयन गर्ने, विपद् कोष स्थापना गरी आपतकालिन सहयोग कार्यक्रम सञ्चालन गर्ने, विपद् तथा महामारीको समस्याबाट बच्नका लागि स्थानीय सञ्चार माध्यमबाट जनचेतना मूलक विषयहरु प्रकाशन प्रसारण गर्नको साथै यस क्षेत्रमा क्रियाशिल सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय, सहकार्य र साझेदारी गर्ने, बजार क्षेत्रमा Fire Hydrant जडान गर्ने लगायतका नीति अगाडि सारेको छ ।

## ६.३.२ समस्या तथा चुनौती

जलवायु परिवर्तनजन्य प्राकृतिक प्रकोप न्यूनीकरण, नदी कटान र भू–क्षय नियन्त्रण, व्यवस्थित र प्रणालीबद्ध मानव बस्ती विकास र शहरीकरण, विषादीजन्य र किटनाशक औषधीको प्रयोग सम्बन्धी सचेतना वृद्धि, प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माण गर्नु, विकास निमार्ण कार्यलाई पर्यावरणमैत्री बनाई दिगो विकास लक्ष्य प्राप्तिमा सहजीकरण लगायतका समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

## ६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील स्थानीय सरकार |
| **लक्ष्य** |
| विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने । |
| **उद्देश्यहरू** |
| ✓ प्रकोपको जोखिम तथा यसका असरहरुलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनलाई नगरपालिकाको विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्नु ।<br>✓ प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट हुने क्षति न्यूनीकरण गर्नु ।<br>✓ विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु । |

## ६.३.४ रणनीति

१. विपद् रोकथाम मार्फत क्षति न्यूनीकरण गर्ने ।

२. विपद् पश्चात आधारभूत आवश्यकता परिपूर्ती गर्न सक्ने अवस्था सुनिश्चित गर्ने आपतकालिन सेवाहरु व्यवस्था सहितको प्रतिकार्य (Response) गर्ने ।

३. विपद्मा परेका व्यक्ति तथा समुदायको पुर्नलाभ तथा उत्थानशिलता विकास गर्ने ।

## ६.३.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उच्च जोखिम क्षेत्रहरूको नक्शाङ्कन | नक्शाङ्कनको आधारमा सुरक्षित बस्ती विकास | ०८२/८३-०८२/८३ | ५०० | उच्च जोखिम क्षेत्रहरूको नक्शाङ्कन भएको हुने |
| २ | आपत्कालीन सहायताका लागि खाद्यन्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको भण्डारण | विपद् पूर्वतयारी | ०८३/८४-०८३/८४ | १००० | आपत्कालीन सहायताका लागि खाद्यन्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको भण्डारण भएको हुने |
| ३ | खोला किनारामा रहेका जोखिमयुक्त बस्तीहरूको पहिचान | विपद् क्षति न्यूनीकरण | ०८२/८३-०८२/८३ | ४०० | खोला किनारामा रहेका जोखिमयुक्त बस्तीहरूको पहिचान भएको हुने |
| ४ | नगर प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन | विपद् जोखिम न्यूनीकरण | ०८२/८३-०८२/८३ | १०० | नगर प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको हुने |
| ५ | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन | विपद् पूर्व तयारी | ०८२/८३-०८३/८४ | ८०० | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन भएको हुने |
| ६ | विपद् जोखिममा न्यूनीकरण जनचेतनाको कार्यक्रम सञ्चालन | सचेतना अभिवृद्धि | साल बसाली | ३०० | विपद् जोखिममा न्यूनीकरण जनचेतनाको कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | जोखिमयुक्त स्थानमा बसोबास गर्ने परिवारको तथ्याङ्क अद्यावधिक | सुरक्षित स्थानको व्यवस्था | ०८२/८३-०८३/८४ | ५०० | जोखिमयुक्त स्थानमा बसोबास गर्ने परिवारको तथ्याङ्क अद्यावधिक भएको हुने |
| ८ | विपद् पश्चात आवश्यक पर्ने उद्धार उपकरण तथा राहत सामग्रीको तथ्याङ्क संकलन | विपद्को समयमा आवश्यक पर्ने सामग्रीको व्यवस्था | ०८२/८३-०८२/८३ | २००० | विपद् पश्चात आवश्यक पर्ने उद्धार उपकरण तथा राहत सामग्रीको तथ्याङ्क संकलन भएको हुने |
| ९ | विपद् पश्चातको क्षति तथा आवश्यकताको लेखाजोखा | राहतको व्यवस्था | ०८३/८४-०८३/८४ | ५०० | विपद् पश्चातको क्षति तथा आवश्यकताको लेखाजोखा भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १० | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनः आफ्नो पूर्वावस्थामा फर्कने सक्ने क्षमता विकास | प्रोत्साहनको व्यवस्था | ०८३/८४-०८४/८५ | ४०० | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनः आफ्नो पूर्वावस्थामा फर्कने सक्ने क्षमता विकास भएको हुने |

### ६.३.६ जोखिम पक्ष तथा अनुमान

नगर क्षेत्रमा प्रत्येक वर्ष देखापर्ने प्राकृतिक जोखिम न्यूनीकरणको लागि जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन हुने, जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरण हुने, जलवायु परिवर्तनबाट सिर्जना हुने समस्या र अनुकुलनताका उपाय अवलम्बन हुने, संक्रमण र महामारीजन्य रोगको बारेमा नगरपालिका भौतिक र वित्तीय रुपमा सबल अवस्थामा हुने तथा तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमबिच समन्वयात्मक सम्बन्ध बनाउन सकेमा विपद्जन्य समस्या र जलवायु परिवर्तन अनुकुल बालीनाली लगाउन सकिन्छ भनी अनुमान गर्न सकिन्छ भने विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुर्नस्थापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ ।

## ६.४ वातावरण संरक्षण

### ६.४.१ पृष्ठभूमि

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सिर्जना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ । वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । मौलिक हकको प्रत्याभूति दिलाउनका लागि नगरपालिकाले फोहोरलाई स्रोतमै वर्गीकरण गरी सकेसम्म कम फोहोर उत्पादन गर्ने, वातावरणमैत्री सामाग्रीहरुको मात्र प्रयोग गर्ने र अभियानको थालनी गरेको छ । नगरपालिकाले फोहोरमैलाको दिगो व्यवस्थापनको लागि डम्पीङ/ल्याण्डफिल्ड साइटको उचित व्यवस्था नभएता पनि स्थानीय स्तरबाट कुहिने र नकुहिने फोहोर छुट्याइ फोहोरलाई मोहरमा बदल्ने प्रयास गरिरहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

वातावरण र विकास बिच सन्तुलन कायम गर्नु, पर्यावरणमैत्री कृषि प्रणालीको अवलम्बन, प्रदुषकले क्षति व्यहोर्ने पद्धतिको कार्यान्वयन गराउनु, फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्था,

फोहोरको वर्गीकरण तथा पुनः प्रयोग, सामाजिक उत्तरदायित्व अन्तर्गत नगरपालिका क्षेत्रभित्रका उद्योग, कलकारखानालाई सामाजिक पुनः उत्थानका कार्यक्रममा उत्प्रेरित गर्नुपर्ने जस्ता समस्या र चुनौती वातावरण संरक्षणका क्षेत्रमा यस नगरपालिकामा समेत रहेका छन् ।

### ६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सुन्दर र हरियाली जलाधार, नगरपालिकाको दिगो आधार |
| **लक्ष्य** |
| हरियाली प्रवर्द्धन गरी नगरबासीको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको ग्यारेन्टी गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ नगरमा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरु वातावरणमैत्री बनाउनु ।<br>✓ दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हासिल गर्नु ।<br>✓ जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।<br>✓ प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो, ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु । |

### ६.४.४ रणनीति

१. उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नु पूर्व वातावरणीय मूल्याङ्कन गर्ने व्यवस्था गर्ने ।

२. नेपाल पक्ष भएका वातावरण सम्बन्धी सन्धि तथा महासन्धिहरुको कार्यान्वयन गर्ने ।

३. हरित गृह ग्याँस उत्सर्जन कम गर्ने व्यवस्था गर्ने ।

४. विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने ।

५. जमिन, ध्वनि तथा वायु प्रदुषण रोकथाम तथा फोहोरमैला व्यवस्थापन गर्ने ।

### ६.४.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान | पर्यावरण संरक्षण | साल बसाली | १५० | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान संचालन भएको हुने |
| २ | प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी निर्देशिका तयार | कानून निर्माण | ०८४/८५-०८४/८५ | २५० | प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | निर्देशिका तयार भएको हुने |
| ३ | इँट्टाभट्टा, उद्योग लगायत वायु प्रदूषकहरूको अनुगमन तथा नियन्त्रण | पर्यावरण संरक्षण | ०८२/८३–०८२/८३ | ३०० | इँट्टाभट्टा, उद्योग लगायत वायु प्रदूषकहरूको अनुगमन तथा नियन्त्रण भएको हुने |
| ४ | वन तथा झाडी बुट्यान क्षेत्रको संरक्षण एवं व्यवस्थापन | हरियाली प्रवर्द्धन | ०८२/८३–०८२/८३ | २०० | वन तथा झाडीबुट्यान क्षेत्रको संरक्षण एवं व्यवस्थापन भएको हुने |
| ५ | महत्वपूर्ण तथा संवेदनशील क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरी संरक्षण | वातावरण संरक्षण | ०८३/८४–०८३/८४ | ४०० | महत्वपूर्ण तथा संवेदनशील क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरी संरक्षण भएको हुने |
| ६ | पर्वतीय क्षेत्रको पर्यावरण, जलाधार, सिमसार, जैविक विविधताको संरक्षण, अध्ययन तथा अनुगमन | पर्यावरण संरक्षण | साल बसाली | ३५० | पर्वतीय क्षेत्रको पर्यावरण, जलाधार, सिमसार, जैविक विविधताको संरक्षण, अध्ययन तथा अनुगमन भएको हुने |
| ७ | नदीको स्वच्छता कायम र हरियाली विस्तार | हरियाली प्रवर्द्धन | साल बसाली | ३०० | नदीको स्वच्छता कायम र हरियाली विस्तार भएको हुने |
| ८ | घरायसी फोहोर तथा जैविक फोहोरलाई मलमा रुपान्तरण गर्न प्रोत्साहन | फोहोरमैलाको उचित व्यवस्थापन | ०८२/८३–०८३/८४ | १५० | घरायसी फोहोर तथा जैविक फोहोरलाई मलमा रुपान्तरण गर्न प्रोत्साहन भएको हुने |
| ९ | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | फोहोरमैला व्यवस्थापन | ०८२/८३–०८३/८४ | ८०० | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण भएको हुने |
| १० | वैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | परम्परागत उर्जाको प्रयोगलाई क्रमिक निरुत्साहन | ०८२/८३–०८३/८४ | ७०० | वैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान प्रदान गरिएको हुने |

### ६.४.६ जोखिम पक्ष तथा अनुमान

भू–उपयोग नीति अनुसार उद्योगको स्थापना, पर्यावरणमैत्री बालीनाली उत्पादन, भौतिक निर्माण सम्बन्धी विकासका कार्य सञ्चालन गर्दा दीर्घकालीन वातावरणीय प्रभावको अध्ययन, औद्योगिक, अस्पतालजन्य, मानवजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन तथा मृत जनावरको उचित व्यवस्थापन भएमा वातावरण संरक्षण हुन सक्ने अनुमान गर्न सकिन्छ भने वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा

खानीजन्य पदार्थको अधिक दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम रहन्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **वन तथा भू–संरक्षण** | | | | |
| | असर | वनले ओगटेको कुल क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१) | प्रतिशत | ५७.७५*** | ६० |
| | असर | सामुदायिक वनले ओगटेको क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१.१) | प्रतिशत | | |
| | प्रतिफल | बृक्षारोपण गरिएको क्षेत्र (प.दि.वि.ल. १५.२.१.२) | हेक्टर | | |
| | प्रतिफल | वनस्पति उद्यान | संख्या | | |
| | असर | वैज्ञानिक व्यवस्थापन प्रणाली लागु वनको क्षेत्र | प्रतिशत | | |
| | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र | प्रतिशत | | |
| | असर | मिचाहा प्रजातिका बिरुवाहरुले ओगटेको वनको क्षेत्र (प्रतिशत) | प्रतिशत | | |
| | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरु | प्रतिशत | | |
| | असर | अनुत्पादक झाडी, बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र | | | |
| | असर | संकटापन्न घोषणा भएका वनस्पतिको संख्या | प्रतिशत | | |
| | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | प्रतिशत | | |
| | प्रतिफल | सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | संख्या | | |
| | असर | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू–संरक्षण गरिएका स्थानहरूको संख्या | प्रतिशत | | |
| २. | **जलाधार व्यवस्थापन** | | | | |
| | असर | ताल, सिमसार र तलाउ/पोखरीहरुको संख्या (प.दि.वि.ल. १५.१.२.२) | प्रतिशत | | |
| | असर | संकटासन्न तालहरु/पोखरीहरु (प.दि.वि.ल. १५.४.१.१) | प्रतिशत | | |
| | प्रतिफल | संरक्षित सिमसार क्षेत्र | संख्या | | |
| | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | | |
| | प्रतिफल | परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | | |
| | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरुको संख्या | संख्या | ११** | १३ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका नदीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | | |
| | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जल क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | | |
| ३. | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या (प.दि.वि.ल. ११.५.१.१) | संख्या | | |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या (प.दि.वि.ल. ११.५.१.२) | संख्या | | |
| | असर | विपद् बाट प्रभावित घरपरिवार | प्रतिशत | | |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको संख्या | संख्या | | |
| | प्रतिफल | दमकल संख्या | संख्या | १** | २ |
| | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | | |
| | प्रतिफल | विपद् पूर्व संकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | | |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | प्रतिशत | २५** | ३५ |
| | असर | नक्शा पास गरेर बनाइएका घरहरुको | प्रतिशत | ५** | ११ |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या (प.दि.वि.ल. १३.२.१) | संख्या | | |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | | |
| | असर | जलवायु परिवर्तन सम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या (प.दि.वि.ल. १३.३.१.१) | प्रतिशत | | |
| | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | | |
| ४. | **वातावरण संरक्षण** | | | | |
| | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | | |
| | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | | |
| | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | | |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय (**)*

*स्रोतः भु–उपयोग तथ्याङ्कमा आधारित (***)*

# परिच्छेद – ७: संस्थागत विकास सेवा प्रवाह तथा

## ७.१ सुशासन तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

नगरपालिकाबासीलाई चुस्त, पारदर्शी तथा सुविधाजनक सेवा प्रवाह गर्नु नगरपालिकाको पहिलो दायित्व हो । सही सूचना तथा जानकारी प्राप्त नहुँदा सेवाग्राहीले पटक पटक दुःख पाउने अवस्था आउँछ भने पालिकाप्रति जनविश्वास पनि घट्न जान्छ । नगरपालिकाले कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ ।

नगरपालिकाले सुशासन तथा सेवा प्रवाहका क्षेत्रमा नगर प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा स्वच्छ, परिणाममूखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउँदै लैजाने, नगरपालिकाको सेवा प्रवाह र विकास निर्माण सम्बन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई, वार्षिक कार्यक्रम तथा बजेटको वार्षिक प्रगति समीक्षा गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी–कर्मचारीबिच तथा कर्मचारी र पदाधिकारीबिच कार्यसम्पादन करार गरी कार्यान्वयन गर्ने, स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि (LISA) को मूल्याङ्कनमा राम्रा देखिएका सूचकहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने सूचकहरुको सुधार सहित निरन्तरता दिने, नगर क्षेत्रभित्र सञ्चालित आयोजनाहरुको सार्वजनिक परीक्षण र नगरपालिकाको सामाजिक परीक्षण गरी नगरपालिकालाई पारदर्शी तथा उत्तरदायी बनाउने लगायतका नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

### ७.१.२ समस्या तथा चुनौती

प्रशासनिक र वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्नु, निर्वाचित र मनोनित पदाधिकारी तथा कर्मचारीको आचरण र अनुशासन कायम गर्नु, सेवा प्रवाह सरल, सुलभ र गुणस्तरीय बनाउनु, नागरिक शिक्षा र राजनीतिक चेतनाको विकास र विस्तार गर्नु, विविधता, प्रविधिमैत्री र समावेशी शासनको प्रवर्द्धन तथा सहभागितात्मक शासन पद्धतिको अवलम्बन गर्नु चुनौतीपूर्ण कार्यको रुपमा रहेको छ ।

### ७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| संस्थागत सुदृढिकरण र सुशासन सहितको नगरपालिका |
| **लक्ष्य** |
| सेवा प्रवाहमा संस्थागत सवलिकरण गर्दै स्थानीय सुशासनको सुनिश्चितता गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ संस्थागत विकासद्वारा स्थानीय जनतालाई छिटो, छरितो र प्रभावकारी सेवा तथा सुविधा प्रदान गर्ने ।<br>✓ स्थानीयस्तरमा सेवा प्रवाह समावेशी, समन्यायिक, नतिजामूलक र प्रभावकारी बनाउने ।<br>✓ मानवीय संसाधन समुचित व्यवस्थापन र परिचालन गर्नु । |

## ७.१.४ रणनीति

१. समावेशी तथा समन्यायिक विकासका लागि आवश्यक कानूनी र संस्थागत आधार तयार गर्ने ।

२. नगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक व्यवस्था गर्ने ।

## ७.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | सेवा प्रवाहको प्रभावकारिता मापन | साल बसाली | ८०० | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण भएको हुने |
| २ | वार्षिक कार्यक्रम तथा बजेट बनाउँदा पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिने र मूल्याङ्कन | लक्षित वर्गलाई प्रोत्साहन | ०८२/८३-०८४/८५ | ८०० | वार्षिक कार्यक्रम तथा बजेट बनाउँदा पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिने र मूल्याङ्कन गरिएको हुने |
| ३ | सेवा प्रवाह सम्बन्धी कानून निर्माण | प्रभावकारी सेवा प्रवाह | ०८२/८३-०८२/८३ | ३०० | सेवा प्रवाह सम्बन्धी कानून निर्माण भएको हुने |
| ५ | घुम्ती स्थानीय सरकार कार्यक्रम | सार्वजनिक सेवामा सहज पहुँच | साल बसाली | १५०० | घुम्ती स्थानीय सरकार कार्यक्रम संचालन भएको हुने |
| ६ | सूचना प्रविधि पूर्वाधार खरिद | सेवा प्रवाह छिटो, छरितो | ०८२/८३-०८२/८३ | १००० | सूचना प्रविधि पूर्वाधार खरिद भएको हुने |
| ७ | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार | सहज, सुलभ र भरपर्दो इन्टरनेट सेवा | साल बसाली | ६०० | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार भएको हुने |
| ८ | आवश्यकताका आधारमा वडा भवन डिपिआर तयारी | भवन निर्माण | ०८२/८३-०८२/८३ | १६०० | वडा भवन डिपिआर तयारी भएको हुने |
| ९ | स्थानीय सरकार रेडियो कार्यक्रम | सार्वजनिक सूचना र कामकारबाही बारे जानकारी प्रदान | ०८२/८३-०८२/८३ | ५०० | स्थानीय सरकार रेडियो कार्यक्रम संचालन भएको हुने |

## ७.१.६ जोखिम पक्ष तथा अनुमान

विकासको प्रतिफल समावेशी र समन्यायिक तवरबाट वितरण गर्न, लक्षित वर्गमा परिवर्तनको महशुस गराउन, समाजमा प्रणाली, शौहार्दता र सद्भाव कायम गर्न सुशासनको महत्वपूर्ण भूमिका हुन्छ । नैतिक

मूल्य मान्यताको स्खलन, भ्रष्टाचार, वित्तीय विश्रृङ्खलता, अपारदर्शीता, दण्डहीनता, जनउत्तरदायी व्यवहार, जनगुनासोको सम्बोधन गर्ने संयन्त्रको अभावमा सार्वजनिक प्रशासनलाई क्षयीकरण गर्ने, विकृति मौलाउने, समाजमा धनी र गरीब बिचको असमानता अझ गहिरो हुँदै जाने जोखिम रहन्छ ।

## ७.२ मानव अधिकार तथा सामाजिक न्याय

### ७.२.१ पृष्ठभूमि

मानवियता, मानवहित र सामाजिक न्यायका निम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकता बारे ज्ञान हुनुपर्दछ । आधारभूत तहमा मौलिक हकको रुपमा नेपालको संविधानले प्रत्याभूत गरेका मानवअधिकार उपभोगको सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरू जस्तै प्रशासन, प्रहरी र राज्यका संवैधानिक अंगहरू जस्तै न्यायालय, मानव अधिकार आयोग, स्थानीय न्यायिक समिति आदि हुन् । स्थानीय सरकारको प्रमुख दायित्व अन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नु पर्ने भएकोले स्थानीय विकास योजनाका यी विषयको सम्बोधन गरिएको छ ।

### ७.२.२ समस्या तथा चुनौती

अशिक्षा, अज्ञानता र पछौटेपन लगायतका सामाजिक कु–संस्कार, गरिबी, दण्डहिनता, राजनीतिक र नागरिक चेतनाको अभाव, न्यायमा पहुँच लगायतका विषय मानव अधिकार तथा सामाजिक न्यायको स्थापनाको क्षेत्रमा समस्या र चुनौतीका रुपमा रहेका छन् ।

### ७.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामाजिक न्यायपूर्ण समाजको निर्माण |
| **लक्ष्य** |
| मानव अधिकार उल्लङ्घनका घटनाहरुमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु । |

### ७.२.४ रणनीति

१. मानव बेचविखन तथा शोषणका दृष्टिकोणले संवेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र सशक्तिकरण गर्ने ।

### ७.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | जोखिम समूह र व्यक्तिको पहिचान | संरक्षणका उपाय अवलम्बन | ०८२/८३-०८२/८३ | ६०० | जोखिम समूह र व्यक्तिको पहिचान |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २. | सामाजिक सञ्जाल तथा स्थानीय सञ्चार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम | मनवता विरोधी घटनाको न्यूनीकरण | साल बसाली | ५०० | सामाजिक सञ्जाल तथा स्थानीय सञ्चार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम |
| ३. | वडास्तरीय मानव अधिकार सेल गठन | मानव अधिकारको संरक्षण | ०८२/८३-०८२/८३ | ६०० | वडास्तरीय मानव अधिकार सेल गठन भएको हुने |
| ४. | आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम | आर्थिक सशक्तिकरण | साल बसाली | ६०० | आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम संचालन भएको हुने |
| ५. | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल अभिमूखीकरण | मनवअधिकार हननका घटना प्रति संवेदनशिलता वृद्धि | ०८२/८३-०८२/८३ | ५०० | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न अभिमूखीकरण भएको हुन |
| ६. | निशुल्क कानूनी परामर्श सेवा सञ्चालन | सुलभ र प्रभावकारी कानूनी सेवा | ०८२/८३-०८२/८३ | ६०० | निशुल्क कानूनी परामर्श सेवा सञ्चालन भएको हुन |

### ७.२.६ जोखिम पक्ष तथा अनुमान

मानवअधिकार अभावमा विकासको कुनै पनि उपलब्धिको मुल्य र महत्व रहदैन् । सामाजिक वर्ग विभेद, जात व्यवस्था, लैङ्गिक असमानता, यौनिक र अल्पसंख्यक मानिसको पहिचानको अभाव, कानूनको व्यक्ति जनित व्याख्या र कार्यान्यवनले आधारभूत मानव अधिकारको उल्लङ्घन हुने जोखिम रहन्छ । विकास योजना निर्माण, नीति तथा कार्यक्रम तर्जुमा, लक्षित वर्ग कार्यक्रम कार्यान्वयन जस्ता आधारभूत पक्षमा सरोकारवाला पक्षको आवाज, प्रतिनिधित्व र पहिचानको सम्बोधन हुन सकेमा मात्र मानव अधिकारको संरक्षण हुन्छ ।

## ७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । यसका लागि वस्तुनिष्ठ र विश्वसनीय सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ । अर्कोतर्फ राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ । यी पक्षहरुलाई ध्यानमा राखी तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ ।

## ७.३.२ समस्या तथा चुनौती

सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउन भरपर्दो तथ्याङ्क प्रणालीको आवश्यकता पर्दछ । विश्वसनीय तथ्याङ्क प्रणालीको विकासको लागि चाहिने नीतिगत, संस्थागत र मानवीय प्रबन्धका लागि पर्याप्त लगानी, राजस्वको क्षेत्र पहिचान, चुस्त र प्रविधिमा आधारित लेखा र लेखापरीक्षण प्रणाली, वित्तीय सुशासन कायम यो क्षेत्रको चुनौतीको रुपमा रहेको छ ।

## ७.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| दिगो सूचना अभिलेख तथा वित्तीय व्यवस्थापन |
| **लक्ष्य** |
| सूचना प्रविधिको प्रयोगमार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने । |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय सरकारसँग सम्बन्धित महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउँदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु ।<br>✓ प्रविधिमैत्री वातावरण निर्माण गर्नु । |

## ७.३.४ रणनीति

१. सुदृढ अभिलेख प्रणालीको विकास गर्ने ।

२. आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने ।

## ७.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क तथा सूचना इकाई गठन | विश्वसनीय सूचना तथा तथ्याङ्कको उत्पादन | ०८२/८३-०८२/८३ | ३० | तथ्याङ्क तथा सूचना इकाइ गठन भएको हुने |
| २. | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद | प्रविधिमा आधारित अभिलेख | ०८२/८३-०८२/८३ | १५०० | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद भएको हुने |
| ३. | सार्वजनिक खर्चको मापदण्ड निर्माण | कानून बमोजिमको सार्वजनिक खर्च | ०८२/८३-०८२/८३ | ३०० | सार्वजनिक खर्चको मापदण्ड निर्माण भएको हुने |
| ४. | अनुगमन वार्षिक कार्ययोजना तयारी | प्रणालीबद्ध अनुगमन | ०८२/८३-०८२/८३ | ३०० | अनुगमन वार्षिक कार्ययोजना तयारी भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५. | करदाता शिक्षा कार्यक्रम | कर सम्बन्धी सचेतना वृद्धि | साल बसाली | ३०० | करदाता शिक्षा कार्यक्रम संचालन भएको हुने |
| ६. | राजश्व सुधार कार्ययोजना निर्माण | राजश्व संकलनमा सुधार | ०८३/८४-०८३/८४ | ३०० | राजश्व सुधार कार्ययोजना निर्माण भएको हुने |
| ७. | ठूला करदाता सम्मान | कर तिर्न प्रोत्साहन | साल बसाली | ३०० | १० जना ठूला करदाता सम्मानित भएको हुने |
| ८. | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान | औपचारिक कारोबारलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | १३५० | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान प्रदान भएको हुने |
| ९. | पालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली निर्माण | पारदर्शी आर्थिक प्रणाली | साल बसाली | ६०० | पालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली निर्माण भएको हुने |

## ७.३.६ जोखिम पक्ष तथा अनुमान

तथ्याङ्कमा आधारित योजना प्रणाली र अनुशासित विनियोजन र खर्च प्रणाली अवलम्बन गरिएमा सार्वजनिक वित्त प्रणाली स्वस्थ बन्न सक्छ । तथ्याङ्क प्रणाली र स्वस्थ सार्वजनिक वित्त व्यवस्थापन निर्माणका लागि समयमा पर्याप्त लगानी गर्न नसकिएमा कुनै पनि उत्कृष्ट योजना/आयोजना कार्यान्वयन नहुने जोखिम रहन्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१.** | **सुशासन तथा सेवा प्रवाह** | | | | |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | | |
| | प्रतिफल | सार्वज्निक सुनुवाई | संख्या | | |
| | प्रतिफल | अनुगमन | संख्या | | |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | | |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | | |
| | प्रतिफल | न्यायिक समितिबाट फस्र्यौट मुद्दा संख्या (वार्षिक) | संख्या | | |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | | |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | संख्या | | |
| | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमूखीकरण | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | सूचना प्रविधिमा आबद्ध सूचना संख्या | संख्या | | |
| | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | | |
| | प्रतिफल | निजी क्षेत्र अन्तरक्रिया | संख्या | | |
| **२.** | **मानव अधिकार तथा सामाजिक न्याय** | | | | |
| | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | संख्या | | |
| | प्रतिफल | मानव अधिकार सेल संख्या | संख्या | | |
| | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | संख्या | | |
| | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका | संख्या | | |
| | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | संख्या | | |
| | प्रतिफल | निशुल्क कानूनी परामर्शबाट दर्ता भएका मुद्धा संख्या | संख्या | | |
| | प्रतिफल | यौन हिंसाका घटना (दर्ता संख्या) | संख्या | | |
| | प्रतिफल | मानव बेचविखनमा परेका संख्या | संख्या | | |
| **३.** | **तथ्याङ्क व्यवस्थापन राजश्व परिचालन** | | | | |
| | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आबद्ध सूचना प्रणाली संख्या | संख्या | | |
| | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | संख्या | | |
| | असर | कूल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा | प्रतिशत | | |
| | असर | कूल स्वीकृत बजेटको खर्च प्रतिशत (वार्षिक) | प्रतिशत | | |
| | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | संख्या | ३५१** | ४१० |
| | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | संख्या | | |

***स्रोतः नगर कार्यपालिकाको कार्यालय (**)***